# नेपाली साहित्यमा 'छहरा' पत्रिकाको योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तहको

दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


**शोधार्थी**

राजेन्द्र गौतम

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं


२०६९

# निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका विद्यार्थी राजेन्द्र गौतमले **नेपाली साहित्यमा 'छहरा' पत्रिकाको योगदान** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको यस कार्यप्रति म पूर्णतः सन्तुष्ट छु । अतः प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

.....................................................

सह-प्राध्यापक डा.गोपीन्द्र पौडेल

**शोधनिर्देशक**

# कृतज्ञता

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनार्थ तयार पारिएको हो । यस शोधपत्रको पूर्णताका लागि आवश्यक सल्लाह सुझाव दिएर प्रभावकारी निर्देशन दिंदै निरीक्षण र परिमार्जन गरी दिनु हुने आदरणीय गुरु सह-प्राध्यापक डा. गोपीन्द्र पौडेलप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोधकार्यका लागि शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. देवी प्रसाद गौतमप्रति कृतज्ञ छु ।

यस शोधकार्यमा आवश्यक सल्लाह सुझाब दिनु हुने नारायण प्रसाद शर्मा, अमर गिरीका साथै **छहरा** पत्रिकाका अधिकांश अङ्क उपलब्ध गराइदिनुका साथै सल्लाह सुझाव दिएर सहयोग गर्नु हुने आदरणीय व्यक्तित्व नित्यानन्द शर्माप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी यस शोध कार्यमा सल्लाह सुझाब दिनुहुने टीकाराम उदासीप्रति कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधपत्र टाइप गरी सहयोग गर्ने प्रिय भाइ किरण गौतम र सामग्री सङ्कलनमा सहयोग गर्ने प्रिय भाइ रविचन्द्र शर्माप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेश गर्दछु ।

......................................

**शोधार्थी**

राजेन्द्र गौतम

# विषय सूची

## परिच्छेद-एक

## शोध परिचय


१.१ विषय परिचय १

१.२ समस्या कथन १

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्य समीक्षा २

१.५ अध्ययनको औचित्य ३

१.६ अध्ययनको सीमा ४

१.७ सामग्री सङ्कलन विधि ४

१.८ शोधको सैद्धान्तिक आधार ४

१.९ शोधपत्रको रुपरेखा ४


## परिच्छेद-दुई

## दाङका साहित्यिक पत्रपत्रिकाको सर्वेक्षण


२.१ विषय प्रवेश ५

२.२. दाङमा पत्रपत्रिका प्रकाशनको परम्परा र चरण विभाजन ६

२.२.१ पहिलो चरण ७

२.२.२ दोस्रो चरण ८

२.२.३ तेस्रो चरण १०

२.३ निष्कर्ष १८

## परिच्छेद-तीन

# 'छहरा'मा प्रकाशित सामग्रीको कालक्रमिक विवरण


३.१ विषय प्रवेश २०

३.२ **छहरा**मा प्रकाशित रचनाको विवरण २०

३.३ निष्कर्ष ६३


## परिच्छेद-चार

# 'छहरा'मा प्रकाशित पद्य रचनाको विश्लेषण


४.१ विषय प्रवेश ६४

४.२ विश्लेषणका आधारहरु ६५

४.३ विषयवस्तु तथा प्रवृत्तिका आधारमा **छहरा**मा प्रकाशित पद्य रचनाको विश्लेषण ६५

४.३.१ देशप्रेम तथा प्रकृति प्रेमको प्रस्तुति ६५

४.३.२ परिवर्तनधर्मी चेतनाको अभिव्यञ्जना ६७

४.३.३ सामाजिक, राजनीतिक एवम् आर्थिक विकृति र विसङ्गतिको चित्रण ७१

४.३.४ प्रणय भावको अभिव्यञ्जना ७६

४.३.५ स्तुतिपरक अभिव्यक्ति ७९

४.४ शिल्प संरचनाका आधारमा **छहरा**मा प्रकाशित पद्य रचनाको विश्लेषण ८०

४.४.१ शीर्षक सार्थकता ८१

४.४.२ संरचना ८२

४.४.३ लय विधान ८२

४.४.४ भाव विधान ८३

४.४.५ कथन पद्धति ८३

४.४.६ अलङ्कार र विम्ब विधान ८४

४.४.७ व्यञ्जना विधान ८४

४.४.८ भाषाशैली ८५

४.५ निष्कर्ष ८५

## परिच्छेद-पाँच

# 'छहरा'मा प्रकाशित गद्य रचनाको विश्लेषण


५.१ विषय प्रवेश ८६

५.२ विश्लेषणका आधारहरू ८७

५.३ विषयवस्तुगत प्रवृत्तिका आधारमा **छहरा**मा प्रकाशित कथाको विश्लेषण ८७

५.३.१ यथार्थको अभिव्यञ्जना ८७

५.३.२ आर्थिक, सामाजिक जीवनका विकृति र विसङ्गतिको प्रस्तुति ८९

५.३.३ प्रणय भावको प्रस्तुति ९०

५.४ शिल्प संरचनाका आधारमा **छहरा**मा प्रकाशित कथाको विश्लेषण ९१

५.४.१ कथानक ९१

५.४.२ पात्र वा चरित्र ९२

५.४.३ परिवेश ९२

५.४.४ संवाद/कथोपकथन ९३

५.४.५ उद्देश्य ९३

५.४.६ भाषाशैली ९४

५.५ विषयवस्तुगत प्रवृत्तिका आधारमा **छहरा**मा प्रकाशित नाटकको विश्लेषण ९४

५.६ शिल्प संरचनाका आधारमा **छहरा**मा प्रकाशित नाटकको विश्लेषण ९६

५.६.१ कथावस्तु ९६

५.६.२ चरित्र/पात्रविधान ९६

५.६.३ संवाद ९७

५.६.४ देशकाल वातावरण ९७

५.६.५ उद्देश्य ९८

५.६.६ भाषाशैली ९८

५.७ विषयवस्तुगत प्रवृत्तिका आधारमा **छहरा**मा प्रकाशित आख्यानेतर गद्यको विश्लेषण ९९

५.७.१ देशभक्तिपूर्ण भावनाको प्रस्तुति ९९

५.७.२ नैतिक मूल्य संरक्षणको आग्रह १००

५.७.३ प्रणयाभिव्यक्ति १०२

५.८ शिल्प संरचनाका आधारमा **छहरा**मा प्रकाशित आख्यानेतर गद्य रचनाको विश्लेषण १०३
५.८.१ विषयवस्तु १०३
५.८.२ उद्देश्य १०४
५.८.३ भाषाशैली १०४
५.९ नेपाली साहित्यमा **छहरा** पत्रिकाको योगदान १०५
५.१० निष्कर्ष १०६

## परिच्छेद-छ
# उपसंहार र निष्कर्ष

६.१ उपसंहार १०७
६.२ निष्कर्ष ११०
सन्दर्भग्रन्थ सूची ११२

# स्वीकृति पत्र

राजेन्द्र गौतमले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनार्थ तयार पारेको **नेपाली साहित्यमा छहरा पत्रिकाको योगदान** शीर्षकको शोधपत्र सोही प्रयोजनका निमित्त स्वीकृत गर्दछौँ ।

विभागीय प्रमुख : प्रा.डा. देवी प्रसाद गौतम ....................................

शोध निर्देशक : सह प्रा.डा. गोपीन्द्र पौडेल .....................................

बाह्य परिक्षक : अमर गिरी ..........................................

मिति : २०६९/०५/०७

# परिच्छेद-एक

# शोध परिचय

## १.१ विषय परिचय

नेपाली साहित्यको श्रीवृद्धिमा पत्रपत्रिकाको योगदान अत्यन्त महत्त्वपूर्ण देखिन्छ । नेपाली साहित्यलाई प्रकाशनका अवस्थामा पुऱ्याई ऐतिहासिक कदम उठाएका युवा कवि मोतीराम भट्टको सम्पादनमा १९४३ सालमा प्रकाशित **गोरखा भारत जीवन** नेपाली पत्रिकाको इतिहासमा प्रारम्भिक साँध मानिन्छ । यहीबाट थालिएको पत्रिका प्रकाशनको सिलसिलालाई गति दिने काम देशभित्र र बाहिरबाट प्रकाशित भएका विभिन्न पत्रिकाहरूले गरेका छन् । **सुधा सागर**, **गोरखापत्र**, **उपन्यास तरङ्गिनी**, **सुन्दरी**, **माधवी**, **गोर्खाली**, **जन्मभूमि**, **गोर्खासंसार**, **नेपाली साहित्य सम्मेलन**, **शारदा**, **युगवाणी** जस्ता पत्रिकाले नेपाली साहित्यको उन्नयनमा पुऱ्याएको योगदान स्मरणीय छ । प्रजातन्त्रको स्थापना भई सकेपछि स्वतन्त्र भएका सर्जक/श्रष्टाहरूले पत्रिका प्रकाशनलाई अझ तिब्रता दिए र देशभित्रै पनि राजधानी बाहिरका विभिन्न स्थानबाट पत्रिका प्रकाशित हुन थाले । राणा शासनको पतन पश्चात् प्राप्त अभिव्यक्तिगत स्वतन्त्रताले पत्रपत्रिका प्रकाशनमा अझ टेवा पुऱ्याएको मान्न सकिन्छ । यही सिलसिलामा दाङका केही जागरुक युवा विद्यार्थीहरूले पनि अध्ययनार्थ भारतका विभिन्न स्थानमा रहँदा पत्रिका प्रकाशित गरेका पाइन्छ । **विप्लव**, **सन्देश**जस्ता पत्रिका भारतीय भूमिबाट निस्केपछि २०१५ सालमा घोराहीको पद्मोदय पब्लिक हाइस्कुलले आफ्नो प्रकाशन **प.प. हाइस्कुल** पत्रिका प्रकाशित गऱ्यो र दङाली भूमिबाट नै पत्रिका प्रकाशनको यात्रा आरम्भ भयो ।

दाङको सन्दर्भमा पत्रिका प्रकाशनको डेढ दशक बढी कालावधि बितिसकेपछि महेन्द्र क्याम्पसले आफ्नो वार्षिक मुखपत्र **छहरा** प्रकाशन गर्न थालेको पाइन्छ । त्रिभुवन विश्वविद्यालयद्वारा आङ्गिक सम्बन्धन प्राप्त राप्ती अञ्चलकै पहिलो र एकमात्र क्याम्पस महेन्द्र क्याम्पसबाट २०३० सालमा प्रकाशन आरम्भ भएको **छहरा** वार्षिक पत्रिकाका हालसम्म १७ अङ्क प्रकाशित छन् । प्रारम्भमा विद्यार्थी परिषद्को प्रकाशनमा प्रकाशित यस पत्रिकाको प्रकाशक संस्थाका रूपमा २०३७ सालको छैठौँ अङ्कदेखि उक्त क्याम्पसको स्ववियु रहेको छ । यसरी प्रकाशनको सिलसिला आरम्भ गरेको प्रस्तुत पत्रिकाले साहित्यका प्रायजसो विधालाई समेटेको पाइन्छ । दाङका साहित्यिक पत्रिकाको ऐतिहासिक सर्वेक्षण गरी **छहरा** पत्रिकाका प्रकाशित अङ्कहरूमा समाविष्ट विधाहरूको अध्ययन र नेपाली साहित्य लेखन परम्परामा यस पत्रिकाले पुऱ्याएको योगदानको निर्धारण गर्नु यस शोधकार्यको मुख्य विषय रहेको छ ।

## १.२ समस्या कथन

साहित्यको विस्तारमा लोक परम्परा, ग्रन्थ, कृति र पत्रपत्रिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली साहित्यको विकासमा **छहरा** पत्रिकाले पनि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नेपाली साहित्यका विभिन्न विधा कथा, कविता, नाटक निबन्ध आदिलाई यस पत्रिकाले प्रकाशित गर्दै आएको छ । साहित्यका यी विविध विधालाई समेटेर साहित्यको विकासमा

महत्त्वपूर्ण भूमिका निर्वाह गरेको यस पत्रिकाको बारेमा हालसम्म कुनै पनि खोज तथा अनुसन्धान भएको छैन । यस क्षेत्रका र राष्ट्रिय स्तरका स्रष्टाका रचनाहरू प्रकाशित गरेको यस पत्रिका भित्रका समग्र रचनाहरूको अध्ययन हुन सकेको छैन । यस पत्रिकाका हालसम्म प्रकाशित रचनाहरूको अध्ययन नै यस शोध कार्यको मूल समस्या रहेको छ । दाङका साहित्यिक पत्रिकाको ऐतिहासिक सर्वेक्षण, **छहरा** पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण, साहित्यिक योगदानसँग सम्बन्धित समस्याहरू नै यस शोधकार्यका समस्याहरू हुन् । यो शोधकार्य तल उल्लिखित समस्याहरूमा केन्द्रित रहेर सम्पन्न भएको छ :

(क) दाङमा साहित्यिक पत्रिकाको आरम्भ र विकासको स्थिति के कस्तो रहेको छ ?

(ख) **छहरा** पत्रिकामा के कस्ता र के कति लेख रचना प्रकाशित भएका छन् ?

(ग) **छहरा** पत्रिकामा प्रकाशित रचनाहरूको विश्लेषण, मूल्याङ्कन कसरी गर्न सकिन्छ र

(घ) **छहरा** पत्रिकाले नेपाली साहित्यमा के कस्तो योगदान पुऱ्याएको छ ?

## १.३ शोधको उद्देश्य

यस शोधकार्यको प्रमुख उद्देश्य दाङका साहित्यिक पत्रिकाको ऐतिहासिक सर्वेक्षण र **छहरा** पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको निरूपण र मूल्याङ्कन गर्नु रहेको छ । **'नेपाली साहित्यमा छहरा पत्रिकाको योगदान'** शीर्षकमा गरिएको यस शोध कार्यका माथि उल्लिखित समस्या बमोजिम निम्नलिखित उद्देश्य रहेका छन् :

(क) दाङका साहित्यिक पत्रिकाको आरम्भ र विकासको स्थिति पहिल्याउनु,

(ख) **छहरा** पत्रिकामा प्रकाशित लेख रचनाहरूको सर्वेक्षण तथा विवरण प्रस्तुत गर्नु,

(ग) **छहरा** पत्रिकामा प्रकाशित रचनाहरुको विश्लेषण तथा मूल्याङ्कन गर्नु र

(घ) **छहरा** पत्रिकाले नेपाली साहित्यमा दिएको योगदानको निरुपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

केशव सुवेदी (२०५३) ले 'रापतीका कविता : पृष्ठभूमि र परम्परा'मा **मध्यपश्चिमका कविता** भित्र कविता विधामा दाङका पत्रपत्रिकाले पुऱ्याएको योगदानको बारेमा चर्चा गरेका छन् । त्यसैगरी उनले **छहरा** पत्रिकाको प्रकाशन आरम्भको सन्दर्भ प्रस्तुत गर्दै यस पत्रिकाले नयाँ पुस्ता निर्माण गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको छ भनी उल्लेख गरेका छन् ।

अनजान यात्री (२०५३) ले 'इतिहासदेखि वर्तमानसम्म एक अन्वेषण' शीर्षकको **छहरा** वर्ष १२, अङ्क १२ मा प्रकाशित लेखमा **छहरा** पत्रिकाको आरम्भ र प्रकाशन सिलसिलाका बारेमा उल्लेख गरेका छन् । प्रस्तुत लेखमा यात्रीले **छहरा** पत्रिकाबाट सिर्जना यात्रा आरम्भ गरेर सिर्जनामा क्रियाशील स्रष्टा र यस पत्रिका भित्रका राष्ट्रिय स्तरका स्रष्टाका नामोल्लेख गरेका छन् । त्यसै गरी प्रस्तुत पत्रिका भित्रका रचनाहरूले उठाएका केही सन्दर्भलाई समेत प्रस्तुत गरेका छन् ।

टीकाराम उदासी (२०५९) ले **छहरा** भित्रका नारी स्रष्टाहरू शीर्षकको **छहरा** वर्ष १५, अङ्क १५ मा प्रकाशित लेखमा **छहरा**को दोस्रो अङ्कलाई अप्राप्य भन्दै तेस्रो अङ्कदेखि बाह्र अङ्कसम्मका बयासी जना नारी स्रष्टाको विवरणात्मक सूची प्रस्तुत गरेका छन् । उदासीको यही लेख **राप्ती समाचार** वर्ष २५, अङ्क १५ र वर्ष २५ अङ्क १६ मा पनि प्रकाशित भएको देखिन्छ ।

उदय जी.एम. (२०६१) ले 'दाङ जिल्लामा पत्रकारिताको इतिहास' शीर्षकको **चौथो अङ्ग** वर्ष ४, अङ्क ४ मा प्रकाशित लेखमा २०१४ सालको **सन्देश**लाई पहिलो पत्रिका भन्दै दाङ जिल्लाको पत्रकारिताको सङ्क्षिप्त इतिहास प्रस्तुत गरेका छन् ।

टीकाराम उदासी (२०६६) ले 'राप्तीको साहित्यिक पत्रकारिता : स्थिति र चुनौतीहरू' **राप्ती दूत** वर्ष ३२, पूर्णाङ्क ९ मा समग्र राप्ती अञ्चलकै पत्रकारिताको सन्दर्भ उठाएका छन् र चुनौतीको उल्लेख गरेका छन् ।

टीकाराम उदासी (२०६७) ले 'मगरहरू खोज्दैजाँदा', **राप्ती समाचार** वर्ष २५, अङ्क ११ मा **छहरा** पत्रिकाको दोस्रो अङ्कलाई अप्राप्य भन्दै २०५३ को बाह्रौं अङ्कसम्मका **छहरा** भित्रका १४ मगर स्रष्टाहरूको नामिक सूची प्रस्तुत गरेका छन् ।

दाङको पत्रकारिता र **छहरा** पत्रिकाका बारेमा लेखिएका विभिन्न लेखकहरूका विभिन्न लेखहरू प्रस्तुत शोधकार्यका लागि सहयोगी सिद्ध हुनेछन् । यद्यपि यस शोधकार्यका लागि प्रस्तुत शोध समस्याको समाधान ती लेखहरूबाट हुन नसक्ने देखिन्छ ।

## १.५ अध्ययनको औचित्य

नेपाली पत्रिका प्रकाशनको झण्डै सात दशक समयावधि बिति सके पछि दाङका चेतनशील युवाहरू पनि पत्रिका प्रकाशनतर्फ पनि उद्यत भएको पाइन्छ । सन् १९५५ को मार्चमा अध्यनार्थ गोरखपुरमा रहेका दङाली युवा विद्यार्थीहरूले **विप्लव** प्रकाशित गरी दाङमा पत्रिका प्रकाशन आरम्भ गरेको पाइन्छ । प्रस्तुत पत्रिकाका कुनै अङ्क प्राप्त हुन नसके तापनि केही जानकार व्यक्ति र यसका सम्पादक तोयानाथ धितालसँगको अन्तर्वार्ताका आधारमा यो पत्रिकालाई पहिलो पत्रिका मान्नु पर्ने देखिन्छ । २०१४ सालमा बनारसबाट एकराज शर्माको सम्पादनमा निस्केको **सन्देश** प्रमाणिक रूपमा दाङको पहिलो पत्रिका र प्रकाशनका दृष्टिले दोस्रो पत्रिका मानिन्छ । दाङबाट नै २०१५ सालमा पद्मोदय पब्लिक हाइस्कुलबाट **प.प. हाइस्कुल** पत्रिका निस्केको पाइन्छ । तत्पश्चात् **मानसप्रभा**, **पराग**, **अन्तर्ध्वनि**, **गोचाली**जस्ता पत्रिकाहरू दाङबाट प्रकाशित भएका पाइन्छन् । भारतबाट र दाङबाट गरी आधा दर्जन जति पत्रिका प्रकाशित भइसकेको अवस्थामा घोराहीको महेन्द्र क्याम्पसबाट **छहरा** पत्रिकाको प्रकाशन आरम्भ भयो । नेपाली वाङ्मयका विभिन्न पाटाहरूलाई समावेश गरी प्रकाशित हुने **छहरा** पत्रिकाले नेपाली भाषा र साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगादन पुऱ्याउन सफल भएको देखिए पनि यस पत्रिकाको बारेमा कुनै चर्चा भएको पाइँदैन । यही अध्ययनको अभावलाई पुरा गर्ने दिशातर्फ प्रस्तुत शोधकार्य लक्षित रहेको छ । यसका साथै यस पत्रिकाको बारेमा जान्न चाहने पाठक वर्गका लागि यो शोधकार्य उपयोगी र महत्त्वपूर्ण हुने भएकाले यस अध्ययनको महत्त्व र उपयोगिता स्पष्टै देखिन्छ ।

## १.६ अध्ययनको सीमा

प्रकाशनको थालनीदेखि हालसम्म साढे तीन दशक बढी समयावधि पार गरि सक्दासम्म **छहरा** पत्रिकाका १७ अङ्क प्रकाशित भइसकेका छन् । प्रस्तुत पत्रिकाको प्रकाशनको सिलसिला खण्डित भए पनि चलिरहेकै देखिन्छ । यस पत्रिकाका केही अङ्कका एकपक्षीय अध्ययन भएको तर समग्र अध्ययन नभएको हुँदा हालसम्म प्रकाशित सम्पूर्ण पूर्णाङ्कहरूको अध्ययन नै प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने प्राथमिक सामग्रीको रूपमा सम्बद्ध पत्रिकाहरूलाई नै लिइएको छ । यसका लागि पुस्तकालयीय कार्य अवलम्बन गरिएको छ । यस अतिरिक्त आवश्यकता अनुसार जानकार तथा सम्बद्ध व्यक्तिहरू र विषय विज्ञहरूसँग परामर्शसमेत लिई सामग्री सङ्कलन गरिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोध विधि

प्रस्तुत शोधपत्र **छहरा** पत्रिकाको अध्ययन भएकाले सङ्कलित सामग्रीको अध्ययन गरी विवरणात्मक, वर्णनात्मक र विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । विधाहरूको पहिचान र ती विधाहरूको साहित्यिक मूल्यका आधारमा यो शोधपत्र तयार पारिएको छ । **छहरा**मा प्रकाशित रचनाहरुको विश्लेषणका सन्दर्भमा सम्बन्धित रचनाको विधा सिद्धान्तलाई आधार बनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित तथा व्यवस्थित रूपमा प्रस्तुत गर्नाका लागि विभिन्न परिच्छेदमा विभाजनगरिएको छ । यस अतिरिक्त अध्ययनको क्रममा आवश्यकता अनुसार उक्त परिच्छेदहरूमा थप शीर्षक तथा उपशीर्षकहरूको समेत व्यवस्था गरी अध्ययन गरिएको छ । यसको प्रमुख भागलाई निम्नलिखित ६ वटा परिच्छेदहरूमा वर्गीकरण गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : दाङका साहित्यिक पत्रपत्रिकाको सर्वेक्षण

तेस्रो परिच्छेद : **छहरा**मा प्रकाशित रचनाको कालक्रमिक विवरण

चौथो परिच्छेद : **छहरा**मा प्रकाशित पद्य रचनाको विश्लेषण

पाँचौ परिच्छेद : **छहरा**मा प्रकाशित गद्य रचनाको विश्लेषण

छैठौं परिच्छेद : उपसंहार र निष्कर्ष

# परिच्छेद-दुई

# दाङका साहित्यिक पत्रपत्रिकाको सर्वेक्षण

## २.१ विषय प्रवेश

नेपाली साहित्यको विकासे बाटो जब विस्तार हुँदै जान थाल्यो तब त्यो बाटोलाई अझ सुगम बनाउन पत्रपत्रिकाले महत्वपूर्ण योगदान गरे । नेपाली साहित्यको प्राथमिक कालको सन्दर्भलाई पत्रपत्रिकासँग अलग राख्न सकिए पनि माध्यमिक कालको संवरण त्यस्तै आधुनिक कालको आमन्त्रण र प्रवेशका लागि नेपाली साहित्यिक पत्रपत्रिकाको भूमिकालाई महत्त्वपूर्ण मान्न नै सकिन्छ ।

नेपाली साहित्यमा प्राथमिक कालको समाप्ती र माध्यमिक कालको संवरणका सन्दर्भमा पत्रपत्रिकाकै महत्त्वपूर्ण भूमिका रहेको तथ्यलाई नकार्न सकिदैन । मोतीराम भट्टको सम्पादन र सक्रियतामा प्रकाशित **गोरखाभारत जीवन**ले नेपाली काव्य जगत्मा भित्र्याएको श्रृङ्गारिकताले मच्चाएको हलचल, त्यसैगरी **गोरखापत्र**को प्रकाशनले नेपाली कथामा संवरण गरेको माध्यमिक काल अनि भूल्न नसकिने अर्को प्रसङ्ग भनेको **उपन्यास तरङ्गिनी**को हो । यी पत्रिकाले नेपाली साहित्यलाई एक मोडबाट अर्को मोडतर्फ लैजान निकै नै महत्त्वपूर्ण योगदान गरेका थिए । १९५५ मा **सुधासागर**ले शुरु गरेको पत्रिका प्रकाशनको सिलसिला शासकीय व्यवधानका बिच पनि यहाँसम्म आइपुगेको छ । **सुन्दरी, माधवी, गोर्खाली, जन्मभूमि, गोर्खासंसार, नेपाली साहित्य सम्मेलन**जस्ता पत्रिकाहरुलाई नेपाली साहित्यको उन्नयनमा महत्त्वपूर्ण मान्नु पर्ने हुन्छ ।

माध्यमिक काललाई बिताएर आधुनिक कालको संवरणमा निकै नै कर्मशील पत्रिका १९९१ को **शारदा**लाई मानिन्छ । यस पत्रिकाले नेपाली साहित्यका शिखर श्रष्टाहरुका विभिन्न रचनाहरुलाई पाठकसामु लिएर आयो र नेपाली साहित्यमा नवीन आलोक ल्यायो । यसपछि पनि थुप्रै पत्रिकाहरुले नेपाली साहित्यको विकासका लागि केही न केही योगदान अवश्य नै गरे । **साहित्य स्रोत, युगवाणी** हुँदै **रुपरेखा**सम्म यस्ता प्रायः सबै सबै पत्रिकाहरु नेपाली साहित्यका लागि महत्त्वपूर्ण प्राप्तिको रुपमा रहेका छन् । पछिल्लो समयका सन्दर्भमा उल्लेख गर्दा पनि पत्रिकाहरुको बाक्लै उपस्थिति देखिन्छ । यद्यपि स्तरीय पत्रिकाको निरन्तर प्रकाशनले साहित्यिक विकासमा अझ विशेष महत्त्व राख्दछ ।

नेपाली पत्रपत्रिकाको सर्वेक्षणले बताउँछ कि साहित्यिक पत्रिकाले नेपाली पत्रिकाको प्रारम्भिक साँध सीमा कोरेको छ । यसै पृष्ठभूमिमा दाङबाट प्रकाशित पत्रिकाको ऐतिहासिक सर्वेक्षणतर्फ लाग्दा पनि साहित्यिक पत्रिकाले नै प्रथम सीमाङ्कन गरेको पाइन्छ । दाङबाट पत्रिका प्रकाशनको ऐतिहासिक सर्वेक्षणतर्फ लाग्दा त्यसको आरम्भिक प्रयत्नतर्फ पनि दृष्टि दिनु आवश्यक हुन्छ । प्रमाणिकरुपमा दाङबाट वनारस अध्यनार्थ गएका युवा विद्यार्थीहरु १९९३ सालको **उदय** पत्रिकामा आफ्ना सिर्जना प्रकाशित गरी पत्रिका प्रकाशनका केही निकट हुन खोजेको पाइन्छ । अर्को शब्दमा उनीहरुमा पत्रिका प्रकाशनको चेत प्रादुर्भाव भयो भन्न सकिन्छ । यही **उदय**ले नै

दाङका थुप्रै श्रष्टाहरुलाई सिर्जनाका धरातलमा सार्वजनिक गरेर पत्रिका प्रकाशनको बीज रोपेको मान्न सकिन्छ (सुवेदी, २०५३ : १३४) ।

**उदय**ले रोपेको बीज सन् १९५० मा काशी हिन्दु विश्वविद्यालयबाट प्रकाशित **नेपाली छात्र सङ्घ**पत्रिकामा आइपुग्दा अङ्कुरित भएको मान्न सकिन्छ । **नेपाली छात्र सङ्घ** पत्रिकाको पहिलो अङ्कका सम्पादकहरुमध्ये दाङका भरतमणि शर्मा पनि थिए । यस पत्रिकाभित्र पनि दाङका सिर्जनशील प्रतिभाहरुका सिर्जनाका विभिन्न फाँकीहरुले स्थान पाएका थिए भन्ने जानकारी पाइन्छ । त्यस अतिरिक्त दाङका एकराज शर्मा, खलु प्रसाद शर्मा, गोपाल प्रसाद शर्मालगायतका तन्नेरीहरु पनि प्रस्तुत पत्रिकाको सम्पादनमा लागेको बुझिन्छ (सुवेदी, २०५३ : १३४) ।

नेपाली संस्कृत छात्र परिषद्को मुखपत्रका रुपमा २०१२ सालबाट **छात्रदूत** पत्रिका प्रकाशित भयो । प्रस्तुत पत्रिका प्रकाशनले पनि दाङ र दङालीहरुका लागि पत्रिका प्रकाशनको पृष्ठभूमि निर्माणको काम गऱ्यो । यसमा पनि देखिने थुप्रै दङाली श्रष्टाहरुको सिर्जनात्मक सक्रियताले सो कुरालाई पुष्टि गर्दछ (सुवेदी, २०५३ : १३४ ) ।

यही पृष्ठभूमि निर्माणले मार्गनिर्देश गरेपछि दाङबाट पत्रिका प्रकाशनको सिलसिला आरम्भ भएको बुझिन्छ ।

## २.२ दाङका साहित्यिक पत्रिकाको परम्परा र काल विभाजन

दाङका साहित्यिक पत्रिकाको परम्परा केलाउँदा विभिन्न चरणमा वा कालखण्डमा विभाजन गरी अध्ययन गर्न सुगम हुने देखिन्छ । दाङको पत्रिका प्रकाशनको ऐतिहासिक सर्वेक्षणबाट के बुझिन्छ भने पत्रिका प्रकाशन र विकासका विविध चरण निर्माण भएका छन् र तीभित्र पनि खास खास मोडहरुको निर्माण भएको छ । प्रजातन्त्र प्राप्तिले ल्याएको नुतन बिहानीसँगै थालिएको दङाली साहित्यिक पत्रिका प्रकाशनको सिलसिला पञ्चायती व्यवस्थाको चपेटामा परेर पनि जसोतसो अगाडि बढेको देखिन्छ । सन् १९५५ तिर गोरखपुरबाट दङाली विद्यार्थीहरुले थालेको पत्रिका प्रकाशन २०१४ सालमा आएर अझ सुदृढ भएको मान्न सकिन्छ । शैक्षिक संस्थाहरुमा मात्र सीमित रहेको पत्रिका प्रकाशनलाई २०२४ सालको **अन्तर्ध्वनि**ले व्यावसायिक प्रकाशनको अवस्थामा पुऱ्यायो । व्यावसायिक रुपमा प्रकाशन हुने पहिलो पत्रिका मात्र नभई दङाली साहित्यिक पत्रिकाहरुमा सबैभन्दा बढी अङ्क प्रकाशित हुने एवं त्यस क्षेत्रका प्रतिनिधि श्रष्टाहरुका उत्कृष्ट सिर्जना प्रकाशित भएको एक उत्कृष्ट पत्रिका **अन्तर्ध्वनि** चरण विभाजनका सन्दर्भमा एक कोशे ढुङ्गा सावित हुन्छ । २०३४ सालमा गठन गरिएको राप्ती साहित्य परिषद् र त्यसको प्रकाशन २०३५ को **राप्तीदूत**लाई दाङको पत्रिका प्रकाशनको चरण बिभाजनमा अर्को चरण निर्माणका लागि महत्त्वपूर्ण कारक मान्नु पर्ने देखिन्छ । राप्ती अञ्चलकै जेठो र साझा साहित्यिक संस्थाका रुपमा रहेको **राप्ती साहित्य परिषद्** र यसै संस्थाको मुखपत्र **राप्तीदूत**लाई दङाली साहित्यिक पत्रिकाहरुको काल विभाजनमा फरक मोड निर्माण गर्ने पत्रिकाका रुपमा लिनुपर्ने देखिन्छ । पत्रिका प्रकाशनका खास-खास चरण र ती चरणले निम्त्याएका खास-खास प्रवृत्ति, विषयवस्तु आदिलाई चरण बिभाजनको आधार बनाउँदा दाङका साहित्यिक

पत्रिकाहरुको ऐतिहासिक विकास र बिस्तारलाई मुख्यतः तीन चरणमा बाँडेर अध्ययन-अनुशीलन गर्न सकिन्छ ।

### २.२.१ पहिलो चरण (सन् १९५५-वि.सं. २०२३)

दाङबाट पत्रिका प्रकाशनको सिलसिला आरम्भ भएदेखि **अन्तर्ध्वनि** प्रकाशन पूर्वको कालावधिलाई दाङका साहित्यिक पत्रिकाको पहिलो चरण मान्न सकिन्छ । यस चरणमा प्रायः भारतीय भूमिबाट र दाङमा विभिन्न शैक्षिक संस्थाबाट मुखपत्रका रुपमा पत्रिका प्रकाशित भएका पाइन्छन् । यस चरणमा प्रकाशित पत्रिकाहरुका बारेको संक्षिप्त विवरणात्मक जानकारीले यस चरणलाई बुझ्न अझ सजिलो हुने देखिन्छ ।

सन् १९५५ को मार्चतिर दाङबाट गोरखपुर अध्ययनार्थ पुगेका विद्यार्थीहरुको सक्रियतामा **विप्लव** नामको पत्रिका प्रकाशित भयो । दाङका तोयनाथ धितालको सम्पादनमा प्रकाशित यो पत्रिका अहिलेसम्मको अध्ययनका क्रममा पहिलो पत्रिका मानिन्छ । यद्यपि यो पत्रिका अप्राप्य रहेकाले यसको प्रामाणिकताको अभावमा यो पत्रिका दाङको पहिलो पत्रिका बन्ने अवसरबाट चुकेको देखिन्छ । यसका सम्पादक तोयानाथ धिताल र अन्य केही जानकार व्यक्तिहरुले यस पत्रिकालाई पहिलो पत्रिका भने (धिताल, २०६८ : ३) तापनि यसका कुनै पनि अङ्क प्राप्त हुन सकेका छैनन् । राष्ट्रियस्तरका श्रष्टाहरु भूपि शेरचनलगायतका रचनाहरु प्रकाशित भएका भनिएको प्रस्तुत पत्रिकाको सम्पादन सहयोगीमा रुद्रमणि धिताल लगायतका रहेका थिए । वार्षिक रुपमा प्रकाशित भएको भनिएको प्रस्तुत पत्रिकाका तीन/चार अङ्क मात्र प्रकाशित भएको जानकारी पाइन्छ ।

'साहित्यिक जनजागरणको उत्कृष्ट नमूना'को संज्ञा दिएर २०१४ सालमा वनारसबाट दाङ प्यूठान छात्रमण्डलद्वारा प्रकाशित **सन्देश**लाई प्रामाणिक रुपमा दाङबाट प्रकाशित पहिलो पत्रिकाको अवसर मिल्यो । दाङ प्यूठान छात्रमण्डलमार्फत श्रीकृष्ण शर्मा प्रकाशक रहेका **सन्देश**को पहिलो अङ्कका प्रधान सम्पादक एकराज शर्मा रहेका छन् भने सम्पादक मण्डलका अन्य सदस्यहरुमा श्रीकृष्ण शर्मा, दीनमणि भण्डारी, कविराज शर्मा र विष्णु प्रसाद शर्मा रहेका छन् । वनारसमा बसेर शिक्षा आर्जनको कर्ममा जुटेका विद्यार्थीहरुको सिर्जनाको साझा चौतारी नै **सन्देश** बनेको थियो भन्ने तथ्य यसमा प्रकाशित सामग्रीहरूको अध्ययनबाट बुझ्न सकिन्छ । 'उठ्न खोजेर पनि उठ्न नसक्नेलाई सहानुभूतिपूर्ण हृदयले सहारा दिई उठाउनु हो.........................।' प्रथम अङ्कको सम्पादकीयबाट साभार गरिएको प्रस्तुत वाक्यांशबाट **सन्देश** प्रकाशनको उद्देश्यका बारेमा बुझ्न सकिन्छ । जम्मा १२ अङ्क प्रकाशित भएका भनिएको प्रस्तुत पत्रिकाको प्रकाशक संस्था दाङ प्यूठान छात्रमण्डल पछि गएर सामान्य परिवर्तन भई दाङ छात्रमण्डल मात्र रहेको पाइन्छ । यस पत्रिकाका विभिन्न अङ्कमा सम्पादक मण्डलमा परिवर्तन देख्न सकिन्छ । बाह्रौं अङ्कसम्म आइपुग्दा यसका प्रधान सम्पादक लोकमणि आचार्य रहेका छन् ।

विदेशी भूमिबाट पत्रिका प्रकाशनको सिलसिला आरम्भ भइसकेपछि दाङमा नै विद्यालयस्तरबाट पत्रिका प्रकाशनको चेष्टा भएको पाइन्छ । चिन्तामणि शर्माको सम्पादनमा २०१५

सालमा दाङमा नै विद्यालयस्तरबाट पत्रिका प्रकाशन भयो । चिन्तामणि शर्माको सम्पादनमा २०१५ सालमा पद्मोदय पब्लिक हाइस्कूलको वार्षिक मुखपत्रका रुपमा **प.प. हाइस्कूल** पत्रिका प्रकाशित भयो । स्कूलसँग सम्बद्ध शिक्षक विद्यार्थीहरुले साहित्य समिति गठन गरेपछि यसको नाममा समेत परिवर्तन भई **ज्योत्स्ना** वार्षिक मुखपत्रका रुपमा २०१७ सालदेखि निरन्तर प्रकाशित भएको पाइन्छ । प्रस्तुत पत्रिकामा नेपाली भाषाका अतिरिक्त विभिन्न भाषाभाषिका रचना छापिएका छन् (सुवेदी, २०५३ : १३६) ।

यसरी भारत र नेपालबाट नै पत्रिका प्रकाशनको लहर उठेपछि जनता महाविद्यालयमा पनि केही हलचल शुरु भयो र २०२० सालमा **मानसप्रभा** नामक पत्रिकाले प्रकाशनको यात्रा आरम्भ गऱ्यो । सो महाविद्यालयमा अध्ययनरत गदाधर पौडेल, स्थानेश्वर पौडेल, भोलानाथ न्यौपाने, भागवत गौतम, चूडामणि अधिकारी, देवेन्द्र पौडेल, विष्णुकुमार अधिकारी तथा लोकमणि आचार्यको सम्पादनमा प्रकाशित प्रस्तुत पत्रिकाले प्रकाशन यात्रामा आफूलाई निरन्तर अगाडि बढाउन सकेन र यसको प्रकाशनको सिलसिला पनि अबरुद्ध हुन पुग्यो (सुवेदी, २०५३ : १३६) । यस पत्रिकामा प्रकाशित सामग्री नै यो पत्रिका बन्द हुनाको कारण बनेको थियो भन्ने जानकारी पाइन्छ ।

२०२२ सालमा **पराग** नामक पत्रिकाको प्रकाशन आरम्भ भयो । जुन पत्रिका महेन्द्र हाइस्कूलको वार्षिक मुखपत्रका रुपमा प्रकाशित हुन थालेको पाइन्छ । गेहेन्द्र चुडामणि रजौरे लगायतका साहित्यप्रेमी शिक्षकहरुको सम्पादनमा प्रकाशन यात्राको श्रीगणेश गरेको उक्त **पराग** पत्रिकामा अधिकांशतः स्कूलसँग सम्बद्ध विद्यार्थीका सिर्जनाले स्थान पाएका छन् (सुवेदी, २०५३ : १३७) ।

साहित्यिक पत्रिका मात्र नभई समग्र पत्रिका प्रकाशनको आरम्भ नै मानिने यस चरण समाचारमूलक पत्रिका प्रकाशनले पनि महत्त्वपूर्ण चरण बन्यो । २०१९ सालमा **राप्ती सन्देश** नामक समाचारमूलक पत्रिका लिथो हुन थाल्यो । रामलोचन सिंहको सम्पादनमा प्रकाशित प्रस्तुत पत्रिकाले समाचार मात्र नभई केही साहित्यिक खुराक पनि पस्कने गरेको थियो । तर यसले पनि प्रकाशनको निरन्तरता प्राप्त गर्न सकेन ।

### २.२.२ दोस्रो चरण (२०२४-२०३४)

**अन्तर्ध्वनि**को प्रकाशनदेखि राप्ती साहित्य परिषद्को स्थापनापूर्वको कालावधिलाई दोस्रो चरण मान्नुपर्ने देखिन्छ । दाङमा पहिलोपल्ट व्यावसायिक रुपमा साहित्यिक पत्रिका प्रकाशनको आरम्भ **अन्तर्ध्वनि**बाट भएको हुँदा यो चरण भन्नु व्यावसायिक रुपमा पत्रिका प्रकाशन आरम्भको चरण पनि हो । यस चरणमा केही व्यक्तिगत प्रयासमा पत्रिका प्रकाशित भएका छन् भने प्रायः पहिलो चरणमा झैं शैक्षिक संस्थाबाट प्रकाशित भएको पाइन्छ । यस चरणमा प्रकाशित पत्रिका र तिनका बारेमा संक्षिप्त जानकारीले यस चरणलाई अझ स्पष्ट पार्नेछ ।

**अन्तर्ध्वनि**ले २०२४ सालदेखि प्रकाशित हुने अवसर प्राप्त गऱ्यो । नारायण प्रसाद शर्माको सम्पादनमा प्रकाशित यो पत्रिकाको प्रकाशन सिलसिलामा निकै नै उतार चढाव देख्न सकिन्छ ।

पहिलो अङ्क प्रकाशित भएपछि झण्डै २६ वर्षसम्म यो पत्रिका लुप्त रह्यो र २०५० मा नारायणप्रसाद शर्माको सम्पादनमा नै पुनः प्रकाशित हुन थाल्यो । समयको क्रमसँगै यसले प्रकाशनको निरन्तरतामा पुनः चुक्नु परेको देखिन्छ । २०६२ बाट भने यसको प्रकाशन निरन्तर गतिशील रहेको छ । प्रकाशनका विविध आरोह-अवरोह झेल्दै आएको प्रस्तुत पत्रिका सिङ्गो राप्ती क्षेत्रकै उल्लेख्य, उत्कृष्ट र धेरै अङ्क प्रकाशित हुने पत्रिकाका रुपमा रहेको छ । यस पत्रिकाले दाङबाट प्रकाशित हुने त्यस्तो शौभाग्यशाली पत्रिका बन्ने अवसर प्राप्त गऱ्यो जसको साहित्यिक योगदानका बारेमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तह अन्तर्गत शोध कार्य पनि भइसकेको छ । 'राप्ती क्षेत्रबाट नै प्रकाशित हुने विशुद्ध साहित्यिक पत्रिकाका रुपमा यो पहिलो पत्रिका मानिन्छ' (सुवेदी, २०५३ : १३७) । प्रस्तुत पत्रिकाले आफ्ना कतिपय अङ्कहरुलाई विशेषाङ्कका रुपमा प्रस्तुत गर्दै आएको पाइन्छ ।

२०२८ सालबाट दाङबाट मात्र नभएर नेपालबाट नै थारु भाषाको पहिलो पत्रिका **गोचाली**को प्रकाशन आरम्भ भयो । यसले पञ्चायतका विरोधमा मिसन पत्रकारिता नै थालेको थियो । जसका सम्पादकहरु महेश चौधरी र सगुनलाल चौधरी थिए । २०४६ साल पछिका दिनहरुमा पनि जसरी तसरी प्रकाशित भइरहेको प्रस्तुत पत्रिका सगुनलाल चौधरी २०५८ सालमा शाही सेनाद्वारा बेपत्ता पारिएपछि बन्द हुन पुग्यो (उदासी, २०६६ : ४१) ।

२०२९ सालमा गङ्गा हाइस्कूल रामपुरबाट प्रकाशित भएको **गङ्गा** पत्रिका पनि दाङका साहित्यिक पत्रिकाहरुको ऐतिहासिक सर्वेक्षणका क्रममा भूल्न नहुने पत्रिकाका रुपमा रहेको छ । एक अङ्क मात्र प्रकाशित भएर बन्द भएको यो पत्रिका हाल अप्राप्य रहेको छ । नित्यानन्द शर्माका अनुसार यस पत्रिकाका सम्पादक मण्डलमा नित्यानन्द शर्मा, उत्तमकृष्ण मजगैंया, विष्णु अधिकारी लगायतका व्यक्तित्वहरु रहेका थिए (शर्मा, २०६८ : ५) ।

रात्री माध्यमिक विद्यालय रझेनाको प्रकाशन **हाम्रो चिनो** पनि २०२९ सालमा नै प्रकाशित अर्को पत्रिका हो । यसको पनि एक अङ्क भन्दा लामो इतिहास बन्न नसकेको नित्यानन्द शर्माले जनाएका छन् (शर्मा, २०६८ : ५) ।

राप्ती अञ्चलकै एक बौद्धिक केन्द्रका रुपमा रहेको संस्था महेन्द्र क्याम्पसबाट २०३० सालमा विद्यार्थी परिषद्को प्रकाशनमा **छहरा** पत्रिका प्रकाशित भयो । उक्त क्याम्पसको वार्षिक मुखपत्र भनिए तापनि प्रस्तुत पत्रिकाको प्रकाशनको सिलसिला नियमित देखिदैन । हालसम्म सत्र अङ्क प्रकाशित भएका प्रस्तुत पत्रिकालाई त्यस क्षेत्रको साहित्यिक विकास, साहित्यिक उत्थानमा एक अग्रणी पत्रिका मान्न सकिन्छ । सिङ्गो राप्ती क्षेत्रबाट त्यस क्याम्पसमा अध्ययनका खातिर आउने साहित्य अनुरागीहरु एवं शिक्षकहरुका रचनाले **छहरा**को साहित्यिक पाटो अझ उज्ज्वल बन्यो । '........ मूलबाट निस्केको छहरा, छहरा जस्तै पवित्र यस पत्रिकाले सामाजिक कुरिति र अन्धविश्वासलाई फाली विकासको मूलबाटो तर्फ लम्काउने उद्देश्य लिएको छ ।' प्रथम अङ्कको सम्पादकीयबाट साभार गरिएको प्रस्तुत वाक्यबाट **छहरा** प्रकाशनको उद्देश्यका बारेमा बुझ्न सकिन्छ । २०३७ सालमा प्रकाशित छैठौं अङ्कदेखि भने यसको प्रकाशक संस्थाका रुपमा विद्यार्थी युनियन रहेको छ । साहित्यका प्रायः विधाहरुलाई प्रस्तुत पत्रिकाले समेटेको पाइन्छ । यही

पत्रिकामार्फत सिर्जनाको यात्रा थालेका एवं सिर्जना यात्राका प्रारम्भिक चरणमा यसमा देखिएका कतिपय सर्जकहरुले पछिल्लो समयमा राष्ट्रियस्तरमा समेत पहिचान स्थापित गरिसकेका छन् । त्यसैगरी नयाँ प्रतिभादेखि राष्ट्रियस्तरमा नै स्थापित सर्जकहरुका सिर्जना यस पत्रिका भित्रका विभिन्न अङ्कमा देख्न सकिन्छ । दोस्रो अङ्कमा प्रकाशित भएका योगी नरहरिनाथ र दैवज्ञराज न्यौपाने, महेश चौधरी, अमर गिरी, कृष्ण सेन इच्छुक, गोविन्द आचार्य, टीकाराम उदासी, नवीन विभास, महेन्द्र कुमार शर्मा (महेन्द्र महक)का रचनालाई नै यसको उदाहरणका रुपमा लिन सकिन्छ । तत्कालीन पञ्चायती व्यवस्था र त्यसको वर्वरतालाई उछितो काढ्ने रचनाले यसका विभिन्न अङ्कलाई रोचक र पठनीय बनाएका छन् । यद्यपि स्तुतिपरक रचनाहरु यस भित्र देख्न सकिन्छ ।

श्रीधर मजगैंयाँ, पारसमणि भण्डारी, शेषमणि गौतम लगायतका साहित्यप्रेमी विद्यार्थीहरुको सम्पादनमा २०३३ सालदेखि जनता क्याम्पस दाङको संस्कृत विद्यार्थी परिषद्ले **ऐसेलु** पत्रिका प्रकाशन आरम्भ गऱ्यो (सुवेदी, २०५३ : १३७) । यस पत्रिकाको दोस्रो अङ्क २०३४ सालमा प्रकाशित भएको भन्ने उल्लेख पाइन्छ । यो पत्रिका पनि निरन्तरतामा चुक्ने अर्को पत्रिका बनेको पाइन्छ (जिएम, २०६१ : ९) ।

त्रि.वि. बुलेटिन २०३४ सालमा महेन्द्र बहुमुखी क्याम्पसबाट प्रकाशित (लिथो) हुनथाल्यो । नित्यानन्द शर्मा र चूडा बहादुर बुढाथोकीका सम्पादनमा प्रकाशित यो पत्रिका मासिक रुपमा झण्डै दुई वर्ष जति प्रकाशित भयो र पछि बन्द भयो । क्याम्पसका गतिविधि अतिरिक्त क्रियाकलापका साथै यसले विभिन्न साहित्यिक रचनाहरुको सङ्गालोका रुपमा आफूलाई प्रस्तुत गरेको थियो भन्ने नित्यानन्द शर्माबाट जानकारी पाइन्छ (शर्मा, २०६८ : ६ ) ।

साहित्यिक पत्रिकाका अतिरिक्त यस चरणमा समाचारमूलक पत्रिका पनि प्रकाशित भएको पाइन्छ । नारायण प्रसाद शर्माका सम्पादनमा २०३३ सालमा **युगबोध** पाक्षिक प्रकाशित हुन थाल्यो । उक्त पत्रिकामा प्रकाशित समाचारलाई तथा अन्य सामग्रीलाई लिएर तत्कालीन प्रशासकहरुले सम्पादकलाई अनेक अत्तो थापी दुःख दिन थालेपछि यसको प्रकाशनले पनि निरन्तरता पाउन सकेन (सुवेदी, २०५३ : १३७) ।

### २.२.३ तेस्रो चरण (२०३५-हालसम्म) :

साहित्यप्रति बढ्दै गएको अनुराग र चेतनाको विस्तारसँगै राप्ती अञ्चलमा पहिलोपल्ट संस्थागत रुपमा 'राप्ती साहित्य परिषद्' साहित्यिक समूह देखा पऱ्यो । २०३४ सालमा नारायण प्रसाद शर्माको अध्यक्षतामा गठन गरिएको यही समूह राप्ती अञ्चलको जेठो साहित्यिक समूह बन्यो । संस्था गठन भइसकेपछि छरिएर रहेका श्रष्टाहरु एकत्रित भएर साहित्यिक कर्ममा क्रियाशील हुन थाले । विभिन्न ठाउँमा पुगेर गरिने साहित्यिक कार्यक्रमले साहित्यिक अभियानकै रुप लियो । 'तत्कालीन शासनको विरोधमा खुलेर लाग्न पनि नसक्ने र शासन व्यवस्थाको समर्थन पनि गर्न नसक्ने यही दोधारको स्थितिबाट गुज्रेका त्यस्ता थुप्रै सिर्जनशील श्रष्टाहरुका लागि एक उचित स्थल र विरोधको सही मार्ग बन्यो 'राप्ती साहित्य परिषद्' (शर्मा, २०६८ : २) । यही

संस्थाको स्थापनाको समयसँगै दाङको साहित्यिक पत्रिकाको काल विभाजनका सन्दर्भमा तेस्रो चरण शुरु भएको मान्नु पर्ने देखिन्छ । यस चरणमा पत्रिका प्रकाशनको लहर नै उठेको पाइन्छ । यद्यपि स्थायित्व भने केहीको मात्र देखिन्छ । नयाँ-नयाँ पत्रिका प्रकाशनको सिलसिला अझै पनि जारी नै रहेको पाइन्छ ।

साहित्यिक पत्रकारितालाई साहित्यिक सङ्घ संस्थाको महत्त्वपूर्ण योगदान रहन्छ । जसको ज्वलन्त उदाहरण राप्ती साहित्य परिषद् र यसको प्रकाशन **राप्तीदूत**लाई मान्न सकिन्छ । राप्ती अञ्चलकै साहित्यिक साझा चौतारीका रुपमा २०३४ सालमा राप्ती साहित्य परिषद्को स्थापना भयो र यो संस्थाले विभिन्न साहित्यिक कर्मका अतिरिक्त पत्रिका प्रकाशन पनि गऱ्यो । संस्था स्थापनाको एक वर्ष पछि वार्षिक मुखपत्रका रुपमा **राप्तीदूत** प्रकाशित भयो । 'पहिलो कार्यसमितिले लेखनाथ आचार्य, लोकमणि आचार्य, गोविन्द कुसुम र भेषराज पौडेल रहेको सम्पादकमण्डल गठन गऱ्यो जसले **राप्तीदूत** सम्पादनको काम गऱ्यो र साहित्यिक संस्थाको पहिचान अगाडि बढायो (शर्मा, २०६० : ११) । पन्ध्र वर्ष लुप्त रहेर २०५० सालमा मात्र यसको दोस्रो अङ्क देखियो । वार्षिक मुखपत्र भनिए तापनि विविध समस्यासँग पौठेजोरी खेल्दै परिषद्ले २०५५ सालमा मात्र तेस्रो अङ्क प्रकाशित गऱ्यो । विशेष अङ्कका रुपमा विभिन्न अङ्कहरु पनि प्रकाशित भइसकेका प्रस्तुत पत्रिकाका २०६८ सालसम्म आइपुग्दा एघार अङ्क प्रकाशित भएको पाइन्छ ।

दाङको साहित्यिक पत्रिकाका सन्दर्भमा जनता क्याम्पसबाट २०३६ सालबाट प्रकाशित हुने गरेको **हैमप्रभा**लाई पनि भूल्न सकिदैन । नारायण कुमार आचार्य र नीलमणि ढुङ्गानाको सम्पादनमा प्रकाशित प्रस्तुत पत्रिका जनता क्याम्पसको वार्षिक मुखपत्रका रुपमा प्रकाशित हुने गरेको छ । यसले अनुसन्धानात्मक प्रवृत्तिको विकास तथा शैक्षिक स्तरको संवर्धनको उद्देश्य लिएको बुझिन्छ (सुवेदी, २०५३ : १३८ ) । २०६८ साल सम्ममा प्रस्तुत पत्रिकाका बाह्र अङ्क प्रकाशित भइसकेको पाइन्छ ।

२०३९ सालदेखि स्वतन्त्र विद्यार्थी युनियन जनता विद्यापीठको प्रकाशनमा **आमोद** नामक पत्रिकाको प्रकाशन आरम्भ भयो । विभिन्न चरणमा यसका विभिन्न अङ्क प्रकाशन भएका छन् । २०५७ सालमा प्रकाशित सातौं अङ्कभन्दा पछि यो पत्रिका प्रकाशित नभएको भन्ने जानकारी पाइन्छ ।

संस्कृत अध्ययन संस्थानबाट नै २०४० साल पौषदेखि भागवत शर्मा र भोजराज पन्तका सम्पादनमा **हिमज्योति** पत्रिका प्रकाशित हुन थाल्यो । **हिमज्योति** संस्कृत भाषामा प्रकाशित साहित्यिक मासिक पत्रिका हो । यसमा संस्कृतका विभिन्न विद्वानहरुका अनुसन्धानपरक लेखहरुका साथै राप्ती अञ्चल, नेपालका अन्य क्षेत्र र छिमेकी भारतका कतिपय श्रष्टाहरुका सिर्जनाहरु प्रकाशित भएका छन् । यस पत्रिकाले संस्कृतको समस्यापूर्ति कविता परम्परालाई पुनर्जागृत गर्ने प्रयास पनि गरेको पाइन्छ (सुवेदी, २०५३ : १३८) ।

विष्णु पोखेलको सम्पादनमा २०४० सालदेखि **राप्ती सन्देश** नामक अर्को पत्रिका प्रकाशित भयो । कला, साहित्य, संस्कृति र राजनीतिमा प्रगतिशील भावधारालाई सुसंयोजित गरी प्रगतिशील श्रष्टा, पाठक, राजनीतिकर्मी तयार गर्ने उद्देश्य सहित प्रकाशन थालिएको प्रस्तुत पत्रिका तत्कालीन राजनीतिक परिस्थिति, अर्थ अभाव आदिका कारण एक अङ्क मात्र प्रकाशित भएर सदाका लागि बन्द हुन पुग्यो ।

२०४३ सालमा रामप्रसाद प्रदीपको सम्पादन र प्रकाशनमा दाङमा **खलिहान**नामको अर्को महत्त्वपूर्ण पत्रिका प्रकाशित भयो । बढ्दै गएको बाह्य प्रभावबाट नेपाली साहित्यलाई मुक्त गरी विशुद्ध नेपालीपन र मौलिकताको आह्वान सहित प्रकाशित प्रस्तुत पत्रिकाले विभिन्न विधाका विभिन्न रचनाहरु थुपार्ने खलिहान बन्ने उद्देश्य लिएको देखिन्छ । प्रस्तुत पत्रिकाको प्रकाशनको उद्देश्यका बारेमा प्रथम अङ्ककै सम्पादकीयमा लेखिएको छ ‘खेतको खलिहानमा थुपारिएका उत्पादक वस्तुहरुलाई जसरी दायीँ-दँगोरी र निफन-नाफन गरी शुद्ध पारी जीविकोपार्जनका लागि प्रयोग गर्न लायक बनाइन्छ, त्यसरी यस साहित्यिक खलिहानमा मस्तिष्क विकासका लागि प्रयोग गर्न सघाउ पुगोस् भन्ने विशुद्ध हेतुबाट रचित रचनाहरुको थुप्रो लगाइन्छ ।’ यस्तै यसका सम्पादक प्रकाशकको दाङका छरिएका श्रष्टाहरुलाई समेट्ने चाहनाले गर्दा पनि **खलिहान** प्रकाशित भएको भन्ने भनाइ रहेको छ । त्रैमासिक भनिए तापनि पहिलो अङ्कको प्रकाशनपछि यसको दोस्रो अङ्क ६ महिना पछि मात्र प्रकाशित भएको पाइन्छ । आर्थिक अभाव, समयमा नै रचना प्राप्त नहुनु आदि कारणले यसको प्रकाशन नियमित हुन नसकेको बुझिन्छ । राम प्रसाद प्रदीपका जानकारी अनुसार जसरी तसरी प्रकाशनलाई गति दिइरहेको **खलिहान** केही अङ्क प्रकाशित भयो र यसका सम्पादक, प्रकाशक राम प्रसाद प्रदीप २०४५ सालमा जेल परेपछि त्यही गति पनि सधैंका लागि अबरुद्ध हुन पुग्यो (प्रदीप, २०६८ : ८) ।

विभिन्न भाषा भाषिका पत्रिका प्रकाशनलाई निरन्तरता दिने सिलसिलामा २०४८ सालमा भगवानदास यादव, दीपक कुमार यादव र नन्द कुमार यादवको सक्रियतामा अवधि भाषाको पत्रिका **साकार** द्वैमासिकको प्रकाशन भयो । समयको क्रमसँगै यो पत्रिका पनि लुप्त रहेको छविलाल कोपिलाले जानकारी दिएका छन् (कोपिला, २०६८ : ९) ।

२०५२ सालदेखि **इन्द्रेनी** (मासिक हवाई पत्रिका) पनि प्रकाशित हुन थाल्यो । टीकाराम उदासी, अनजान यात्री तथा सुदीप गौतमका सम्पादनमा र व्यवस्थापनमा प्रकाशित उक्त पत्रिकाले छोटै अवधिमा पनि राम्रो लोकप्रियता कमाएको पाइन्छ (सुवेदी, २०५३ : १३९) । यद्यपि समयको निरन्तरतामा भने यो पत्रिका पनि चुकेको नै देखिन्छ ।

**लेखक सङ्घ दाङ**को वार्षिक मुखपत्र **प्रवाह**को पहिलो अङ्क २०५४ सालमा प्रकाशित भयो । वार्षिक मुखपत्र भनिए तापनि यसको प्रकाशन नियमित भने देखिदैन । २०५७ सालमा दोस्रो अङ्क र २०६३ सालमा तेस्रो अङ्क प्रकाशित भएको प्रस्तुत पत्रिकाको २०६८ सालमा आएर चौथो अङ्क प्रकाशित भएको छ ।

पशुपति विद्याश्रमको प्रकाशन **पशुपति साहित्य सन्देश**ले २०५५ सालदेखि आफ्नो प्रकाशन आरम्भ गऱ्यो । यसका विभिन्न अङ्कमा सम्पादक मण्डलमा परिवर्तन भएको पाइन्छ ।

दीपशिखा आवासीय उच्च माध्यमिक विद्यालय घोराहीमा अध्ययनरत विद्यार्थीहरुद्वारा सञ्चालित **नवदीप** साहित्यिक भित्ते पत्रिकाको नवप्रकाशन भनेर २०५५ साल मङ्सिरमा **सुसेली** साहित्यिक मासिक लघु पत्रिका प्रकाशन गर्न थालिएको पाइन्छ (जि.एम., २०६१ : १५) ।

प्रतिभा समूह दाङले २०५६ सालमा **प्रतिभा** साहित्यिक पत्रिकाको प्रकाशन गरेको थियो । सम्पादक मुसाफिर आलम र सह सम्पादक धर्म भण्डारी रहेको प्रस्तुत पत्रिका चौथो अङ्कसम्म प्रकाशित भएर बन्द हुन पुग्यो (जि.एम., २०६१ : १५) ।

**पहल** साहित्यिक सङ्कलनको पहिलो अङ्क २०५६ सालमा प्रकाशित भएको थियो । जिल्ला प्रशासन कार्यालयमा दर्ता भइसकेपछि राम प्रसाद जैसीको प्रकाशनमा २०५८ साल वैशाखमा अर्को अङ्क प्रकाशित भएको प्रस्तुत पत्रिका त्यसपछि प्रकाशित हुन सकेको देखिदैन ।

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा अध्ययनरत दङाली विद्यार्थीहरुको साझा सङ्गठन **दाङ विद्यार्थी समिति**को प्रकाशन र टीकाराम उदासी र कृष्णराज सर्वहारीको सम्पादनमा **दङाली आवाज** २०५६ सालमा प्रकाशित भयो । खोज तथा अनुसन्धानमूलक सामग्री सहितको प्रस्तुत पत्रिकाको परिवर्तित सम्पादक मण्डलसहित दोस्रो अङ्क पनि निस्कियो यसपछि भने यो प्रकाशित हुन सकेको छैन ।

२०५७ सालदेखि **प्रगतिशील लेखक सङ्घ** दाङको प्रकाशन **वहिङ्ग** प्रकाशित भयो । प्रकाशक संस्थाको वार्षिक मुखपत्रका रुपमा रहेको प्रस्तुत पत्रिकाको नियमित प्रकाशनमा आंशिक विचलन देखिए तापनि प्रकाशन निरन्तर नै रहेको छ । यसका विभिन्न अङ्कमा सम्पादक मण्डलमा परिवर्तन भएको पाइन्छ ।

**साहित्य सम्प्रेषण अभियान** दाङको द्वैमासिक प्रकाशन भनेर **सप्तरङ्गी**को पहिलो अङ्क २०५७ साल वैशाख जेठमा प्रकाशित भएको पाइन्छ । यसको सम्पादन संयोजन टीकाराम उदासी, सुदीप गौतम र विनोद सेनले गरेको देखिन्छ । एक अङ्क प्रकाशित भएपछि यसको अर्को अङ्क निस्कन सकेको छैन (जि.एम., २०६१ : १५) ।

दाङका साहित्यिक पत्रिकाको लहरमा अर्को महत्त्वपूर्ण पत्रिका **बिम्बप्रतिबिम्ब** पनि हो । **सिर्जनशील साहित्य समूह**ले प्रकाशन गरेको प्रस्तुत पत्रिका २०५८ सालमा प्रकाशित भयो । द्वैमासिक रुपमा २०५८ साल भदौ-असोजदेखि प्रकाशन आरम्भ गरेको प्रस्तुत पत्रिका केही अङ्कका प्रकाशनपछि बन्द हुन पुग्यो । अर्जुन गिरीको सम्पादनमा प्रकाशित प्रस्तुत पत्रिका दाङको साहित्यिक विकासका लागि अर्को स्मरणीय प्रकाशन हो ।

एक अङ्क मात्र प्रकाशित भएर बन्द हुने दाङको अर्को साहित्यिक पत्रिका **आँकुरा** पनि हो । २०५८ साल साउनमा मासिक भनी प्रकाशित भएको **आँकुरा**का थप आँकुरा पलाउन सकेनन् ।

प्रस्तुत पत्रिकाका सम्पादकमा लेनिन बञ्जाडे, बिक्रम गौतम र प्रमोद बर्मा रहेको पाइन्छ ( जि.एम., २०६१ : १५) ।

२०५८ सालमा हेमन्त शर्मा अनुरागीको सम्पादनमा **नवदीप** प्रकाशित भयो । २०५८ साल फागुन-चैत अङ्क प्रकाशित भएको प्रस्तुत द्वैमासिकले प्रकाशनलाई निरन्तरता दिन नसकी बन्द भयो । यस पत्रिकाको सम्पादन प्रकाशन सहयोगीमा आर.बी. खड्काको नाम देख्न सकिन्छ ( जि.एम., २०६१ : १५) ।

**साहित्य सुधा** साहित्यिक द्वैमासिक लघुपत्रिकाको प्रवेशाङ्क २०५८ साल फागुन-चैतमा सार्वजनिक भएको पाइन्छ । महेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा अध्ययनरत विद्यार्थीहरुको 'साहित्यानुरागी विद्यार्थी समूह'ले प्रकाशनमा ल्याएको यस पत्रिकाको सम्पादक/संयोजक कमलमणि 'सन्तोषी', नरेन्द्र राना र सुशील पुन (विरही) रहेका छन् । यसका सह सम्पादकहरुमा गोपाल प्रसाद खनाल, डेग बहादुर डि.सी., इन्द्र विवश डि.सी. र विशेष सहयोगीमा पूर्ण बहादुर मल्ल रहेका छन् (जि.एम., २०६१ : १५) । यो पत्रिका पनि बन्द हुने महारोगबाट मुक्त हुन सकेन ।

२०५८ सालमा दाङमा प्रकाशित भएको अर्को साहित्यिक पत्रिका **पुष्पाञ्जली** पनि हो । आदिम प्रभात के.सी. सम्पादक, बसन्त विवश आचार्य कार्यकारी सम्पादक र सम्पादक/संयोजक राकेश दीनदया रहेको प्रस्तुत द्वैमासिकको २०५८ साल माघ-फागुन प्रवेशाङ्क प्रकाशित भएको पाइन्छ । जम्मा तीन अङ्कको प्रकाशनपछि यो पत्रिका पनि प्रकाशन बन्दको मारमा पऱ्यो ( जि.एम., २०६१ : १५) ।

थारु भाषा साहित्य परिषद्, दाङ देउखर प्रकाशक रहेको **केरनी**को पहिलो अङ्क २०५८ साल वैशाखमा प्रकाशित भएको छ । वार्षिक पत्रिकाका रुपमा प्रकाशन आरम्भ भएको थारु भाषाको प्रस्तुत पत्रिकाका प्रधान सम्पादक छविलाल कोपिला, सम्पादन सहयोगी बाल गोविन्द चौधरी र अतिथि सम्पादकमा चेतलाल चौधरी 'चार्ली' रहेको पाइन्छ । यो पत्रिका पनि पहिलो अङ्कपछि प्रकाशित हुन सकेको छैन (जि.एम., २०६१ : ११) ।

**बिम्बप्रतिबिम्ब** द्वैमासिक साहित्यिक लघुपत्रिका प्रकाशित गर्दै आएको सिर्जनशील दङाली साहित्य समूहको सत्प्रयासमा **साहित्य स्वर सङ्गम**को प्रकाशन थालिएको हो । २०५८/०५९ फागुन-वैशाखमा यसको पहिलो अङ्क प्रकाशित भएको देखिन्छ । सम्पादक/संयोजक सिजन बम मगर, सम्पादन सहयोगी गंगाराज बुढाथोकी, सह सम्पादकहरुमा वीरेन्द्र गौतम, पूर्ण सागर के.सी., गोविन्द चौधरी र प्रेम भण्डारी रहेको प्रस्तुत पत्रिका निरन्तर प्रकाशित हुन नसकेको अर्को दङाली पत्रिका हो ।

२०५९ साल असार-साउनमा प्रकाशित **सयपत्री** साहित्यिक द्वैमासिक लघु पत्रिका दाङका साहित्यिक पत्रिकाको लहरमा देखिने अर्को एक पत्रिका हो । महेन्द्र बहुमुखी क्याम्पस दाङमा अध्ययनरत विद्यार्थीहरुको सयपत्री साहित्यिक समूहको प्रकाशन प्रस्तुत पत्रिकाका प्रधान सम्पादक बोधी किरण महरा, सम्पादक/संयोजक आदर्श खत्री, कार्यकारी सम्पादक तिलक के.सी र भरत

चौधरी रहेको पाइन्छ । यो पत्रिका पनि निरन्तर प्रकाशित नभई लुप्त भएको पाइन्छ (जि.एम., २०६१ : १५) ।

पहिलो अङ्क नै अन्तिम अङ्क बनेको दाङको अर्को साहित्यिक पत्रिका **सौगात** पनि हो । २०५९ सालको पुसमा सार्वजनिक भएको प्रस्तुत पत्रिकाका सम्पादकहरुमा पूर्ण बहादुर बस्नेत र सुशील पुन विरही रहेका छन् भने सह सम्पादकहरुमा के.बी. सागर र इन्द्र विवश डि.सी. रहेका छन् ।

पत्रिका प्रकाशनको लहर नै चलेको त्यतिबेलामा प्रकाशित हुने अर्को पत्रिका **पानस** पनि हो । पानस साहित्य समूह दाङले **पानस** साहित्यिक द्वैमासिक लघु पत्रिकाको पहिलो अङ्क २०५९ कात्तिक-मंसिरमा सार्वजनिक गरेको हो । **पानस**का प्रधान सम्पादक आदिम प्रभात के.सी., सम्पादक राकेश दीनदया बस्नेत र हेमन्त शर्मा 'अनुरागी', कार्यकारी सम्पादक सुनिल आशिष शर्मा र सागरमणि अधिकारी, संयोजक वसन्त विवश आचार्य र आदर्श यथार्थ खत्री रहेका छन् ( जि.एम., २०६१ : १५) ।

साहित्य अनुरागी हापुर विद्यार्थी समूहले प्रकाशनमा ल्याएको **दङाली दर्पण** साहित्यिक लघु पत्रिकाको प्रवेशाङ्क २०५९ कात्तिक-मंसिरमा सार्वजनिक भएको छ । यस पत्रिकामा प्रधान सम्पादक अजित प्रिन्स लामिछाने र सम्पादक मण्डलमा दामोदर गिरी र गोविन्द दाहाल, अतिथि सम्पादक पूर्ण बहादुर बस्नेत र सह सम्पादकहरुमा बुद्धि प्रकाश आचार्य, टीका बहादुर के.सी. र यज्ञ गिरी रहेका छन् (जि.एम., २०६१ : १५) ।

२०५९ सालमा प्रकाशित **आँखीझ्याल** पनि पहिलो अङ्कलाई अन्तिम अङ्क बनाउने दाङको अर्को साहित्यिक पत्रिका हो । २०५९ माघ-चैतमा प्रकाशित प्रस्तुत त्रैमासिक पत्रिकाको प्रकाशक संस्था अतिरिक्त प्रकाशन रहेको छ । यसका सम्पादक टीकाराम उदासी र कार्यकारी सम्पादक नवीन विभाष रहेका छन् भने सम्पादक मण्डलमा उदय जि.एम., नोबल जि.एम. र मान बहादुर बुढा रहेका छन् (जि.एम., २०६१ : १०) ।

२०५९ सालमा पत्रिका प्रकाशनको सिलसिलालाई अगाडि बढाउन **इन्द्रेणी** बहुभाषिक पत्रिका देखा पऱ्यो । बन्दको महामारीबाट जोगिन नसकेको प्रस्तुत पत्रिकाका सम्पादक मण्डलमा छविलाल कोपिला, मेदिनी कुमार केबलको नाम देख्न सकिन्छ । छविलाल कोपिलाका अनुसार यसमा विभिन्न भाषा भाषिकाका सामग्री प्रकाशित भएको पाइन्छ (कोपिला, २०६८ : १०) ।

सल्यानी विद्यार्थी परिषद् महेन्द्र बहुमुखी क्याम्पस दाङले आफ्नो वार्षिक मुखपत्रका रुपमा २०६० सालमा **सल्यानी सुसेली**को पहिलो अङ्क सार्वजनिक गऱ्यो । २०६३ सालसम्म अर्थात निरन्तर चार अङ्कसम्म **सल्यानी सुसेली**कै नाममा प्रकाशित भएको प्रस्तुत पत्रिका २०६५ सालको पाँचौं अङ्कदेखि नाममा सामान्य परिवर्तन भई **सल्यानी आवाज**का नामबाट प्रकाशित हुन थाल्यो । कृष्णराज डि.सी.ले दिएको जानकारी अनुसार २०६८ सालसम्ममा आफ्ना आठवटा अङ्क सार्वजनिक गरिसकेको प्रस्तुत पत्रिकाका सम्पादक मण्डलमा पनि परिवर्तन देखिन्छ (डि.सी., २०६९ : १५) ।

मध्यपश्चिमकै पहिलो गजलप्रधान पत्रिका **उत्साह**ले २०६१ सालमा प्रकाशन आरम्भ गऱ्यो । द्वैमासिक रुपमा प्रकाशित हुने गरेको प्रस्तुत पत्रिका निरन्तर ९ अङ्क प्रकाशित भयो र अहिले बन्द छ । प्रधान सम्पादक वसन्त विवश आचार्य रहेको यो पत्रिकाका कार्यकारी सम्पादक डिल्ली बस्नेत रहेका थिए ।

२०६१ सालमा प्रकाशन यात्रा आरम्भ गर्ने अर्को दङ्गाली पत्रिका **नवचेतना** पनि हो । चेतना क्लब बिजौरी दाङको प्रकाशन प्रस्तुत पत्रिकाका सम्पादक सुधन पौडेल र सहयोगी भद्र शर्मा रहेका छन् । प्रस्तुत पत्रिका पनि प्रकाशनको निरन्तरतामा रहन नसक्ने अर्को दङ्गाली पत्रिका हो (जि.एम., २०६१ : १४) ।

देउखुरी क्षेत्रमा साहित्यिक तरङ्ग सिर्जना गर्ने साहित्यिक पत्रिकाहरुमा **कोयल** द्वैमासिक पनि एक हो । छविलाल कोपिलाले बताए अनुसार अशोक कुमार यादव र नगेन्द्र प्रसाद यादवको सम्पादनमा २०६२ सालमा प्रकाशन आरम्भ गरेको प्रस्तुत पत्रिकालाई दाङका साहित्यिक पत्रिकाहरुको सन्दर्भमा भूल्न सकिदैन (कोपिला, २०६८ : ११) ।

दाङमा २०६३ सालमा **शब्दलहर** नामको अर्को पत्रिका सार्वजनिक भयो । असोजमा पहिलो अङ्क सार्वजनिक गरेको यो पत्रिका मुक्तकप्रधान साहित्यिक त्रैमासिक पत्रिका हो । सोही वर्षकै पुस महिनामा दोस्रो अङ्क सार्वजनिक भएको प्रस्तुत पत्रिकाका त्यस बाहेकका अङ्क देख्न सकिएन । यस पत्रिकाका प्रधान सम्पादक सुशील पुन विरही हुन् भने कार्यकारी सम्पादक सन्तोष जि.एम. हुन् ।

छविलाल कोपिलाको सम्पादनमा २०६४ सालमा **लावालौभ्की** नामक पत्रिका प्रकाशित भयो । त्रैमासिक रुपमा प्रकाशित हुने भनिए तापनि यो पत्रिका बन्द हुने रोगबाट अछुत रहन नसक्ने अर्को पत्रिका बन्यो भन्ने छविलाल कोपिलाबाट जानकारी पाइन्छ (कोपिला, २०६८ : १२) ।

२०६६ सालमा प्रकाशन यात्रा आरम्भ गरी निरन्तर प्रकाशित भइरहेको थारु भाषाको त्रैमासिक पत्रिका **लावा डग्गर** एक उल्लेखनीय पत्रिका हो । छविलाल कोपिलाका अनुसार विधिवत रुपमा दर्ता भई प्रकाशित भएको प्रस्तुत पत्रिकाले देउखुरी क्षेत्रबाट प्रकाशित भई थारु भाषा र साहित्यमा सकारात्मक योगदान गरेको पाइन्छ (कोपिला, २०६८ : १३) ।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ दाङको प्रकाशनमा **जनसंस्कृति** नामको अर्धवार्षिक पत्रिकाको प्रथम प्रकाशन २०६६ साल असोजमा भयो । २०६७ साल वैशाखमा दोस्रो अङ्क प्रकाशित भएको **जनसंस्कृति** सोही वर्ष मङ्सिर महिनामा जिल्ला प्रशासनमा विधिवत दर्ता भई त्रैमासिक रुपमा निस्कन थाल्यो । यद्यपि २०६७ साल फागुनमा पूर्णाङ्क ४ को प्रकाशन पछि अर्को अङ्क यसको पनि देखिएको छैन ।

सुस्ताएको देउखुरीको कला, साहित्यलाई नवीन उर्जा दिने अभिप्रायसहित २०६३ सालमा **देउखुरी साहित्य तथा सांस्कृतिक मञ्च** गठन गरियो । उक्त मञ्चले त्यस क्षेत्रका स्थापित श्रष्टाहरु र नयाँ श्रष्टालाई भेट हुने चौतारीको काम गऱ्यो र एक खालको साहित्यिक माहोलको सिर्जना गऱ्यो । अन्य साहित्यिक सुकर्मका अतिरिक्त यस संस्थाले २०६७ सालदेखि आफ्नो वार्षिक

मुखपत्र **स्तम्भ** सार्वजनिक गऱ्यो । विभिन्न भाषाका सामग्रीहरुको सङ्गालो **स्तम्भ**लाई दाङबाट प्रकाशित हुने प्रतिनिधि साहित्यिक पत्रिका मान्नुपर्ने देखिन्छ । देउखुरी क्षेत्रमा यस पत्रिकाले सिर्जना गरेको साहित्यिक अभियानलाई विशेष महत्त्वपूर्ण मान्न सकिन्छ । प्रस्तुत पत्रिकाको सम्पादक मण्डलमा हरि पोखेल, हिमोढ पहाडी, शिवराज पन्थी रहेका छन् ।

देउखुरी क्षेत्रलाई नै केन्द्र बनाएर २०६७ सालमा **आयाम** नामक अर्को पत्रिकाले प्रकाशनको यात्रा सुरु गऱ्यो । अर्धवार्षिक रुपमा प्रकाशित हुने प्रस्तुत पत्रिकाको प्रकाशक संस्थाका रुपमा राप्ती जनसांस्कृतिक सङ्घ रहेको छ । छविलाल कोपिलाले यस पत्रिकाको सम्पादक मण्डलमा समीर यात्री, छविलाल कोपिला, धर्मराज वैरागीलगायतका रहेको बताएका छन् (कोपिला, २०६८ : १४) ।

२०६८ सालमा पत्रिका प्रकाशनको सिलसिलालाई निरन्तरता दिन **जनज्वार** त्रैमासिक देखापऱ्यो । दाङका साहित्यिक श्रष्टाहरुले काठमाडौंमा रहेर यो पत्रिका प्रकाशित गर्ने गरेका छन् । विचारप्रधान पत्रिका भनिए तापनि यसभित्र दर्शन, संस्कृति, राजनीति आदि विविध किसिमका सामग्री भेटिन्छन् । नियमित र निरन्तर प्रकाशन हुने गरेको प्रस्तुत पत्रिकाका हालसम्म चार अङ्क प्रकाशित भइसकेका छन् । यसका सम्पादक लिलु गिरी र प्रकाशक धर्मराज शर्मा रहेका छन् ।

२०६८ सालमा प्रकाशित हुने अर्को पत्रिका **अलङ्कार** पनि हो । असार-भदौ प्रवेशाङ्कका रुपमा प्रकाशित भएको प्रस्तुत पत्रिकाको हालसम्म तीन अङ्क प्रकाशित भएको पाइन्छ । साहित्यका विविध सामग्रीको सङ्गालोका रुपमा देखिने यस पत्रिकाले 'कला, साहित्य र संस्कृतिको संवाहक'का रुपमा आफूलाई प्रस्तुत गरेको पाइन्छ । यसका सम्पादक तथा प्रकाशक श्रीधर भावुक रहेका छन् ।

२०६८ सालदेखि **साहित्याकाश** नामक त्रैमासिक पत्रिकाले पनि विधिवत रुपमा प्रकाशन आरम्भ गरेको छ । दर्तापूर्व नै केही अङ्क निस्केका प्रस्तुत पत्रिकाका २०६८ सालमा दर्ता भएदेखि हालसम्म दुई अङ्क प्रकाशित भएका छन् । यसका सम्पादक टीका बस्नेत रहेका छन् ।

**टीकाचुली** साहित्यिक त्रैमासिकले पनि २०६८ साल मा नै आफ्नो प्रकाशनको यात्रा आरम्भ गऱ्यो । मङ्सिर-माघ अङ्क प्रवेशाङ्कका रुपमा प्रकाशित भएको यस पत्रिकाका फागुन-वैशाख अङ्क पनि सार्वजनिक भइसकेको छ । हिमाल पुन सम्पादक/प्रकाशक, सुविन्द्र रोका मगर सम्पादक र सचिर महर्जन कार्यकारी सम्पादक रहेको प्रस्तुत पत्रिकाले विशेषतः माओवादी जनयुद्ध र त्यसकै पृष्ठपोषण गर्ने सामग्रीहरुलाई महत्त्व दिएको पाइन्छ ।

२०६८ सालको साउन-असोज अङ्कलाई प्रवेशाङ्कका रुपमा प्रस्तुत गरेर आफ्नो त्रैमासिक प्रकाशन यात्रा आरम्भ गरेको **अतिरिक्त** पनि पछिल्लो समयको गुणात्मक कोटीको पत्रिकाका रुपमा देखिन्छ । यद्यपि यो पत्रिकाको सिङ्गो वर्षभरी नै अर्को अङ्क देखिएन । यसका सम्पादक/प्रकाशक टीकाराम उदासी रहेका छन् ।

माथि उल्लेख गरिएका भन्दा अन्य पत्रिकाहरु पनि यस चरणमा प्रकाशित भएका पाइन्छन् । यद्यपि ती पत्रिकाहरु प्राप्त नहुँदा तिनका बारेमा विस्तृत जानकारी प्राप्त गर्न र प्राप्त

जानकारीको प्रमाणिकतामा कठिनाइ उत्पन्न भएको छ । यसै चरणमा विभिन्न भाषाभाषिका पत्रिकाहरु पनि प्रकाशित भएका पाइन्छन् । **हमार पहुरा** (२०४९), **मगर आवाज** (२०५१), **सेरो** (२०५३), **मिर्मिरे** (२०५४), **आदिवासी मञ्च** (२०५५), **लावा विहान** (२०५६), **मंगोल आवाज** (२०५६) यसै चरणमा प्रकाशित भएका छन् (जि.एम., २०६० : १०/११) । शैक्षिक संस्थाहरुबाट प्रकाशित हुने गरेका नवीन प्रकाशनका रुपमा यसैचरणमा राप्ती बबई क्याम्पसबाट निस्केको **राप्ती बबई सन्देश,** महेन्द्र बहुमुखी क्याम्पसका प्रशिक्षार्थी पत्रकारहरुले निकालेको **पारिजात** र राप्ती शिक्षा क्याम्पसको **शिसा**लाई पनि लिन सकिन्छ ।

दाङका पत्रपत्रिकाको ऐतिहासिक सर्वेक्षणका क्रममा तेस्रो चरणमा विभिन्न समाचारमूलक पत्रिकाहरु प्रकाशित भएका छन् । २०३३ सालबाट प्रकाशित भएको **नयाँ युगबोध** दाङको एक महत्त्वपूर्ण र ऐतिहासिक पत्रिका हो । यस बाहेक यस चरणमा **जय नेपाल, राप्ती समाचार, सीमारेखा, दृष्टिकोण, नयाँ चेतना** जस्ता पत्रिका प्रकाशित भए तर यी निरन्तर भने रहेनन् । प्रजातन्त्रको पुनर्स्थापनाको लहरसँगै सञ्चारको पनि निकै उन्नति भयो । **गाउँघर सातदिने, गोरक्ष, गणतन्त्र, सूचनापत्र, नौलो जनउभार, देउखुरी टुडे, आरम्भ खबर, राप्ती खबर, राप्तीपोष्ट, राप्ती आवाज** जस्ता धेरै पत्रिकाहरु प्रकाशित भएका पाइन्छन् । यद्यपि यीमध्ये केही पत्रिकाहरु मात्र प्रकाशनको यात्रामा देखिन्छन् । समाचारमूलक भए तापनि कुनै न कुनै रुपमा साहित्यिक उत्थानमा धेरथोर यस्ता पत्रिकाले सकारात्मक भूमिका खेलेको देखिन्छ ।

## २.२.३. निष्कर्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ५४. | मुक्तक | मुक्तक | रतन | १४ | १४ |
| ५५. | मुक्तक | मुक्तक | युवराज रेग्मी | १४ | १४ |
| ५६. | मुक्तक | मुक्तक | सञ्जीव रायमाझी | १४ | १४ |
| ५७. | हाइकु | हाइकु | अनाम | १४ | १४ |
| ५८. | हराएकी श्रीमतीलाई | कथा | टेक बहादुर बुढाथोकी | १४ | १४ |
| ५९. | भावना | कथा | निराजन खनाल | १४ | १४ |
| ६०. | बलात्कृत च्यान्टी | कथा | प्रमोद रिजाल | १४ | १४ |
| ६१. | परिवार नियोजन | कथा | थम्मन निर्दोषी | १४ | १४ |
| ६२. | लघुकथा | कथा | सहदेव भण्डारी (आशिष) | १४ | १४ |
| ६३. | सङ्गत गुनाको फल | कथा | कमल जी. शर्मा | १४ | १४ |
| ६४. | बेसहरा | कथा | सुनिल पोखेल | १४ | १४ |
| ६५. | क्याम्पस (लघुकथा) | कथा | दीपक कुमार सुवेदी | १४ | १४ |
| ६६. | आदेश (लघुकथा) | कथा | कैलाश | १४ | १४ |
| ६७. | प्रतिज्ञा | कथा | सुरेश पौडेल | १४ | १४ |
| ६८. | संघर्ष | कथा | विपुल पोखेल | १४ | १४ |
| ६९. | साहित्यमा मानवीय संवेदना | निबन्ध | धनीराम योगी | १४ | १४ |
| ७०. | समाजवादी क्रान्ति | निबन्ध | अजित लामिछाने | १४ | १४ |
| ७१. | एक हातमा टुप्पी एक हातमा चुल्ठी | नाटक | बलदेव पोखेल | १४ | १४ |
| ७२. | अपुरो प्रेमालाप (एकाङ्की) | नाटक | भगवान दास यादव | १४ | १४ |
| ७३. | विगतका दिनहरुलाई नियाल्दा | अन्य लेख | सहदेव श्रेष्ठ | १४ | १४ |
| ७४. | वर्तमान प्रजातन्त्र | अन्य लेख | रतन दाङ | १४ | १४ |
| ७५. | दाइजो प्रथाले ल्याएको विकृति | अन्य लेख | लीला खड्का | १४ | १४ |
| ७६. | Some Controversial Provisions in the Nepalese Constitution | अन्य लेख | विन बहादुर सिंह वली | १४ | १४ |
| ७७. | नेपालमा २०१७ साल पौष १ ल्याउनमा क-कस्को हात थियो | अन्य लेख | अजय शर्मा | १४ | १४ |
| ७८. | नेपालको सङ्क्षिप्त शैक्षिक | अन्य लेख | देव नारायण चौधरी | १४ | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | इतिहास | | | | |
| ७९. | श्री अम्बिकेश्वरी भगवती मन्दिरको सङ्क्षिप्त विवरण | अन्य लेख | नित्यानन्द शर्मा | १४ | १४ |
| ८०. | What is Literature | अन्य लेख | सितल पवन गौतम | १४ | १४ |

| क.सं. | शीर्षक | विधा | लेखक | वर्ष | अङ्क |
|---|---|---|---|---|---|
| १. | शुभकामना | कविता | वसन्त पोखेल 'अञ्जान' | १५ | १५ |
| २. | नियति | कविता | तेज विक्रम शाह | १५ | १५ |
| ३. | नारीको देन | कविता | अजय शर्मा | १५ | १५ |
| ४. | तिम्रो प्रेम पत्र | कविता | दामोदर शर्मा | १५ | १५ |
| ५. | मेरो कलम | कविता | वीरेन्द्र कुमार शर्मा | १५ | १५ |
| ६. | जिन्दगी | कविता | मान बहादुर बुढा | १५ | १५ |
| ७. | वेदना | कविता | मान बहादुर बुढामगर | १५ | १५ |
| ८. | मुटुको माझ | कविता | एम. कुमार शर्मा | १५ | १५ |
| ९. | जिन्दगी | कविता | मिलन बस्नेत | १५ | १५ |
| १०. | नारीको विकल्प | कविता | तारा चौधरी | १५ | १५ |
| ११. | जीत कस्को ? | कविता | गोपाल पौडेल | १५ | १५ |
| १२. | A tiny piece | कविता | तिल बहादुर तारम मगर | १५ | १५ |
| १३. | मर्नु मार्नु त खेल नै भयो | कविता | एकराज अधिकारी | १५ | १५ |
| १४. | मेरी मायालु | कविता | दीपक दाहाल | १५ | १५ |
| १५. | शोषण | कविता | खीमु के.सी. | १५ | १५ |
| १६. | धोका दिए पनि | कविता | शंकर थापा | १५ | १५ |
| १७. | मुलुक यो नयपाल्क मनोहर | कविता | सुशील न्यौपाने | १५ | १५ |
| १८. | विडम्बना | कविता | इन्दिरा विष्ट | १५ | १५ |
| १९. | नेपाल हाम्रो | कविता | लक्ष्मी पन्थी | १५ | १५ |
| २०. | ऊ जन्मेको धर्ती छाडेर गइसक्यो | कविता | पारु शर्मा | १५ | १५ |
| २१. | चाहना कसैको | कविता | विमला श्रेष्ठ | १५ | १५ |
| २२. | गरीबको आवाज | कविता | सुशीला शर्मा | १५ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २३. | मेरो गाउँ फर्काउ | कविता | सन्ध्या रेग्मी | १५ | १५ |
| २४. | मेरो संसार | कविता | शिव रिजाल | १५ | १५ |
| २५. | के फरक छ | कविता | नवीन पराजुली | १५ | १५ |
| २६. | शुभकामना | कविता | निर्मला (निरुता) खनाल | १५ | १५ |
| २७. | कसरी लेख्ने | कविता | गंगा घिमिरे | १५ | १५ |
| २८. | तिमीलाई खोज्दा खोज्दै | कविता | लीला खड्का | १५ | १५ |
| २९. | मेरो चाहना छ | कविता | विनोद के.सी. | १५ | १५ |
| ३०. | धर्तीको पीडा | कविता | कमलमणि 'सन्तोषी' | १५ | १५ |
| ३१. | जिन्दगी | कविता | वसुन्धरा थापा | १५ | १५ |
| ३२. | म अछुत किन | कविता | बाबुराम विश्वकर्मा | १५ | १५ |
| ३३. | मान्न सक्ने कुरै भएन | कविता | गुरु प्रसाद शर्मा रेग्मी | १५ | १५ |
| ३४. | छहरालाई कोशेली | कविता | लक्ष्मी घिमिरे | १५ | १५ |
| ३५. | आमा मलाई फिर्ता पठाइदेऊ | कविता | रवि 'हेल्पफुल' गौतम | १५ | १५ |
| ३६. | मेरो प्यारो रुकुम | कविता | गणेश वली | १५ | १५ |
| ३७. | आस्थाका भूमरीहरु | कविता | सीता गिरी | १५ | १५ |
| ३८. | मेरो खोजी गरिएन | कविता | वीरेन्द्र चन्द | १५ | १५ |
| ३९. | भेटिदैन आत्मा | कविता | अपिका | १५ | १५ |
| ४०. | आमाको व्यथा | कविता | पुस्कर रिजाल | १५ | १५ |
| ४१. | गरीब 'म' | कविता | केशवराज शर्मा | १५ | १५ |
| ४२. | नेपाल र नेपाली | कविता | रेखा आचार्य | १५ | १५ |
| ४३. | Grievance | कविता | शरद पौडेल | १५ | १५ |
| ४४. | निराशा | कविता | शरद 'अर्पण' शर्मा | १५ | १५ |
| ४५. | वीरका विरताहरु | कविता | आदर्श खत्री | १५ | १५ |
| ४६. | फूल हुँ म | कविता | याशिका बाँठा मगर | १५ | १५ |
| ४७. | नगर्नु मायालाई अपहेलना | कविता | अञ्जना बि.एम. | १५ | १५ |
| ४८. | निष्ठुरी मुहारको याद आयो नि | कविता | कमल कुमार 'निर्दोष' | १५ | १५ |
| ४९. | अन्तर्वार्ता | कविता | विपुल पोखेल | १५ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५०. | आशा | कविता | रमेश रेग्मी | १५ | १५ |
| ५१. | प्रतिक्षा | कविता | राजु यादव | १५ | १५ |
| ५२. | मायाको परिभाषा | कविता | पार्वता गिरी 'प्रगति' | १५ | १५ |
| ५३. | नसोध मलाई | कविता | विकास चौधरी | १५ | १५ |
| ५४. | कलियुगको माया | कविता | शोभ बहादुर खत्री | १५ | १५ |
| ५५. | भोलिको संसार कस्तो छ ? | कविता | नरेन्द्र भण्डारी | १५ | १५ |
| ५६. | शान्ति मैले खोजिरहें | कविता | माधव प्रसाद लामिछाने | १५ | १५ |
| ५७. | अनुरोध | कविता | सुदीप शर्मा काकु | १५ | १५ |
| ५८. | ए बुद्ध तिमी कहाँ छौं | कविता | मित्रलाल पार्धे 'हिमाल' | १५ | १५ |
| ५९. | खबर | कविता | अर्जुन आचार्य | १५ | १५ |
| ६०. | म भन्न चाहन्छु | कविता | सञ्जय ओली | १५ | १५ |
| ६१. | अन्तरताको पर्दाभित्र सामञ्जस्य | कविता | अम्बिका प्रसाद डाँगी | १५ | १५ |
| ६२. | जीवन र जिन्दगानी | कविता | सन्देश बुढाथोकी | १५ | १५ |
| ६३. | भत्केका आशाहरु | कविता | माधव प्रसाद सापकोटा 'दंगाली' | १५ | १५ |
| ६४. | देन ए जिन्दगी | कविता | सी.पी. अधिकारी | १५ | १५ |
| ६५. | आजको मान्छे | कविता | कमानसिंह विष्ट | १५ | १५ |
| ६६. | म अछुत रहेछु | कविता | नारायण खड्का | १५ | १५ |
| ६७. | किन ? | कविता | गोपाल लामिछाने 'मायालु' | १५ | १५ |
| ६८. | मेरो जिन्दगी | कविता | मीना ओली | १५ | १५ |
| ६९. | यसरी आऊ छहरा | कविता | सीता लम्साल | १५ | १५ |
| ७०. | कविता | कविता | जीवन कुमार ओली | १५ | १५ |
| ७१. | घुम्तीमा भेट होला | कविता | रमेश 'मुस्कान' अधिकारी | १५ | १५ |
| ७२. | मसँग निश्चित निर्माण छैन | कविता | दुर्गा पुन 'कल्पित' | १५ | १५ |
| ७३. | Oh bird ! Why are you stopping | कविता | शिशिर 'भाइ' अधिकारी | १५ | १५ |
| ७४. | वर्तमान | कविता | नरेन्द्र कुमार रानामगर 'निर्दोष' | १५ | १५ |
| ७५. | एकताको नेपाल | कविता | टंक उदय प्रभात के.सी. | १५ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | 'प्रतिक्षा' | | |
| ७६. | पैसा | कविता | अञ्जान 'याशु' | १५ | १५ |
| ७७. | दुःखी जीवन | कविता | मेनका भण्डारी | १५ | १५ |
| ७८. | बिन्ती छ आमा | कविता | कमल नेपाली | १५ | १५ |
| ७९. | Special for someone | कविता | अजय कुमार महरा | १५ | १५ |
| ८०. | नारी अस्तित्व डग्दैन | कविता | अनिता पुरी | १५ | १५ |
| ८१. | स्वार्थी | कविता | वेद बहादुर डाँगी | १५ | १५ |
| ८२. | The Tragedy Inside the Cries | कविता | मिलन के.सी. | १५ | १५ |
| ८३. | बाँचेको छु म | कविता | निशान कुमार शर्मा | १५ | १५ |
| ८४. | नेपाल लेख्न पाइयोस् | कविता | खड्ग 'विवश' बि.सी. | १५ | १५ |
| ८५. | अन्धकार रातको अन्धो बटुवा | कविता | राजेन्द्र पोखेल | १५ | १५ |
| ८६. | जुर्मराएको बस्ती | कविता | जे.बि. पुन | १५ | १५ |
| ८७. | प्रतिक्षा | कविता | सुमनचन्द्र गुरुङ | १५ | १५ |
| ८८. | Need of Brave | कविता | राज कुमार रोका (राजु) | १५ | १५ |
| ८९. | भीख माग्न सुहाउँदैन | कविता | राज कुमार डाँगी | १५ | १५ |
| ९०. | जिन्दगी एक खोला रहेछ | कविता | सुशील पुन 'विरही' | १५ | १५ |
| ९१. | दोहोरी गीत | गीत | वसन्त भट्टराई | १५ | १५ |
| ९२. | गीत | गीत | आशा बुढा | १५ | १५ |
| ९३. | गीत | गीत | गणेश समर्पण आचार्य | १५ | १५ |
| ९४. | गजल | गजल | टेकम पुन | १५ | १५ |
| ९५. | गजल | गजल | दीपज्योति उलङ्गे | १५ | १५ |
| ९६. | गजल | गजल | खिमु के.सी. | १५ | १५ |
| ९७. | गजल | गजल | मिलन गिरी | १५ | १५ |
| ९८. | गजल | गजल | लीला खड्का | १५ | १५ |
| ९९. | गजल | गजल | श्रीमती तिर्सना रावत | १५ | १५ |
| १००. | मुक्तक | मुक्तक | टेकेन्द्र 'विवश' घर्ती | १५ | १५ |
| १०१. | मुक्तक | मुक्तक | जयन्द्र वली | १५ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०२. | मुक्तक | मुक्तक | ध्रुव अधिकारी | १५ | १५ |
| १०३. | समय र परिस्थिति | कथा | पूर्ण बहादुर बस्नेत 'ए' | १५ | १५ |
| १०४. | बाँच्न खोज्दा जिन्दगी | कथा | लोकेन्द्र ज्ञवाली | १५ | १५ |
| १०५. | पश्चाताप | कथा | दुर्गा प्रसाद शर्मा | १५ | १५ |
| १०६. | तिमी को हौ | कथा | इन्द्र विवश डि.सी. | १५ | १५ |
| १०७. | विश्वासघात | कथा | प्रमोद पण्डित | १५ | १५ |
| १०८. | दुपट्टा | कथा | पूर्ण बहादुर बस्नेत | १५ | १५ |
| १०९. | आलोकको उच्च शिक्षा | कथा | मीरा पोखेल | १५ | १५ |
| ११०. | बडा दशैं | कथा | थम्मन 'निर्दोषी' बस्नेत | १५ | १५ |
| १११. | समय | कथा | भेषराज पोखेल | १५ | १५ |
| ११२. | पहिलो प्रेम अनुत्तरित प्रश्न | कथा | कैलाश पोखेल | १५ | १५ |
| ११३. | लालवीर र बिर्खेको जिन्दगी | कथा | वसन्त पुनमगर | १५ | १५ |
| ११४. | आँखाहरु बोल्दा रहेछन् | कथा | विज्ञान शर्मा | १५ | १५ |
| ११५. | कान्छी बजै | कथा | नारायण प्रसाद श्रेष्ठ | १५ | १५ |
| ११६. | 'सपनाको याम' सम्झनाको ऐनामा हेर्दा | निबन्ध | नवीन विभास | १५ | १५ |
| ११७. | तातो पिंडालु | निबन्ध | उदय जि.एम. | १५ | १५ |
| ११८. | स्मृति/बिस्मृति | पत्र | नवीन किशोर रत्न | १५ | १५ |
| ११९. | A Letter to you | पत्र | बालकृष्ण डाँगी | १५ | १५ |
| १२०. | चोखो प्रेम | संस्मरण | थम्मन जि.एम. | १५ | १५ |
| १२१. | त्यो दिन | संस्मरण | वसन्त योगी 'अभागी' | १५ | १५ |
| १२२. | हरियो जुत्ता, क्याम्पस र म | संस्मरण | गंगा बि.सी. | १५ | १५ |
| १२३. | भ्रष्टाचार | नाटक | सुरेश आचार्य | १५ | १५ |
| १२४. | भोको सडक | नाटक | अजित लामिछाने<br>सहदेव श्रेष्ठ | १५ | १५ |
| १२५. | छहराभित्रका नारी श्रष्टाहरु | समीक्षा/ समालोचना | टीकाराम उदासी | १५ | १५ |
| १२६. | लोक साहित्यभित्रको अटल समुद्र : लोकगीत | समीक्षा/ समालोचना | गोविन्द आचार्य | १५ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२७. | राजनीतिलाई कुन रुपमा लिने | अन्य लेख | एम.पी. खरेल | १५ | १५ |
| १२८. | Some Suggestions while taking exam | अन्य लेख | बालकृष्ण रावल | १५ | १५ |
| १२९. | हाम्रो शैक्षिक दुर्दशा | अन्य लेख | तिलक गिरी | १५ | १५ |
| १३०. | वर्तमान अवस्थामा विद्यार्थी वर्गको दायित्त्व | अन्य लेख | बुद्धि प्रकाश घिमिरे | १५ | १५ |
| १३१. | रहस्यमयी खोज उडनतस्तरी | अन्य लेख | पूर्ण बहादुर खत्री | १५ | १५ |
| १३२. | के हो विद्यार्थीको दायित्त्व | अन्य लेख | अनारजन घर्ती | १५ | १५ |
| १३३. | The Short Glimpse of orental Civilizion | अन्य लेख | उत्तम पौडेल | १५ | १५ |
| १३४. | राजनैतिक परिवेश | अन्य लेख | तिलक वली | १५ | १५ |
| १३५. | के हो अव्यावहारिक शिक्षा प्रणालीको विकल्प | अन्य लेख | गोविन्द चन्द | १५ | १५ |
| १३६. | नेपालको राजनीतिमा महिला सहभागिताको स्थिति | अन्य लेख | श्रीमती शारदा शर्मा | १५ | १५ |

| क.सं. | शीर्षक | विधा | लेखक | वर्ष | अङ्क |
|---|---|---|---|---|---|
| १. | शुभकामना | कविता | जीवराज आचार्य | १६ | १६ |
| २. | The Moon | कविता | विशाल डाँगी (युवराज) | १६ | १६ |
| ३. | What Happened in one night | कविता | केशवबाबु चन्द 'असन्तोषी' | १६ | १६ |
| ४. | My Lucky Beloved | कविता | राजेन्द्र दहित | १६ | १६ |
| ५. | Temporrary Life | कविता | सावित्रा ओली | १६ | १६ |
| ६. | Importance of Justice | कविता | हेमा बुढाथोकी | १६ | १६ |
| ७. | बाँच्न सकिन | कविता | शिवा थापा | १६ | १६ |
| ८. | विहानीको किरणसँगै | कविता | सन्तोष पाण्डे | १६ | १६ |
| ९. | प्रेमिका | कविता | हिमानी डाँगी | १६ | १६ |
| १०. | प्रिय | कविता | जन्मत विवश उल्टेहवा | १६ | १६ |
| ११. | जीवन दिने वाचा | कविता | शरद गिरी | १६ | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | The Spring Without Fruit | कविता | शुपलसिंह आर.सी. | १६ | १६ |
| १३. | Poor Nepal Mother | कविता | युवराज क्षेत्री 'सल्यानी' | १६ | १६ |
| १४. | मेरो आग्रह | कविता | शिव कुमार शर्मा | १६ | १६ |
| १५. | मेरो परिवेश | कविता | सन्ध्या रेग्मी | १६ | १६ |
| १६. | रोल्पाली कविता | कविता | रोशन कुमार वली | १६ | १६ |
| १७. | आँशु | कविता | लोकेश पुनमगर | १६ | १६ |
| १८. | म त धुलो हुँ | कविता | विपीन कुमार रेउले | १६ | १६ |
| १९. | औंशीको रात | कविता | श्रीधर भावुक | १६ | १६ |
| २०. | मेरो बस्ती | कविता | बालकृष्ण डाँगी | १६ | १६ |
| २१. | सपना | कविता | घनश्याम बि.सी. | १६ | १६ |
| २२. | हिजो र आज | कविता | अमरराज कालाथोकी | १६ | १६ |
| २३. | किन | कविता | एस कुमार | १६ | १६ |
| २४. | आखिर अन्तर | कविता | अशोक कुमार खड्का | १६ | १६ |
| २५. | मेरी छोरी | कविता | कृष्ण ओली | १६ | १६ |
| २६. | एकता | कविता | गोमा लामिछाने | १६ | १६ |
| २७. | स्ववियु चुनाव हुनुपर्छ | कविता | भुवन वली | १६ | १६ |
| २८. | असत्य जस्तो | कविता | अक्लेश्वर चौधरी 'अकेला' | १६ | १६ |
| २९. | असल मान्छे बन्न सिक | कविता | बसन्त 'बैरागी' | १६ | १६ |
| ३०. | म आज | कविता | राजाराम चौधरी | १६ | १६ |
| ३१. | आज भोलि | कविता | रमेश सापकोटा | १६ | १६ |
| ३२. | कस्तो विडम्बना | कविता | श्याम शाही 'आभास' | १६ | १६ |
| ३३. | अचेल | कविता | यशोदा पुन | १६ | १६ |
| ३४. | पल्पित माया | कविता | रण बहादुर सारु मगर | १६ | १६ |
| ३५. | म केही गर्छु | कविता | रामधनी चौधरी | १६ | १६ |
| ३६. | शान्तिको कामना | कविता | राकेश दीनदया | १६ | १६ |
| ३७. | युद्धले गर्दा | कविता | दीपक के.सी. | १६ | १६ |
| ३८. | शान्ति र विकास | कविता | पुस्कर रिजाल | १६ | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९. | भङ्गेरी चरीको आपत | कविता | प्रमोद पण्डित | १६ | १६ |
| ४०. | गरीब | कविता | यम रेग्मी | १६ | १६ |
| ४१. | रुवाएर हाँस्नेहरुप्रति | कविता | रुद्रित अधिकारी | १६ | १६ |
| ४२. | कविता | कविता | दिनेश अधिकारी | १६ | १६ |
| ४३. | पापको संसार | कविता | तारा हमाल | १६ | १६ |
| ४४. | मेरो गाउँ | कविता | विदुर के.सी. | १६ | १६ |
| ४५. | पदमा पुगेपछि | कविता | लाल बहादुर खत्री | १६ | १६ |
| ४६. | अखबार पढ्दा | कविता | मार्शल सोनी | १६ | १६ |
| ४७. | को पो होला ? | कविता | कमल पोखेल (के.पी. विरही) | १६ | १६ |
| ४८. | आजको प्रजातन्त्र | कविता | पिताम्बर बस्याल | १६ | १६ |
| ४९. | सगरमाथा चढ्न बाँकी छ | कविता | राज कुमार डाँगी | १६ | १६ |
| ५०. | म चाहन्छु | कविता | चन्द्र बहादुर पुन 'असफल' | १६ | १६ |
| ५१. | शहरिया बाघहरु | कविता | ईश्वर शाह | १६ | १६ |
| ५२. | राष्ट्रको पीडा | कविता | युवराज डि.सी. | १६ | १६ |
| ५३. | धोकेवाज माया | कविता | दीपेन्द्रराज अधिकारी | १६ | १६ |
| ५४. | प्रजातन्त्र चाहियो | कविता | दुर्गा खत्री | १६ | १६ |
| ५५. | हजूर | कविता | प्रेम बहादुर पुन | १६ | १६ |
| ५६. | मिर्मिरे यात्रामा | कविता | माधव प्रसाद सापकोटा | १६ | १६ |
| ५७. | लाहुरेलाई सन्देश | कविता | ठाकुर प्रसाद रोकामगर | १६ | १६ |
| ५८. | गीत | गीत | पुष्पलता पुन | १६ | १६ |
| ५९. | गीत | गीत | मेनका आचार्य | १६ | १६ |
| ६०. | गजल | गजल | दयाराम यादव | १६ | १६ |
| ६१. | गजल | गजल | खड्ग 'अञ्जान' शर्मा | १६ | १६ |
| ६२. | गजल | गजल | असीम शर्मा 'निर्दोषी' | १६ | १६ |
| ६३. | गजल | गजल | लक्ष्मण हमाल | १६ | १६ |
| ६४. | गजल | गजल | आर.के. 'तीतो सत्य' | १६ | १६ |
| ६५. | गजल | गजल | दीपेन्द्र डि.सी. 'निर्दोषी' | १६ | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६६. | गजल | गजल | श्याम आभास | १६ | १६ |
| ६७. | गजल | गजल | टीका बुढा | १६ | १६ |
| ६८. | गजल | गजल | सुरेश शाह 'सुदर्शन' | १६ | १६ |
| ६९. | गजल | गजल | अनिता पुरी 'अञ्जान' | १६ | १६ |
| ७०. | गजल | गजल | गौतम यात्री | १६ | १६ |
| ७१. | गजल | गजल | शारदा शर्मा | १६ | १६ |
| ७२. | गजल | गजल | दीपक योगी | १६ | १६ |
| ७३. | गजल | गजल | एस.डि. आचार्य | १६ | १६ |
| ७४. | मुक्तक | मुक्तक | कमला घिमिरे | १६ | १६ |
| ७५. | हाइकु (क, ख, ग, घ, ङ) | हाइकु | खिमु के.सी. | १६ | १६ |
| ७६. | यस पालि त हुन्छ | कथा | शिवराज सुवेदी | १६ | १६ |
| ७७. | बदला | कथा | जीबू अजीव | १६ | १६ |
| ७८. | बन्द खाम | कथा | सुवास आचार्य | १६ | १६ |
| ७९. | बिन्ती | कथा | दुर्गा पुन 'कल्पित' | १६ | १६ |
| ८०. | स्वयम्बर हाङ | कथा | नवीन विभास | १६ | १६ |
| ८१. | शीलु | कथा | बुद्धि प्रकाश घिमिरे | १६ | १६ |
| ८२. | परिवर्तन | कथा | दीपक शर्मा 'अभागी' | १६ | १६ |
| ८३. | नेपाली मऱ्यो | कथा | महेन्द्र कुमार शर्मा | १६ | १६ |
| ८४. | साँचो प्रेम | कथा | ऋषिराम कुसुम्या (चौधरी) | १६ | १६ |
| ८५. | गाउँ अब गाउँ रहेन | कथा | भगवान दास यादव | १६ | १६ |
| ८६. | रणे | कथा | दुर्गा प्रसाद शर्मा 'दिवाना' | १६ | १६ |
| ८७. | एड्सले जीवन बिगार्छ | कथा | सुमन गिरी | १६ | १६ |
| ८८. | समय | निबन्ध | सन्तोष शर्मा | १६ | १६ |
| ८९. | अचेल रचना छैनन् | निबन्ध | निशान शर्मा | १६ | १६ |
| ९०. | एउटा मान्छे बन्न चाहने मित्रलाई त्यस्तै मित्रको चिट्ठी | पत्र | निश्चल शर्मा | १६ | १६ |
| ९१. | A Last Message to the Deceptive Beloved | पत्र | जय कुमार बुढा | १६ | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९२. | ममताको खोजीमा तड्पिरहेको मन | पत्र | स्टोनी हर्ट | १६ | १६ |
| ९३. | उनको सम्भनामा | पत्र | सागर के.सी. | १६ | १६ |
| ९४. | धोकेवाज सपना | पत्र | अञ्जान बि.सी. | १६ | १६ |
| ९५. | ख्याल ख्यालमै रङ्गिएका जीवनका रङ्ग | संस्मरण | पूर्ण बहादुर बस्नेत | १६ | १६ |
| ९६. | मेरो बसाइँसराई र गाउँको विदाई | संस्मरण | दुर्गालाल के.सी. | १६ | १६ |
| ९७. | मित्रताको उपज | संस्मरण | लीला खड्का | १६ | १६ |
| ९८. | प्रजातन्त्र र शान्ति | नाटक | बि.एस. टाइमपास | १६ | १६ |
| ९९. | जडताको कैदबाट मुक्त र स्वतन्त्र व्यक्ति नै शिक्षित भनिन लायक हुन्छ | अन्य लेख | प्रमोद धिताल | १६ | १६ |
| १००. | एक्काइशौं शताब्दीको युग र हाम्रो शिक्षा | अन्य लेख | गणेश आचार्य | १६ | १६ |
| १०१. | वर्तमान परिस्थिति र विद्यार्थी | अन्य लेख | विवेक श्रेष्ठ | १६ | १६ |
| १०२. | वर्तमान शिक्षा प्रणालीको उपलब्धि अस्तव्यस्त | अन्य लेख | गणेश वली | १६ | १६ |
| १०३. | What is Life | अन्य लेख | अनिल कुमार भट्ट | १६ | १६ |
| १०४. | आजको अवस्थामा विद्यार्थी वर्गको दायित्व | अन्य लेख | सन्तोष पोखेल | १६ | १६ |
| १०५. | विद्यार्थीले राजनीति नगरे कसले गर्ने | अन्य लेख | ध्रुव गिरी | १६ | १६ |
| १०६. | नेपालको शैक्षिक समस्या र संयुक्त विद्यार्थी आन्दोलन | अन्य लेख | गेहेन्द्र बस्नेत | १६ | १६ |
| १०७. | परिवर्तन आफैबाट शुरु गरौं | अन्य लेख | हेमराज शर्मा | १६ | १६ |
| १०८. | वर्तमान परिवेशमा विद्यार्थी आन्दोलन र यसको औचित्य | अन्य लेख | सुदीप शर्मा 'काकु' | १६ | १६ |
| १०९. | The combat & Survival | अन्य लेख | दिनेश कुमार आर.सी. | १६ | १६ |
| ११०. | Salyan | अन्य लेख | झक्की प्रसाद बुढा | १६ | १६ |
| १११. | बाबु छोराको गन्थन (चुट्किला) | अन्य लेख | टोपजंग थापामगर | १६ | १६ |

| क.सं. | शीर्षक | विधा | लेखक | वर्ष | अङ्क |
|---|---|---|---|---|---|
| १. | महान् लक्षित लामो यात्रा | कविता | चरित्रा शाहा | १७ | १७ |
| २. | यस्तै हुन्छ यहाँ | कविता | यश कुमार सुशील | १७ | १७ |
| ३. | देशलाई बदल्नु छ | कविता | विजय जि.एम. | १७ | १७ |
| ४. | पोखिएका वेदना | कविता | भीमा बि.सी. | १७ | १७ |
| ५. | O tell me the truth about Love ? | कविता | किरण थापा | १७ | १७ |
| ६. | Love | कविता | विलाश घिमिरे | १७ | १७ |
| ७. | True Love | कविता | महेन्द्र जि.सी. | १७ | १७ |
| ८. | मार्गचित्र कोर्नु पर्छ | कविता | नित्यानन्द शर्मा | १७ | १७ |
| ९. | मान्छे | कविता | यम रेग्मी | १७ | १७ |
| १०. | वार्षिक मुखपत्र | कविता | अमृत पुन (रथबहादुर) | १७ | १७ |
| ११. | यो कस्तो विवाह ? | कविता | घन श्याम भण्डारी | १७ | १७ |
| १२. | सिस्ने मुस्काउँदै छ | कविता | आभा स्पन्दन मंगोल | १७ | १७ |
| १३. | तिम्रै पर्खाइमा | कविता | हिमकर्ण बस्नेत | १७ | १७ |
| १४. | खातेको पीडा | कविता | रमेश लम्साल ‘अनन्त’ | १७ | १७ |
| १५. | Because of Thou | कविता | कमल कुमार शर्मा | १७ | १७ |
| १६. | दमन र प्रजातन्त्र | कविता | सूर्य विक्रम खड्का | १७ | १७ |
| १७. | मेरो देश | कविता | राजेन्द्र गौतम | १७ | १७ |
| १८. | ईच्छा | कविता | निशान्त गौतम | १७ | १७ |
| १९. | धोका प्रेम | कविता | पि.वि. सागर | १७ | १७ |
| २०. | शिक्षा | कविता | ओम प्रकाश पाण्डेय | १७ | १७ |
| २१. | मेरी सानु | कविता | पदम भण्डारी ‘कुसुम’ | १७ | १७ |
| २२. | नाता टुट्यो | कविता | हिरालाल भण्डारी ‘सिरियस’ | १७ | १७ |
| २३. | जीवन | कविता | कौशीला पौडेल<br>शोभा रिजाल | १७ | १७ |
| २४. | भावना | कविता | धनेश्वर वि.वि. मुस्कान | १७ | १७ |
| २५. | शान्तिको हावा चल्दा | कविता | भीमकान्त भुसाल | १७ | १७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६. | तिमीसँग | कविता | दुःख हरण यादव | १७ | १७ |
| २७. | आमाको माया | कविता | अनन्त आर.सी. | १७ | १७ |
| २८. | गीत | गीत | शिशान्त रावत | १७ | १७ |
| २९. | गजल | गजल | गिरिराज के.सी. | १७ | १७ |
| ३०. | गजल | गजल | पुष्पा बञ्जाडे | १७ | १७ |
| ३१. | गजल | गजल | उषा श्रेष्ठ 'सानु' | १७ | १७ |
| ३२. | गजल | गजल | अनिता भुसाल | १७ | १७ |
| ३३. | गजल | गजल | विप्लव 'बगर' | १७ | १७ |
| ३४. | गजल | गजल | कुसुम गौतम | १७ | १७ |
| ३५. | गजल | गजल | यशोदा पाण्डे | १७ | १७ |
| ३६. | गजल | गजल | जमुना धिताल | १७ | १७ |
| ३७. | गजल | गजल | सनत आचार्य मिसन | १७ | १७ |
| ३८. | गजल | गजल | टोपजंग थापामगर | १७ | १७ |
| ३९. | गजल | गजल | गणेश वली | १७ | १७ |
| ४०. | गजल | गजल | भूपेन्द्र भुसाल | १७ | १७ |
| ४१. | गजल | गजल | हिमा डाँगी | १७ | १७ |
| ४२. | गजल | गजल | एन.पी. आलोक | १७ | १७ |
| ४३. | मुक्तक | मुक्तक | राज कुमार चौधरी | १७ | १७ |
| ४४. | हाइकु | हाइकु | प्रकाश शर्मा 'संगम सल्यानी' | १७ | १७ |
| ४५. | बिछोड पनि कस्तो कस्तो | कथा | दुर्गालाल के.सी. | १७ | १७ |
| ४६. | सविन | कथा | मीरा पोखेल | १७ | १७ |
| ४७. | प्रेमभित्रको युद्ध | कथा | गोपाल शर्मा भट्टराई | १७ | १७ |
| ४८. | यो कस्तो प्रेम | कथा | मुकुन्द गौतम | १७ | १७ |
| ४९. | भावुकताको परिणाम | कथा | डि.आर. साकार | १७ | १७ |
| ५०. | सपना | कथा | नरेश 'आँचल' यादव | १७ | १७ |
| ५१. | सुमन सुधा | कथा | लीला देवकोटा | १७ | १७ |
| ५२. | यस्तो पनि समय | कथा | केशर वली | १७ | १७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३. | गन्तव्यहीन यात्रा | निबन्ध | नीमा गिरी | १७ | १७ |
| ५४. | फर्सी | निबन्ध | शरद विष्ट | १७ | १७ |
| ५५. | मानिस बुद्धिजीवी प्राणी कि बुद्धुजीवी प्राणी | निबन्ध | नन्दराम पाण्डे | १७ | १७ |
| ५६. | आफ्नो दीप स्वयं बालौं | निबन्ध | युवराज रेग्मी (रिकारी) | १७ | १७ |
| ५७. | तिम्रो यादमा दुई थोपा आँशु | पत्र | मुक्तिबाबु रेग्मी | १७ | १७ |
| ५८. | प्रेम पत्र | पत्र | कल्पना भुसाल | १७ | १७ |
| ५९. | जीवन कथा | संस्मरण | गणेश न्यौपाने 'घायल' | १७ | १७ |
| ६०. | बी.पी. कोइरालाको नरेन्द्र दाई उपन्यासलाई नियाल्दा | समीक्षा/ समालोचना | शिवलाल पौडेल 'शिरिष' | १७ | १७ |
| ६१. | राष्ट्र विकासमा स्ववियुको भूमिका | अन्य लेख | पवन कुमार यादव | १७ | १७ |
| ६२. | अब बन्ने नयाँ संविधानमा कस्तो शिक्षा नीति अपनाउनु पर्ला | अन्य लेख | गणेश के.के. | १७ | १७ |
| ६३. | विद्यार्थी राजनीतिलाई नियाल्दा | अन्य लेख | गणेश आचार्य | १७ | १७ |
| ६४. | विवाह दाइजो र यसको स्वतन्त्रता | अन्य लेख | केशवती भट्टराई | १७ | १७ |
| ६५. | महिला विद्यार्थी साथीहरुसँग केही कुरा | अन्य लेख | कल्पना खनाल | १७ | १७ |
| ६६. | गर्भपतन | अन्य लेख | कल्पना विष्ट | १७ | १७ |
| ६७. | लोकतान्त्रिक नेपालमा ने.वि. सङ्घको भूमिका | अन्य लेख | प्रकाश वली | १७ | १७ |
| ६८. | सहमति र सहकार्यको अपरिहार्यता | अन्य लेख | शरद बस्नेत | १७ | १७ |
| ६९. | दलीय एकताको आवश्यकता | अन्य लेख | मनु अर्याल | १७ | १७ |
| ७०. | नेपालमा सङ्घीयताको स्वरुप आत्म निर्णयको अधिकार र देश बिखण्डनको भ्रामक भय | अन्य लेख | बद्रीरत्न पन्त | १७ | १७ |
| ७१. | जीवनका मोडहरु | अन्य लेख | केशमा प्रसाद लामिछाने | १७ | १७ |
| ७२. | रुकुम स्यार्पु दह एक चिनारी | अन्य लेख | शक्ति पौडेल | १७ | १७ |
| ७३. | शिक्षा क्षेत्रको पुनर्संरचनाको | अन्य लेख | पदम रिजाल | १७ | १७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | आवश्यकता | | | | |
| ७४. | महिला र सामाजिक सङ्कीर्णता | अन्य लेख | ममता विष्ट | १७ | १७ |
| ७५. | थारु किन पछाडि | अन्य लेख | टीकाराम चौधरी | १७ | १७ |
| ७६. | नेपालमा उच्च शिक्षा एक चर्चा | अन्य लेख | खुम बहादुर कार्की 'भूगोल' | १७ | १७ |
| ७७. | दलित समुदाय र राज्यको दृष्टिकोण | अन्य लेख | लक्ष्मण स्वर्णकार | १७ | १७ |
| ७८. | संघर्षमय विद्यार्थी जीवन | अन्य लेख | प्रेम प्रकाश जि.एम. | १७ | १७ |
| ७९. | नेपालमा शैक्षिक अवस्था | अन्य लेख | तीर्थराज गौतम | १७ | १७ |
| ८०. | हामीलाई राष्ट्र प्यारो छ | अन्य लेख | राज कुमार डाँगी | १७ | १७ |
| ८१. | विद्यार्थीहरु सडकमा टायर बाल्नको लागि मात्र हुन् ? | अन्य लेख | पोम प्रसाद पोखेल | १७ | १७ |
| ८२. | Horoscope faith & Reality | अन्य लेख | टी.आर. पण्डित | १७ | १७ |

## ३.१८ निष्कर्ष

वार्षिक मुखपत्रका रुपमा प्रकाशन थालिएको **छहरा** पत्रिकाको प्रकाशनको कालक्रम नियमित देखिँदैन । प्रकाशनका कालक्रममा नियमितता नरहे तापनि २०६५ सालसम्म यसका १७ अङ्क प्रकाशित भइसकेका छन् । यस भन्दा पछाडि भने अन्य अङ्क प्रकाशित भएको पाइँदैन । कथा, कविता, निबन्ध, नाटक जस्ता साहित्यिक विधाले **छहरा**का विभिन्न अङ्कलाई साहित्यिक सबलता प्रदान गरेका छन् । साहित्यका पद्य भेद अन्तर्गत कविता, गजल, गीत, मुक्तक, हाइकु **छहरा**का विभिन्न अङ्कमा प्रकाशित भएका देखिन्छन् भने गद्य भेद अन्तर्गत कथा, निबन्ध, पत्र, संस्मरण र अन्य लेखहरु पनि प्रकाशित भएका पाइन्छन् । **छहरा**मा प्रकाशित सामग्रीको परिमाणात्मक स्थितिलाई हेर्दा : कविता ६७१, गजल ४३, मुक्तक २९, गीत २०, हाइकु ७ पद्य रचनातर्फ रहेका छन् भने गद्यतर्फ कथा ११२, निबन्ध २४, पत्र १४, समीक्षा/समालोचना ८, संस्मरण ७, नाटक ५ र अन्य लेख १३५ रहेका छन् । यी र यस्ता विभिन्न रचनाहरुले नै **छहरा**को साहित्यिक योगदानलाई विशिष्ट तुल्याएका छन् ।

# परिच्छेद-चार

# छहरा'मा प्रकाशित पद्य रचनाको विश्लेषण

## ४.१ विषय प्रवेश

२०३० सालदेखि २०६५ सालसम्मका १७ अङ्कमा प्रकाशित **छहरा** पत्रिकामा प्रकाशित पद्य रचनाहरुलाई हेर्दा कविता, गजल, गीत, मुक्तक, हाइकुले स्थान पाएका छन् । **छहरा**भित्र परिमाणात्मक दृष्टिले कविता नै सबैभन्दा बढी देख्न सकिन्छ । यस पत्रिकाका सम्पूर्ण अङ्कभित्रका कविताको संख्या ६७१ रहेको छ । राष्ट्रियस्तरका श्रष्टाहरुसँगै स्थानीय स्तरका श्रष्टाहरुसम्मलाई कविका रुपमा **छहरा**मा देख्न सकिन्छ । कविताका सङ्क्षिप्त रुपदेखि मझौला रुपसम्ममा **छहरा**का कविता संरचित रहेका छन् । प्रायः गद्य कविताहरु भए तापनि केही छन्दमा निकै नै परि पुऱ्याएर लेखिएका कविताहरु पनि **छहरा**मा रहेका छन् ।

कवितापछि परिमाणात्मक दृष्टिले **छहरा**भित्र पद्य रचनाहरुमा गजल अधिक उपस्थित रहेको देखिन्छ । प्रस्तुत पत्रिकाभित्र बाह्र अङ्कदेखि मात्र देखिएको गजलमा कतिपय शिल्प संरचनाका दृष्टिले कमजोर एवम् गजलको शिल्प संरचनामा नरहेका काव्यात्मक अभिव्यक्तिलाई पनि गजलका नाममा राखिएको छ । यद्यपि **छहरा**भित्र बिस्तारै विधागत सचेततातर्फ उन्मुख हुन खोजेका गजलीय रचनाहरु पाइन्छन् । स्थानीय स्तरमा कहलिएका गजलकारदेखि नयाँ सिक्दै गरेका श्रष्टाहरुका गजलले **छहरा**लाई अझ पवित्र र कञ्चन बनाउने प्रयास गरेका छन् । **छहरा**का सम्पूर्ण अङ्कहरुलाई नियाल्दा जम्मा ४३ वटा गजल रचना देख्न सकिन्छ ।

पद्य रचनाहरुमा **छहरा**भित्र मुक्तकको तेस्रो स्थान देखिन्छ । समग्र **छहरा**को अध्ययनमा जम्मा २९ मुक्तक रचना भेटिए पनि थुप्रै रचनाहरु वर्तमान मुक्तकीय शिल्प संरचनामा नभएको पाइन्छ । पन्ध्रौं अङ्कमा जयन्द्र वली र सत्रौं अङ्कमा राजकुमार चौधरीका मुक्तकलाई अहिले स्वीकारिएको मुक्तकीय शिल्प संरचनाका कसीमा सबल मान्न सकिन्छ । यद्यपि यी रचनाहरु भाव सम्प्रेषणका दृष्टिले केही फितला नै देखिन्छन् । त्यसै गरी विधागत शिल्प संरचनामा नरहेका कतिपय मुक्तक नामका काव्यिक अभिव्यक्तिलाई भाव सम्प्रेषणका दृष्टिले सबल मान्न सकिन्छ ।

**छहरा** पत्रिकाभित्र गीति रचनाहरु पनि भेटिन्छन् । भाव सम्प्रेषणका दृष्टिले प्रस्तुत पत्रिकाभित्र विविध खालका गीति रचनाहरु रहेका छन् । अहिलेसम्म प्रकाशित भएका सम्पूर्ण **छहरा**का अङ्कहरु खोतल्दा जम्मा २० वटा गीति रचनाहरु रहेका छन् । कतिपय गीति रचनाहरुलाई गीत भनेर कविताका रुपमा प्रकाशित गरिएको पाइन्छ ।

पद्य संरचनामा **छहरा**भित्र रहेका विभिन्न रचनाहरुमा सबैभन्दा कम हाइकु रहेका छन् । सम्पूर्ण **छहरा**भित्र खोतल्दा पनि जम्मा ७ वटा हाइकु रचना पाउन सकिन्छ । यद्यपि ती हाइकुहरु पाँच-सात-पाँचको संरचनामा नरहेकाले शिल्प संरचनाका दृष्टिले ती रचना कमसल ठहर्दछन् । भाव सम्प्रेषणका सन्दर्भमा भने ती रचनाहरुलाई त्यति कमजोर नै मान्न सकिदैन ।

## ४.२ विश्लेषणका आधारहरू

साहित्यिक मूल्यका दृष्टिले निकै नै समुन्नत तथा समृद्ध विधा कविता र यसका विविध रुपलाई पद्य रचनाहरुको रुपमा प्रस्तुत गर्दै **छहरा**का समग्र अङ्कहरुको अध्ययन पश्चात् प्रतिनिधि रचना छनौट गरी यहाँ तिनको काव्यात्मक मूल्य अङ्कन र विश्लेषण गरिएको छ । विषयवस्तुको गम्भीरता, कलात्मक अभिव्यञ्जना अर्थात् काव्यात्मक मूल्य, श्रष्टाका स्थापित मूल्य, विषयवस्तुको विविधतालाई प्रतिनिधि छनौट र विश्लेषणको आधारका रुपमा अबलम्बन गरिएको छ । यद्यपि नेपाली भाषा बाहेकका पद्य रचनाहरुलाई भने यहाँ अध्ययन क्षेत्रभित्र समावेश गरिएको छैन ।

## ४.३ विषयवस्तु तथा प्रवृत्तिका आधारमा 'छहरा'मा प्रकाशित पद्य रचनाको विश्लेषण

गद्य रचनाको तुलनामा दोब्बरभन्दा पनि अझ बढी पद्य रचनाहरु **छहरा** पत्रिकामा प्रकाशित भएका छन् । देश प्रेम तथा प्रकृति प्रेम, परिवर्तनधर्मी चेतनाको अभिव्यञ्जना, राजनीतिक, सामाजिक एवम् आर्थिक विकृति र विसङ्गतिको चित्रण, प्रणय भावको अभिव्यञ्जना, स्तुतिपरक अभिव्यक्ति **छहरा**का पद्य रचनामा विषयवस्तु तथा प्रवृत्तिका रुपमा आएको देखिन्छ । कविता, गजल, मुक्तक, गीत, हाइकुजस्ता पद्य रचनाहरुले **छहरा**लाई एउटा सुपुष्ट पत्रिका बनाउन निकै नै महत्त्वपूर्ण योगदान गरेका छन् । तिनै पद्य रचनाले संवहन गरेका विषयवस्तु तथा प्रवृत्तिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### ४.३.१ देश प्रेम तथा प्रकृति प्रेमको प्रस्तुति

**छहरा**मा प्रकाशित त्यस्ता थुप्रै पद्यमय अभिव्यक्तिहरु छन् जसले स्वदेशको गान निकै नै सशक्त रुपमा प्रस्तुत गरेको पाइन्छ । प्रायः सबै सबै अङ्कमा यस्ता देशप्रेमी तथा प्रकृतिप्रेमी रचनाहरु रहेका छन् । देश र प्रकृतिलाई मानवीकरण नै गरेर पनि पद्यमय अभिव्यक्तिका सुन्दर शिल्पमा देखिने त्यस्ता रचनाहरुले मनभित्र स्वदेशी प्रकृतिप्रेमको नवीन एवम् नूतन भाव लहरको तरङ्ग सिर्जना गरेका छन् । यस किसिमका केही पद्य रचनाहरुको निम्नानुसारको विवरण प्रस्तुत गर्न सकिन्छ ।

| अङ्क | शीर्षक | श्रष्टा | विधा |
|---|---|---|---|
| ४ | नेपाल आमाको सम्झनामा | विष्णु पोखेल | कविता |
| ६ | स्वदेश प्रेम | तेजेन्द्र पौडेल | कविता |
| ६ | हामी र हाम्रो देश | देवका पोखेल | कविता |
| ९ | म र मेरो देश | रेग्मी किरण | कविता |
| १५ | मेरो गाउँ फर्काउ | सन्ध्या रेग्मी | कविता |
| १७ | गजल | अनिता भूषाल | गजल |
| १७ | मेरो देश | राजेन्द्र गौतम | कविता |

स्वदेश प्रेम तथा प्रकृति प्रेमको भावाभिव्यञ्जित भएका थुप्रै पद्य रचनाहरुमध्येबाट सत्रौं अङ्कमा प्रकाशित राजेन्द्र गौतमको 'मेरो देश' शीर्षकको कविताका केही अंशलाई यहाँ साभार गर्नु उचित ठहर्दछ :

*जहाँ मैले बामे सर्दाका पलहरु*

*अनि तोते बोलीको निश्छलता गुजारें*

*जहाँ म मेरी आमाको काख अनुभूत गर्छु*

*अनि जोवन चढ्दै जाँदा*

*बैंस फूलेकी सुन्दरी प्रेयसी जस्तै लाग्छ*

*म मेरो देशमा लाखौंको आभास पाउँछु*

*त्यसैले त एकमा अनेक छ मेरो देश नेपाल (गौतम, २०६५:१०६) ।*

प्रस्तुत काव्याभिव्यक्तिले स्वदेशी आत्मीयतामा आफूलाई बालक र प्रेमीका रुपमा प्रस्तुत गर्ने कवि मनलाई प्रस्तुत गरेको छ । बालापनको स्वर्णीम पलहरुमा सहारा बनेका स्वदेशी भूमिलाई आमासँग तुलना गरिएको प्रस्तुत अभिव्यक्तिको अर्को भिल्कामा आफ्नो प्रणयिनीको झझल्कोलाई प्रस्तुत गरिएको छ । लाखौंमा एक एकमा अनेक जस्ता काव्यमय अभिव्यक्तिबाट देशप्रेमी एवम् प्रकृतिप्रेमी भाव एकै साथ साउने सरुझैं उर्लेर प्रस्तुत भएको पाइन्छ ।

देशले भोग्नु परेका विभिन्न बितण्डालाई पनि **छहरा**का पद्य रचनाहरुले निकै मार्मिक रुपमा प्रस्तुत गरेका छन् । विशेष गरी देशमा व्याप्त युद्ध र त्यसैलाई प्रस्तुत गर्ने सन्दर्भमा यस्ता अभिव्यक्तिहरु निकै नै भावपूर्ण भएर **छहरा**भित्र प्रस्तुत भएका छन् । यसै सन्दर्भमा सत्रौं अङ्कमा नै रहेको अनिता भूषालको गजलका शेरलाई उदाहरणका रुपमा प्रस्तुत गर्नु सान्दर्भिक ठहर्दछ :

*बाँचेर पनि आज कठै एकाएक मऱ्यो देश ।*

*हेर्दा हेर्दै पहिरोमा भासिएर झऱ्यो देश । (भुषाल, २०६५:९९)*

आफ्नो मातृ थलोबाट पर रहँदाका पीडालाई पनि **छहरा**भित्रका श्रष्टाहरुले करुण रुपमा प्रस्तुत गरेका छन् । देशले अर्थात् हाम्रा बस्तीहरुले युद्ध पालेर बाँच्नु पर्दाकाको पीडाको छटपटीलाई **छहरा**का थुप्रै पद्य सिर्जनामा भेट्न सकिन्छ । जसले हृदय नै व्यथित बनाउँछन् र जो कोहीलाई पनि पीडा महसुस हुन्छ । सन्ध्या रेग्मीको 'मेरो गाउँ फर्काउ' शीर्षकको कविताका केही अंश **छहरा**को १५औं अङ्कबाट हेर्न सकिन्छ :

*कहाँ छुप्यो गाउँ मेरो टाढा भने छैन ।*

*मनभित्र लुकी बस्छ रम्न पाको छैन ॥*

*राग हुन्थ्यो सुसेलीमा गीत हुन्थ्यो बोली ।*

*रगत बग्छ दशैं, फागु के भो आज भोलि ॥ (रेग्मी, २०५९:३७) ।*

आमाको काखझैं ममतामयी स्वदेशको माया मार्नेहरुप्रति **छहरा**भित्रका कविहरुको गुनासो देख्न सकिन्छ । स्वदेशी माया भुलेर पराइसँग रमाउनेहरुलाई नेपाली पन र नेपाली मन लिएर स्वदेश फर्कन गरिएका आग्रह पनि **छहरा**भित्र निकै नै सुललित रुपमा अभिव्यक्त भएको छ । मुरलीको मृदु स्वरलाई पछ्याउँदै खुकुरीले कोरेका गाथा सँगाल्दै मनभित्र देश विकासमा लाग्ने आह्वानका अभिव्यक्तिसँगै **छहरा** छङछङाइरहेको छ । जस्तै :

*आओ बेर भयो फूकेर मुरली सालैजू गाउँ सब ।*

*सज्ने हो हिंड देश बोक खुकुरी, गैंती फरुवा अब ॥*

*हाम्रै हुन नव गण्डकी, हिमचुली पाखा पखेरा वन ।*

*पोखौं सबै खुशी हृदयले सुम्पौं यहीं जीवन ॥ (पौडेल, २०३७:१५) ।*

**छहरा** वर्ष ६ अङ्क ६ मा 'स्वदेश प्रेम' शीर्षकको तेजेन्द्र पौडेलको माथि उल्लिखित कवितांशले स्वदेश प्रेमको भावाभिव्यक्तिको प्रतिनिधित्त्व गर्दछ ।

## ४.३.२ परिवर्तनधर्मी चेतनाको अभिव्यञ्जना

साहित्य समाजका रुग्णता, सङ्कीर्णता, सङ्कुचनतर्फ सचेत रहँदै समुन्नतिको मार्गतर्फ अर्थात् प्रगतिको मार्गतर्फ उन्मुख रहनु पर्दछ । सुधारको चाहना, समुन्नतिको अपेक्षा, परिवर्तनको आशा नगरी त्यसतर्फ सकारात्मक नरहने सिर्जनाहरु कोरा मनोरञ्जनका लागि मात्र सीमित रहन्छन् । त्यसतर्फ सचेत रहेर सामाजिक परिवर्तनको अपेक्षासहित प्रगतिको लागि आह्वान गरिएका, समाजमा व्याप्त रुग्नता, सङ्कीर्णता, सङ्कुचन आदिबाट समाजलाई जोगाउँदै सत्मार्गतर्फ उन्मुख हुन अपिल गरिएका रचनाहरुको पनि **छहरा** पत्रिकाभित्र राम्रै उपस्थिति देखिन्छ । यसभित्रका यस किसिमका प्रायः रचनाहरु प्रगतिवादी मार्गतर्फ मोडिएको आभाष पनि पाइन्छ । शासकीय अत्याचारको विरोध गर्दै राजनीतिक सुधारलाई निकै सशक्त रुपमा **छहरा**भित्रका पद्य रचनाहरुले अलापिरहेको पाइन्छ । यस किसिमको भाव सम्प्रेषण गर्ने केही पद्य रचनाहरुको विवरण निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

| अङ्क | शीर्षक | श्रष्टा | विधा |
|---|---|---|---|
| ३ | मेरो पुरानो घर | शम्भु प्रसाद गौतम | कविता |
| ५ | जुम्रा | के.आर. लम्साल | कविता |
| ५ | आफ्नै बादलसँग | अमर गिरी | कविता |
| ५ | केही टुक्राटाक्रीहरु | चौधरी लीला गम्भीर | कविता |
| ११ | जीवन | राधा लम्साल | कविता |
| १० | आगमन | सुधा धिताल | कविता |

जब अन्याय र अत्याचारले सीमा नाघ्छ तब शोषितहरु आक्रामक बन्दछन् अनि शोषकका आसन भत्काउँछन् । त्यस्तै विद्रोहको ज्वालाले शोषकहरुलाई खरानी पार्दछ भन्ने भाव यस किसिमका रचनाहरुले संवहन गरेका छन् । के.आर. लम्सालको अङ्क ५ मा रहेको 'जुम्रा' शीर्षकको कविताका केही अंशलाई उदाहरणका रुपमा प्रस्तुत गर्न सकिन्छ ।

*जुम्रा विचार गर शोषण नीतिको अन्त गर*

*अब तेरो बास छैन, धेरै टिक्ने आश छैन*

*कपाललाई रात दिन कोर्ने गर्छु*

*काइँयोको धर्सासँग तँलाई तान्ने गर्छु*

*एक दुई दिन छिपी बस्लास अब तेरो अन्त गर्छु गर्छु*

*जुम्रा विचार गर् आफ्ना शोषण नीतिको अन्त गर । (लम्साल, २०३६:१६) ।*

प्रस्तुत पद्यांशमा तत्कालीन पञ्चायती व्यवस्था र पञ्चायती शासकलाई जुम्राको प्रतीकका रुपमा प्रस्तुत गर्दै शासकीय अत्याचारको विरोध प्रस्तुत गरिएको छ । शासक वर्गको थिचोमिचोबाट आक्रान्त भएकाहरुको आवाजलाई प्रस्तुत काव्याभिव्यक्तिमार्फत बुलन्द पारिएको छ ।

पुरानो व्यवस्था र त्यसका चालचलनलाई फेर्ने अपेक्षा सहितका अभिव्यक्तिहरु पनि प्रतीकात्मक रुपमा **छहरा**भित्र अभिव्यञ्जित भएको पाउन सकिन्छ । नयाँ पुस्ता र नयाँ युगसँग समायोजित हुन नसक्ने बुर्जुवा व्यवस्थाप्रतिको असन्तुष्टि र त्यसलाई फाल्ने आग्रह अङ्क ३ मा रहेको शम्भुप्रसाद गौतमको 'मेरो पुरानो घर' शीर्षकको कविताका अंशमा भेट्न सकिन्छ । जस्तै :

*धेरै सदस्यको क्रन्दन एउटै छ*

*यस्तो घरमा अब कसरी टिक्ने हो*

*अब चाँडै यसको जग फेर्ने हो*

*ढुङ्गो माटो आफै बोक्ने*

*धीमिरा सिमिरा सब मिल्काइन्छ*

*भाइ बहिनी सबै मिलि*

*निरोगी अब पार्ने हो (गौतम, २०३३:१७) ।*

यस पद्यांशमा पुरानो घरलाई शासन व्यवस्थाको प्रतीकका रुपमा प्रस्तुत गरिएको छ । धमिरा लागेर मक्कीसकेको घरलाई नयाँ स्वरुप दिने नयाँ युग र नयाँ पुस्ताको अग्रगामी चिन्तनलाई यस कविताांशले प्रस्तुत गरेको छ । यथास्थितिको आलोचना र आमूल परिवर्तनको सन्देश यहाँ मुखरित भएको छ ।

समसामयिक चिन्तन राजनीतिक परिवर्तनको चाहना **छहरा**भित्र निकै अर्थपूर्ण, प्रतीकात्मक र बिम्बमय भएर आएको देखिन्छ । जनचाहना र जनअपेक्षालाई नजिकबाट बुझेका श्रष्टाहरु कुशासन र कुकृत्यको चपेटामा परेका निरिहहरुका आवाजलाई बुलन्द पार्न **छहरा**मा हिच्किचाएका छैनन् । अत्याचारलाई सहन नसकी क्रान्तिका लागि उर्लिएको जनलहरलाई पनि कविहरु प्रतीकात्मक रुपमा प्रस्तुत गर्दछन् । यसकै उदाहरणका लागि अङ्क ५ मा प्रकाशित अमर गिरीको 'आफ्नै बादलसँग' शीर्षकको कविताका केही अंशलाई लिन सकिन्छ । जस्तै :

*कठै ! छोप्तै छोप्तै*

*लेक बेसी फाँटभरी छोप्तै बादल*

*उडिरहेछ आकाशमा,*

*धर्तिको छातिबाट निस्केको यो बादल*

*पक्कै छचल्केर आकाशमा हिंडिरहेछ*

*गाउँदै तालचरी झैं, थाक्दा बिसाउँछ*

*फेरी धर्तिकै छातिमा सहर्ष मेरै*

*भन्ठानेर लिन्छ धर्ति*

*मुखले म्वाइँ खाँदा उसको गालामा (गिरी, २०३६:२२)*

प्रस्तुत कवितांशमा बादललाई क्रान्तिको प्रतीकका रुपमा प्रस्तुत गरिएको छ । आकाशमा बादलले छोप्दै जानु भनेको यहाँ क्रान्तिले सबैतिर चेतना र जागरणको लहर सिर्जना गर्नु भन्ने रहेको बुझ्न सकिन्छ । यहाँ क्रान्तिकारीहरुलाई तालचरीका रुपमा प्रस्तुत गर्दै कविले धर्तीलाई माया गर्ने धर्ती पुत्रहरुको युगीन चेतना र परिवर्तनको अपेक्षालाई मुखरित गरेका छन् ।

वर्गीय चिन्तन पनि **छहरा** भित्रका पद्य रचनाहरुमा देख्न सकिन्छ । हुने खाने र हुँदा खाने दुई वर्ग, ती वर्गका बीचको खाडल पुर्ने अपेक्षा यस्ता पद्यहरुमा पाउन सकिन्छ । हुने खानेहरु जो श्रम विना नै फलिफाप छन् । विलासीताको भासमा भासिएका छन्, अर्कोतिर हुँदा खानेहरु हरक्षण श्रम गर्दा पनि सधै पेटको पिरलोमा पिल्सिरहन्छन् । यो वर्ग विभेद र सामन्ती संस्कारले निम्त्याएका कारण वर्ग विभेदलाई हटाउनु पर्ने आग्रह यस्ता पद्यहरुमा गरिएको छ । उदाहरणका रुपमा यहाँ चौधरी लीला गम्भीरको अङ्क ५ बाट साभार गरिएका काव्याभिव्यक्तिलाई प्रस्तुत गर्न सकिन्छ । जस्तै :

*यो धरती मान्छेका लागि हो,*

*यहाँ सम्पूर्णले गास र बास पाउनु पर्छ ।*

*यो जीवन बाँच्नका लागि हो,*

*यहाँ मान्छे मान्छे भै बाँच्न पाउनु पर्छ । (गम्भीर, २०३६:२३) ।*

सम्पन्नताको आडम्बरले विपन्नहरुप्रति मानवीय व्यवहार नै नगरिने तथ्य यहाँ मुखरित भएको छ । यो धरती साझा हुँदा हुँदै पनि एकले अर्काको थिचोमिचो सहनु पर्ने, सम्पन्नहरुको रजाइँ र विपन्नको कजाइको अन्तको चाहना यहाँ निकै सशक्त रुपमा अभिव्यक्त भएको छ । वर्गीय असमानतालाई अझ सशक्त रुपमा प्रस्तुत गरिएको माथि उल्लेखित अङ्क र श्रष्टाकै सोही रचनाको अर्को अंश हेरौं :

*यो फाँटले जन्माइरहेछ*

*नाना वर्गका दूधे बच्चाहरु*

*कुनैलाई पौष्टिक गर्भमा राखेर*

*कसैलाई रोग र भोकले ग्रस्त पारी*

*उसिनेको छालाको थैलोमा राखेर*

*अतः*

*यो फाँटको दृश्य यस्तै छ*

*कतै सम्पन्नताको नववहार रहेछ*

*त कतै विपन्नताका सुस्केरा सुसाइरहेछ । (गम्भीर, २०३६:२४) ।*

सामन्ती समाजको नाङ्गो चित्रलाई यस पद्यमा देखाउन खोजिएको छ । पूँजीवादी संरचनाले मानवमाथि नै गरेको थिचोमिचोको यथार्थ प्रस्तुति यसमा पाइन्छ । सम्पन्नताको भव्य उत्सव चलिरहँदा विपन्नताले चित्कार गरिरहँदा पनि पूँजीवादका पृष्ठपोषकहरु त्यसप्रति बेखबर रहन्छन् । कोही खानसम्म पनि नपाएर छटपटाउँदा कोही भने मस्त रहने चलनको वास्तविकता यहाँ प्रस्तुत गरिएको छ ।

यसैगरी **छहरा**भित्र सामन्ती समाज र सामन्तहरुको शोषणको चरम चपेटामा परेका निरिह सर्वहाराहरुको चित्कारलाई पनि प्रष्ट पारिएको छ । प्रगतिवाद उन्मुख आँखिझ्यालबाट साम्यवादी संसार चियाउने प्रयत्न यस्ता रचनामा गरिएको पाइन्छ । पूर्व उल्लिखित अङ्क श्रष्टा र शीर्षककै रचनाका अन्य अंशलाई उदाहरणका रुपमा राख्दा :

*लुच्चे स्यालको रजाइँ*

*एकको होइन अनेकौंको*

*निर्धा निर्बल जीवलाई*

*लुछीलुछी मासु सकेर*

*अस्थिपञ्जरसमेत घिचेकै छ*

*भूँडी भरेर*

*अरुलाई शक्तिविहीन तुल्याएर*

*हिंस्रक जात यस्तै रहेछ*

*अरुमाथि ताकेकै हुन्छ । (गम्भीर, २०३६ : २४)*

केन्द्रीकृत शासन व्यवस्था र त्यसका पक्षपातिहरुले श्रमको भरमा जिउने श्रमिकमाथि गर्ने गरेको अन्यायको एक सजीव चित्र प्रस्तुत पद्यांशमा पाउन सकिन्छ । कर्म नगरी धनी बन्ने र श्रमका पूजारीहरु नै सडकमा रहने प्रणालीलाई यहाँ देखाउन खोजिएको छ । यिनै विभेद विरोधका स्वरहरु **छहरा**भित्रका पद्य रचनाहरुले निकै नै सशक्त रुपमा अलापिरहेको पाइन्छ । अन्याय, अत्याचार, थिचोमिचो, कुसंस्कार, कुकृत्य, सामन्ती प्रणालीको विरोधमा लाग्ने प्रेरणा **छहरा**का पद्य रचनाहरुले संवहन गरिरहेका छन् । अङ्क ११ मा 'जीवन' शीर्षकमा रहेको राधा लम्सालको कवितांशलाई उदाहरणका रुपमा साभार गर्न सकिन्छ । जस्तै :

*जीवन रोएर जिउनु भन्दा*

*आहुती नै भैदिए के हुन्छ र । (लम्साल, २०४६ : २४)*

यहाँ कायर भएर होइन क्रान्तिकारी भएर बाँच्ने आग्रह बुलन्द पारिएको छ । निर्धो र निरीह बनेर बाँच्नुभन्दा क्रान्तिमा आहुति भइदिनु नै श्रेयस्कर ठानिएको छ । त्यस्तै अरु दुई लाइन पनि यस्ता रहेका छन् :

*जीवन यौटा कठिन यात्रा हो,*

*यो क्रम जारी रहेकै हुनु पर्दछ । (लम्साल, २०४६ : २४)*

यी पङ्क्तिहरुले जीवनलाई कठिन यात्राका रुपमा प्रस्तुत गर्दै त्यही कठिनाइसँग जुध्न सक्नुपर्दछ । भाग्ने होइन निडर भएर कठिनाइको सामनामा लाग्ने प्रेरणा दिइएको छ । त्यही कठिन यात्रा सँधैं सँधैं चलिरहन्छ र हामी पनि यात्रा देखि बिचलित नभई यात्रारत रहनु पर्दछ भन्ने सन्देश संवहन भएको पाइन्छ । यस्तै परिवर्तनकामी पद्य सिर्जनाहरुको निकै राम्रो उपस्थिति **छहरा**भित्र देख्न सकिन्छ । तत्कालीन पञ्चायती शासन, पूँजीवादको चरम रुप, शासकीय ज्यादतिको विरोधमा यस्ता रचनाहरु निकै सशक्त रहेका छन् । आमूल परिवर्तनको अपेक्षा सहित युगीन चेत यस्ता रचनाहरुमा प्रस्तुत भएको छ ।

### ४.३.३. राजनीतिक, सामाजिक एवम् आर्थिक विकृति र विसङ्गतिको चित्रण

समाज, समय मात्र होइन सिङ्गो संसार र सिङ्गो युग नै विकृति र विसङ्गतिले आक्रान्त छ, हो यही यथार्थ अभिव्यक्ति **छहरा**का पद्य रचनामा निकै नै जीवन्त रुपमा प्रस्तुत भएको छ । ती विकृति विसङ्गतिबाट बच्न बचाउन पनि आग्रह गरिएको छ । बाह्य वातावरणसँग मान्छेको भित्री मन पनि विकृत हुँदै गरेको छ । राज्यका सम्पूर्ण संयन्त्रहरु विकृति विसङ्गतिको खिया लागेर जीर्ण बन्दै गएका छन् । यही यथार्थको स्पष्ट रुप **छहरा**का पद्य रचनाहरुमा श्रष्टाहरुले देखाउन खोजेका छन् । विकृति र विसङ्गतिको भासमा भासिएकाहरुलाई

भासबाट उम्कन र उम्कने उपाय पनि **छहरा**का पद्य रचनाहरुमा सुझाइएको छ । विसङ्गत बन्दै गएको यो युगको छट्पछि र आक्रान्त समाजका करुण पुकारहरु **छहरा**मा पाउन सकिन्छ । नातावाद, कृपावाद, घुसतन्त्र, लुटाहा, लागुऔषध व्यापार, चेलीबेटी बेचबिखन यी सबै सबै सन्दर्भ **छहरा**मा प्रस्तुत गरिएका छन् । यस प्रवृत्तिका केही रचनाहरु :

| अङ्क | शीर्षक | श्रष्टा | विधा |
|---|---|---|---|
| ४ | अन्तरवार्ता र एक जीवन | मधुसुदन गौतम | कविता |
| ३ | घमण्ड | नारायणप्रसाद शर्मा | कविता |
| ६ | ताल्चामा साँचो मिलेन | मुरलीधर पुरी | कविता |
| ७ | जागिर | कपिल किशोर घिमिरे | कविता |
| ७ | ऊ अन्त्यसम्म पनि मागिरहेछ | महेशराज शर्मा | कविता |
| १२ | हामी | अर्विट अधिकारी | कविता |
| १२ | गजल | सुदीप गौतम | गजल |
| १३ | दाइजो | राजेन्द्र पौडेल | कविता |
| १३ | यी बिरुवाहरु/यी नानीहरु | नारायण सल्यानी | कविता |
| १५ | ए बुद्ध तिमी कहाँ छौ | मित्रलाल पार्धे 'हिमाल' | कविता |
| १५ | वर्तमान | नरेन्द्रकुमार रानामगर 'निर्दोष' | कविता |
| १६ | शान्ति र विकास | पुष्कर रिजाल | कविता |
| १६ | गरीब | यम रेग्मी | कविता |

*आँशु निचोरिएर आँखाबाट आए झैं*

*प्रेमको बोलीमा झम्टा सौन्दर्यको टीका लालिमा रंगिएझैं*

*चैतन्य, पानीको भूमरीमा रिंगिएर अत्तालिन्छ*

*अन्तरवार्ताको स्टेजमा ठोकिंदा*

*मान्छे मान्छेले घिसार्छन् उसका अनुभूतिहरु*

*फिटफाट भएको मान्छेको चैतन्य*

*चिप्लिएर बाटामा गड्याम्म पछारिन्छ*

*ऊ अन्तरवार्ताको अर्थमा चौकन्ना पर्छ । (गौतम, २०३५ : ३१)*

**छहरा** अङ्क ४ मा 'अन्तरवार्ता र एक जीवन' शीर्षकमा रहेको मधुसुदन गौतमको कविताका माथि उल्लिखित अंशहरुमा अन्तरवार्ताको औपचारिक लडाइ लड्दा लड्दै थकित हुनुपर्दाको पीडा निकै नै सजीव रुपमा प्रस्तुत गरिएको छ । ज्ञान र योग्यतालाई बेवास्ता गर्दै असान्दर्भिक समस्यामा अल्भ्फाउने, आफ्ना नाता पर्ने, आफ्ना भरौटलाई अगाडि सार्ने, नातावाद, कृपावाद, फरियावाद, घुसखोरीतन्त्रको चरम चपेटामा परेर आक्रान्त भएका सोझा निमुखाहरुका पीडा प्रस्तुत पद्यांशमा मुखरित भएको पाइन्छ । क्षमता र योग्यताको कदर नहुने, सीप र लगनको मूल्य नै नहुने भ्रष्ट संस्कारका सन्दर्भ पनि **छहरा** अङ्क ७ मा रहेको 'जागिर' शीर्षकको कविताका अंशले पनि यस्तै सन्दर्भलाई उजागर गरेको पाइन्छ । जस्तै :

*आफ्नो लिलामीको*

*विज्ञापन बोकेर*

*थोत्रा प्रमाणपत्रहरु*

*काखी च्यापेर*

*आफूलाई बेच्नु पनि*

*आखिर बेच्नु त हो नि ! (घिमिरे, २०३८, २४)*

यिनै पद्यांशहरुले युगीन पीडालाई अलापिरहेका छन् । योग्यताको कुनै कदर नहुने, कसैको गुलामी गर्नुपर्ने अन्यथा बेरोजगार भई सडक सडक भौंतारिनुपर्ने सन्दर्भहरु यहाँ प्रस्तुत भएका छन् । योग्य व्यक्तिहरु पनि पन्छाइने र नेताहरु, शासकहरु आफ्नै पिछलग्गुहरुलाई राज्यका हर संयन्त्रमा हुल्न उद्दत भएका सन्दर्भहरुलाई यी पद्यहरुमा अभिव्यञ्जित गरिएको छ । राज्य सञ्चालनको प्रमुख हिस्सा राजनीति नै विकृतिको मूल थलो बनेको सन्दर्भ पनि **छहरा**मा देख्न सकिन्छ । राजनीतिक क्षेत्रमा व्याप्त कुसंस्कारको नाङ्गो चित्रलाई बाहिर ल्याउन **छहरा**भित्रका पद्य रचना चुकेका छैनन् । देश हाँक्ने राजनीतिकर्मीहरु नै भ्रष्ट र घुस्याहा भएको कुरा **छहरा**मा पाउन सकिन्छ । टेबलमुनिको व्यवहारलाई प्रस्तुत पत्रिकाका पद्य रचनाहरुले सशक्त रुपमा प्रस्तुत गरेका छन् । राजनीतिले गर्दा आज सिङ्गो राष्ट्र नै बदनामी भएको छ । शिक्षा, स्वास्थ्य जस्ता सबै क्षेत्रहरु घुसखोरीहरुको बिगबिगीले आक्रान्त बनेको छ भन्दै **छहरा** अङ्क ७ मा महेशराज शर्माले 'ऊ अन्त्यसम्म पनि मागिरहेछ' शीर्षकको कवितामा भन्छन् :

*सधैं सधैं म देख्छु*
*गल्लीभरी थुप्रै थुप्रै भुस्याहा कुकुरहरु*
*कुनै कुनै मात्र होलान् घरपालुवा*
*होइन भने जम्मै भुस्याहा*
*जे पायो त्यही खाने*
*जहाँ पायो त्यहीं जाने*
*त्यसै त्यसै हिडिरहेका हुन्छन् । (शर्मा, २०३८ : ३६)*

प्रस्तुत कवितांशमा घुस्याहरुको चुसाइबाट खोक्रो बन्दै गएको राष्ट्रको बिचल्ली महसुस गर्न सकिन्छ । यहाँ भुस्याहा कुकुर बनेर प्रतीकात्मक रुपमा राज्यका घुस्याहाहरु आएका छन् । जो जहाँ पुग्छन् आफ्नो नाङ्गो नाच देखाउन पछि पर्दैनन् । यस्तै कुकृत्यलाई अझ प्रष्ट रुपमा उतारिएको **छहरा** अङ्क ६ मा रहेको मुरलीधर पुरीको 'ताल्चामा साँचो मिलेन' शीर्षकको कवितांशलाई यहाँ साभार गर्नु सान्दर्भिक ठहर्दछ :

*जागिर मिल्यो, भन्सार मिलेन*

*काज मिल्यो पेश्की मिलेन ।*

*कोषमा चन्दा मिल्यो*

*श्रमिकलाई श्रम मिलेन*

*यी सब क्षेत्रमा सबैको दृष्टि मिल्यो*

*इन्साफ र न्याय मिलेन । (पुरी, २०३७ : ०६)*

कर्मचारी वर्गले ठगी खाने प्रथा, भ्रष्ट कार्यालयमा जान चाहने कुत्सित व्यवहारलाई माथिको पद्यांशमा निकै सुललित रुपमा अभिव्यक्त गरिएको छ । जनताले तिरेको करमा रजाइँ गर्ने र राज्यलाई रित्तो बनाउने नालायकहरुको व्यवहारको प्रष्ट चित्र नै प्रस्तुत पद्यांशमा देख्न सकिन्छ । यस्तै विकृत रुपलाई प्रस्तुत गर्ने अङ्क १२ बाट सुदीप गौतमका गजलीय शेरलाई यहाँ उद्धृत गर्नु उचित देखिन्छ ।

*के छ यो देशभित्र कसले भन्छ खाली छ ।*

*प्रशंसा बरु थोरै होला थुप्रै थुप्रै गाली छ । (गौतम, २०५३ : ३०)*

राम्रो कामको प्रशंसा होइन खुट्टा तान्ने विकृत चाल चलन निकै नै व्याप्त बन्दै गएको तथ्य माथिका गजलीय शेरमा भेट्न सकिन्छ । आफ्नो पक्षको भए गुहु नै खाएको ठीक, विपक्षी भए दूध भात नै घिनाउने चलनलाई माथिका पद्यांशले बिहानीको घाम झैं छर्लङ्ग्याउने काम गरेका छन् ।

हामी कहिल्यै सुध्रने प्रयास गर्दैनौ खाली कुमार्ग र कुचालको भूमरीमा पिल्सिएर जीवन बर्बाद गरिरहेछौं । आफू सुध्रदै भावी पुस्तालाई सुमार्गतर्फ लग्ने सत्प्रेरणा दिनु हाम्रो दायित्व पनि हो तर विडम्बना कहिल्यै हामीभित्र सत्बुद्धि पलाएन यस्तै भाव तल प्रस्तुत १२ अङ्कको अर्विट अधिकारीको 'हामी' शीर्षकको कविताका अंशमा प्रस्तुत गरिएको छ :

*यो त अभिषप्त शहर हो*

*यहाँ कहिल्यै जन्मेनन्*

*चन्द्रमा र सूर्यका उदिप्त किरणहरु*

*कसैले टर्चलाइट बालिदिए झैँ*

*दौडिरहेछौँ छामछुम गर्दै*

*फगत आकाशको शून्यतामा । (अधिकारी, २०५३ : २४)*

मानवभित्रको कुबुद्धिको अन्त्य कहिले हुने, कहिले सुबुद्धि आउने र सभ्य, समुन्नत शालीन शान्त समाजको निर्माण हुने भन्ने पिरलोमा **छहरा**का श्रष्टाहरु पिरोलिएको पाइन्छ । जसले गर्दा **छहरा** अङ्क १३ मा नारायण सल्यानीको 'यी बिरुवाहरु/यी नानीहरु' शीर्षकमा रहेका यस्ता करुण पुकारहरु जन्मन्छन् :

*कठै यी बिरुवाहरु,*

*बम्बै फिलिपिन्स अरब तथा युरोपभरिका आँखाभरि*

*र आँगनभरि*

*घरभित्र गमलाहरुमा होइन*

*घिउ तेलको उम्लिदो तापमा*

*गुम्स्याइएर कोठी सज्दैछन् । (सल्यानी, २०५५ : ७३)*

हाम्रा दिदीबहिनीहरु बेचिएर विभिन्न कोठीभित्र यन्त्र झैं चालित रहेका यस्ता व्यथाका सन्दर्भहरुले पनि **छहरा**को पद्य रचनाको साहित्यिक योगदानलाई अझ मजबूत पारिदिएका छन् । नेपाली पाखाभरि सुनाखरी झैं फुलेका चेलीहरु आज विदेशीका प्यास मेटाउने साधन बनेका छन् । दलालको फन्दामा परेर जिउँदै नर्क भोग्दै गरेका दिदीहरुको चित्कार अनि बहिनीको याचनालाई **छहरा**भित्र सुन्न सकिन्छ यस्तै पद्यांश मार्फत । यसरी आज हाम्रा चेलीहरु पराईबाट लुटिदै गर्दा हामी एक अर्कासँग दुःख साट्न, पीडा बिसाउन होइन लड्न मार्न र मराउन उद्यत छौँ । शान्तिको मूल थलोका हामी युद्ध मच्चाएर दुनियालाई रमिता देखाउँछौँ । यस्ता भावहरु पनि **छहरा**का पोल्टाभरि रहेका छन् । १५ अङ्कमा ए बुद्ध ! तिमी कहाँ छौ ? शीर्षकको पद्य रचनामा मित्रलाल पार्धे हिमालले यस्तै अभिव्यक्ति प्रस्तुत गरेका छन् । जस्तै :

*ए बुद्ध ! तिमी कहाँ छौ*

*बोधीवृक्ष मुनि ध्यानमग्न छौ भनेर*

*म कसोरी भनुँ किनकि*

*तिम्रो बोधीवृक्ष ढलेको छ*

*कुहिएको छ, सडेको छ । ('हिमाल', २०५९ : ९३)*

युद्ध मच्चाएर हामी हाम्रै बद्ख्वाइँ गर्दैछौँ भन्ने भाव यहाँ अभिव्यञ्जित भएको छ । युद्धले ध्वंश भएको बुद्धत्व, ढलेको बोधीवृक्ष, शोकसन्तप्त लुम्बिनीका प्रसङ्गले **छहरा**भित्रका पद्य रचना अझ मर्ममय भएका छन् । मानवीय संवेदना नै आज मान्छेमा नभएको कुरालाई पनि **छहरा**का पद्य रचनाभित्र देख्छ सकिन्छ । आज मान्छे मान्छे नै भएको छैन, मानवता सबै मानवताबाट

बसाइँ सरिसकेको छ । संवेदनाहीन जडवस्तु बनेको मान्छेका चरित्रको यथार्थ प्रत्यङ्कन निकै काव्यमय ढङ्गमा गरिएको पाइन्छ । १५ अङ्ककै 'वर्तमान' शीर्षकको नरेन्द्रकुमार रानामगरको पद्यांशलाई पनि यस्तै सन्दर्भमा उदाहरणका रुपमा लिन सकिन्छ । जस्तै :

*निदाएको छ क्षितिजका आकाशसँग जिन्दगी*

*कहीँ रोएको छ एकतार मानवताको धुन*

*चपाएको निल्नै गाह्रो छ परिवेश*

*र ओकल्न नपाएको व्यथाले*

*पीडित छन् विचरा मान्छे नामिकहरु । ('निर्दोष', २०५९ : १२२)*

मानवताको मूल्य ह्रास भएको छ । मानवीय संवेदना युगको धरापमा परेर क्षत विक्षत भएको छ । मान्छे मान्छे जस्तै छैन । मान्छेकै हर्कतले बस्तीहरु खरानी पारिएका छन् , काख रित्तिएका छन् । आफ्नै आफ्नो हुँदैन, मित्र नै बैरी बन्छ । यस्तै पीडाको स्वर माथिको कवितांशमा लहरिरहेको छ ।

## ४.३.४ प्रणय भावको अभिव्यञ्जना

प्रेमको वासन्ती याम डाक्ने पद्य सिर्जनाले **छहरा**लाई निकै सुन्दर बनाएका छन् । प्रेमील मनहरुका प्रेम पुकारहरु **छहरा**का पद्य सिर्जनाका प्रमुख पाटो नै बनेका छन् । सिङ्गो ब्रह्माण्ड नै प्रेमको पुञ्ज ठान्नेहरुका हृदयका प्रेममय उद्‌गारहरु **छहरा**का पद्य फाँटका पाखाभरि फुलेका छन् बेली चमेली बनेर । प्रेमको सिरसिरे बतासले बहन गर्ने प्यारको सुगन्ध मात्र होइन प्रेमले निम्त्याएको छटपटी पनि यहाँ व्यक्त गरिएको छ । प्रेम प्राप्तिका लहरहरु र प्रेम पीडाका कहालीहरु **छहरा**का पद्य सिर्जनामा भेट्न सकिन्छ । प्रेम प्राप्तिले पुलकित तुल्याउँछ एकातिर भने अर्कोतिर बिछोडले व्यथित बनाउँछ । यस्तै यस्तै प्रेमाभिव्यक्तिले **छहरा**लाई सजीव तुल्याएका छन् । **छहरा**मा प्रेमभाव प्रस्तुत गर्ने केही रचनाहरुलाई हेर्दा :

| **अङ्क** | **शीर्षक** | **श्रष्टा** | **विधा** |
|---|---|---|---|
| ७ | विधवा | यशोदा देवकोटा | कविता |
| ७ | आफ्नै मायालुसँग | कविराज रेग्मी | कविता |
| ८ | चार टुक्रा | एन.पी. रेग्मी | कविता |
| ११ | म | बसन्त कुमार रेग्मी | कविता |
| ११ | बस्छ्यौ कसरी तिमी | प्रमोद आचार्य | कविता |
| १३ | गजल | दामु मर्सिफूल | गजल |
| १४ | मेरो आस्थाको धरोहर | जानकी सुनार | कविता |

| | | | |
|---|---|---|---|
| १५ | गीत | आशा बुढा | गीत |
| १५ | गीत | पुष्पलता पुन | गीत |
| १६ | को पो होला | कमल पोखेल | कविता |
| १७ | गजल | विप्लव बगर | गजल |

*चलाउँछ्यौ जब तिम्रा मृगरुपी नयन*

*स्वर्ग जस्तो आनन्द झैं दिन्छ्यौ चयन (रेग्मी, २०३८ : ६१)*

प्रणयिनीको एक हेराइमा नै संसार भुल्ने प्रेमको प्रेमोद्‌गार यहाँ अभिव्यक्त भएको पाइन्छ । हेराइमा नै प्रेमीले स्वर्गीय आनन्द अनुभूत गरेको छ । हृदयमा उर्लेको आनन्दको लहरमा लहरिँदै प्रेमको स्वर्ग पुग्ने प्रेमीले असीम चयन अनुभूत गरेको छ । यस्तै सन्दर्भ निकै नै प्रेममय भएर माथिका पद्यांशमा अभिव्यक्त भएका छन् ।

*जीवनका प्रत्येक घुम्तीहरुमा*

*म तिमीलाई पर्खिरहेछु ।*

*तिमी आउने आशै आशमा*

*म अल्भिरहेछु । (रेग्मी, २०४६ : २३)*

कसैको चिर प्रतिक्षामा रहेको प्रेमी मनका प्रेमिल उद्‌गारहरु हुन् माथिका । यस्तै प्रेम अभिव्यक्तिको निकै बाक्लो उपस्थिति **छहरा**मा भेट्न सकिन्छ । प्रेम प्रणयको सुन्दर संसार बसाउने अभिलाषा पूरा गर्ने, जीवनका हर घुम्तीहरुमा मायालुलाई पर्खिरहेछ, ऊ आउँछ भन्ने दरिलो आशामा नै बाँचेको छ । प्रेमका सुखद याम सँगसँगै बिताउने अपेक्षा छ । जसले गर्दा ऊ अझै पनि उसको यादलाई छातीभर बोकेर अल्झेको छ ।

*तिमीलाई निलाम्वर झैं विशाल पाएँ*

*तिमीलाई समुद्र झैं शान्त र शीतल पाएँ*

*र झरना झैं निर्मल*

*बस, त्यसैले मैले तिमीलाई मन पराएँ । (रेग्मी, २०३९ : ८४)*

प्रस्तुत पद्यांशमा प्रणयका सुन्दर अभिव्यक्तिको कलात्मक संयोजन देख्न सकिन्छ । आफूले चाहेको मान्छे, मनले खाएको मान्छेका हरकतहरुबाट अझ व्यापक बन्दै गएको प्रेमानुभूतिलाई यस पद्यांशमा लिपिबद्ध गरिएको छ । कसैको उपस्थिति निलाम्वरझैं विशाल पाएर उसलाई समुद्रझैं शान्त र शीतल लाग्छ, ऊ झरना झैं निर्मल र कञ्चन लाग्छ अनि उसको शान्त स्वभाव, सौम्यता र शालीनताले हृदयभित्र बिस्तारै बिस्तारै प्रेम अङ्कुर हुन थाल्दछ अनि त चुपचाप-चुपचाप उसलाई मन पराइन्छ । यस्तै प्रेममय वाणीहरु प्रस्तुत पद्यांशभित्र अभिव्यञ्जित भएको पाइन्छ ।

प्रेमका पुजारीहरुका जब प्रेम चक्षु खुल्दछन् यो सम्पूर्ण सृष्टि संरचना नै उनीहरुका लागि प्रेममय लाग्छ अनि साराका सारा चीजहरु माया लाग्दा बन्दछन् । अनि हृदयले चुपचाप चुपचाप सुटुक्कै कसैलाई हृदयका हर पाखा पखेरीहरुमा सजाउन थाल्छन् । यस्तै यस्तै प्रेम पुकारहरु **छहरा**का पोल्टाभरि सजिएका पाइन्छन् ।

*आँखाकी पुतली थियौ तिमी अलि चञ्चल स्वभावकी थियौ ।*

*लेकबाट बहने अमृत पवन झैँ आखिर बहेर गयौ ॥*

*को हौ ए ! चिन्दिन म ता धर्तीमा कुन सुन्दरी हौ तिमी ।*

*दिनदिनै रोई बस्छु म त हरे बस्छ्यौ कसरी तिमी ॥ (आचार्य, २०४६ : ५०)*

कसैको चञ्चलताले मन हरण गरिदिएको सन्दर्भ प्रस्तुत पद्यांशमा भेट्न सकिन्छ । आँखाकी पुतली झैं लागेकी प्रणयिनीलाई लेकाली बतास झैं अमृतमय ठान्दा ठान्दै उसैगरी बहेर गए पछिका हुटहुटीहरु निकै नै मर्मस्पर्शी भएर आएका छन् । यसरी चैते हुरी झैं सबैतिर बहने प्रेयसीको चरित्र नै नबुझ्दाको अलमललाई यहाँ देखाउन खोजिएको छ । उसको प्रेमातङ्कले छटपटाइरहेको एक प्रेमी मनका सुकसुकाहटलाई यहाँ प्रस्तुत गरिएको छ । उसको प्रेमातङ्कले छाडेका पीडामा रुँदै बसेका सन्दर्भ पनि यहाँ निकै नै भावपूर्ण रुपमा प्रस्तुत भएका छन् । प्रेम प्राप्तिले त अद्‌भूत सुखानुभूति दिलाउँछ तर बियोगको तड्पन र जलन पनि त प्रेमकै परिणति हुन् । यस्ता खालका पद्य रचनाहरु पनि **छहरा**ले समेटेको छ । जब प्रेमका स्वप्नील यामहरु बितेर जान्छन् तब रिक्तता, विरक्ति, उदासीले आकुल व्याकुल बनाउँछ । यस्तै सन्दर्भको उदाहरणका रुपमा यशोदा देवकोटाको 'विधवा'शीर्षकको कविताका केही अंशलाई लिन सकिन्छ :

*रेशमी चुरा प्रेमका कुरा सपना बन्ने छन् ।*

*चाँडै नै गए अब तिनी स्वर्गमै भेट्ने छन् । (देवकोटा, २०३८ : २३)*

जब प्रेम पथका सहयात्रीहरु एक अर्काबाट टाढिन्छन् अनि प्रेम यात्राका रहर लाग्दा क्षणहरु उनीहरुको लागि सिङ्गो जीवनभर नै यादगार क्षण बनिदिन्छ अनि टुक्रन्छन् । त्यही क्षणको यादमा पल प्रतिपल पोखिन्छन् विरहका थोपा थोपा बनेर । प्रेम याम भोग्न पाउँदा नपाउँदै बिछोडिन बाध्य प्रेमी मनका विरह माथिका दुई लाइनमा पाउन सकिन्छ ।

प्रणयका सुन्दर बस्तीमात्र होइन उजाड र खण्डहर पनि **छहरा**मा भेटिन्छन् । जोवनका रहरलाग्दा याम बितेर फगत एक्लो भएकाहरु प्रेमका विगत सम्झेर तिनकै झझल्को अनि थकान विरक्ति र रिक्ततालाई अङ्गालेर बस्न विवश हुन्छन् । यस्ता अभिव्यक्तिकै सन्दर्भलाई अझ पुष्टि दिन **छहरा** भित्रकै विप्लव बगरका गजलीय दुई शेर साभार गर्दा :

*प्राण यो बचाई राख्ने खुन प्यारो लाग्यो ।*
*निस्तब्ध त्यो रात्रिको जून प्यारो लाग्यो ॥*
*उन्माद र वैश जति सेलाइसके पछि*
*विरहको उदेक लाग्दो धुन प्यारो लाग्यो ॥ (बगर, २०६५ : १००)*

प्रणय बेदनाका छटपटीले आक्रान्त भएपछि रहरहरु सबै सबै निस्क्रिय भएपछि विरही भएको मनका भावहरु प्रस्तुत गजलीय शेरसँग अभिव्यक्त भएका छन् । जीवनका स्वर्णीम काल बिताएर एक्लो हुँदा संसार भुलेर आफूमा मात्रै सीमित भएको सन्दर्भ अनि झिलमिल झिलमिल गर्ने ताराहरु चञ्चले लाग्छन् त्यसैले त मन शान्त जूनसँग आत्मीयता खोज्दैछ । अनि चञ्चलता निम्त्याउने सरगम त्यागेर विरही धुन सुन्ने अभिलाषा व्यक्त गर्दछन् । यिनै सन्दर्भ यस्ता गजलीय शेरमा अभिव्यञ्जित भएका छन् ।

प्रेमलाई शुद्ध भावना, पवित्र मनको निस्कलङ्क सपाट भावनाका रुपमा प्रस्तुत गर्ने रचनाहरुको पनि उपस्थिति **छहरा**का पद्य रचनामा पाइन्छ । यस्तै भाव समेटिएको अङ्क १४ मा रहेको जानकी सुनारको ‘मेरो आस्थाको धरोहर’ शीर्षकको रचनाका केही अंश :

*आस्था एउटा शुद्ध भावना हो*

*एउटा दृष्टिकोण*

*एउटा विश्वास हो*

*कुनै परिस्थितिले जन्माएको*

*एउटा गहिरो छाप हो*

*अघि बढ्न चाहनेलाई*

*एउटा उज्यालो पथ हो । (सुनार, २०५६ : २७)*

## ४.३.५ स्तुतिपरक अभिव्यक्ति

**छहरा**भित्रका पद्य रचनामा देखिने विभिन्न प्रवृत्ति अर्थात् विषयवस्तु अन्तर्गत स्तुतिपरक अभिव्यक्तिलाई पनि लिन सकिन्छ । वर्तमान सन्दर्भमा असान्दर्भिक लाग्ने अनि आलोचित हुने स्तुतिपरक सिर्जनामा शील्प भने अन्य सिर्जनामा झैँ सशक्त पाइन्छ । **छहरा** प्रकाशनका प्रारम्भिक चरणमा यस प्रकारका रचनाहरु देखिन्छन् भने समयक्रमसँगै यस्ता रचनाहरु पातलिदै गएका छन् । पछिल्ला अङ्कहरुमा त यस्ता रचनाहरु पाइँदैनन् । अन्य विषयवस्तुका रचनाहरुको विश्लेषणात्मक अध्ययन गरिसकेपछि यस प्रकारका रचनाहरुतर्फ पनि दृष्टि दिनु उचित ठहर्दछ । यस्तै रचनाहरुको प्रतिनिधित्त्व गर्ने एक रचनाका रुपमा वासुदेव शर्मा घिमिरेको ‘हामी नेपाली’ शीर्षकको कवितालाई पनि लिन सकिन्छ । जस्तै :

*राजा र प्रजा मिलेर देशको गौरव राख्दछौँ*

*वीरेन्द्र ज्योति बलिरहोस्, यही आशिक माग्दछौँ । (घिमिरे, २०३५ : १८)*

देशका गौरवका लागि राजा प्रजाको समान भूमिका रहेको सन्दर्भ मुखरित भएको माथिको पद्यांशमा तत्कालीन राजा वीरेन्द्रलाई ज्योतिका रुपमा उल्लेख गर्दै चिरायुको कामना गरिएको छ, अर्थात् राजाका खातिर आशिष मागिएको छ ।

केन्द्रीकृत राज्य प्रणाली र त्यसका शासकहरुलाई खुशी तुल्याउन अनि उनीहरुको कृपा पात्र बन्ने एक प्रकारको लहर नै थियो त्यसबेला । क्षमता योग्यताको भन्दा पनि शासकीय आशिषको ठूलो महत्त्व राख्ने तत्कालीन माहोललाई यस्तै स्तुतिपरक रचनाहरुले स्पष्ट पार्ने काम गरेका छन् । यसै तथ्यलाई पुष्टि दिने अर्को 'त्रिभुवन तिमीबाट आयो' शीर्षकको रचनामा किरण कुमार पोखेल लेख्छन् :

*राम्रो स्वच्छ सुवासमा छरिदियौ नेपाल चारैतिर ।*

*सच्चा बाबु भएर जन्मन गयौ सन्तानकै खातिर ॥*

*टल् टल् टल् गरी चम्कियौ गगनमा नेपालकै मास्तिर ।*

*पिरले चिन्तित भै नेपाली जनको निर्माणकै खातिर ॥ (पोखेल, २०४४ : २७)*

शासकीय गुनगानमा अभिव्यक्त भएका माथिका चार लाइनमा काव्यात्मकताको सुसंयोजनलाई अझ कलात्मक बनाउने प्रयत्न गरिएको छ । एक राजा वा शासकलाई बाबुका रुपमा यहाँ प्रस्तुत गरिएको छ भने जनतालाई सन्तान भनिएको छ । नेपाल आमाका सन्तति राजा र प्रजा सबै उस्तै हुनुपर्ने यद्यपि यहाँ कोही कसैलाई बाबुका रुपमा प्रस्तुत गरी स्तुतिपरक अभिव्यक्ति शिल्प अबलम्बन गरिएको छ ।

शील्प संरचनामा राम्रै देखिए तापनि स्तुतिपरक रचना काव्य मूल्यको खोजीका सन्दर्भमा भाव सौन्दर्यको दृष्टिमा बदलिदो समयको क्रमसँगै अर्थहीन र मूल्यहीन रचना बनेका छन् । कसैलाई खुशी पारेर कसैको गान गाएर आफ्नो अस्तित्त्व नै बिर्सने प्रवृत्तिले समयको परिवर्तनशीलतासँग सुसंयोजन हुन सक्दैन र सिर्जनाका फाँटमा तिनको सिर्जनात्मक कला मूल्यको खोजी नहुन सक्छ । स्तुतिपरक केही रचनाहरुको विवरण यसप्रकार देखाउन सकिन्छ :

| अङ्क | शीर्षक | श्रष्टा | विधा |
|---|---|---|---|
| ३ | विकासप्रेमी महेन्द्र | नारायण प्रसाद गिरी | कविता |
| ३ | त्रिभुवन स्मृति | नित्यानन्द शर्मा | कविता |
| ४ | हामी पनि चाहन्छौं | पाइराम खत्री | कविता |
| ४ | बिहानीपखको सपना साकार भएको देखें | भेषराज पौड्याल | कविता |
| ७ | हामी नेपाली | स्थानेश्वर आचार्य | कविता |
| १० | त्रिभुवन तिमीबाट आयो | किरण कुमार पोखेल | कविता |

## ४.४ शिल्प संरचनाका आधारमा 'छहरा'मा प्रकाशित पद्य रचनाको विश्लेषण

विधागत अवयवको अध्ययन शिल्प संरचनाअन्तर्गत आउने गर्दछ । **छहरा**भित्रका पद्य रचनाहरुमा विधागत सचेतता त्यस्तै विविध अवयवको सु-संयोजन के कस्तो छ ? यो पक्षबाट पनि अध्ययन गरिनु प्रासङ्गिक ठहर्दछ । यस सन्दर्भमा पनि **छहरा**मा देखिने पद्य विधाका विविध

रुपहरु कविता, गजल, मुक्तक, गीत, हाइकुका शिल्प विधानका आधारमा विधागत तत्त्व वा विधागत अवयवका कसीमा राखेर अध्ययनका क्रममा केही प्रतिनिधि पद्य रचना छनौट गरी विश्लेषण गरिएको छ । झट्ट हेर्दा प्रायः सबै-सबै रचनाहरु विद्यार्थीहरुका सिकारु कलमले कोरेका देखिन्छन् । यद्यपि शिल्प संरचनाको खोजी गर्दै **छहरा**भित्रका पद्य सिर्जनालाई खोतल्दा शिल्प सौन्दर्यको निकै राम्रो सुसंयोजन पनि देख्न सकिन्छ । केही रचनाहरुलाई छाडेर **छहरा**भित्रका पद्य सिर्जनामा विधागत आधारभूत अवयवको राम्रो संयोजन रहेको पाइन्छ । यस खण्डमा प्रचलित विधागत मान्यतालाई विश्लेषणको आधारका रुपमा अपनाइएको छ ।

### ४.४.१ शीर्षक सार्थकता

शीर्षक चयनका दृष्टिले **छहरा**भित्रका पद्य रचनाहरु मिश्रित खालका देखा पर्दछन् । सिर्जना वा रचनालाई शीर्षकले पनि न्याय गर्न सक्नु पर्दछ । शीर्षकबाट पनि रचनाको प्रभावकारिता बढ्न जाने हुनाले पद्य रचनामा शीर्षकलाई अत्यावश्यक तत्त्वका रुपमा लिने गरिन्छ । **छहरा**भित्रका प्रायः पद्य रचनाहरु शीर्षक चयनका दृष्टिले सुहाउँदा छन् । यद्यपि कतिपय पद्य रचनाहरुलाई भने उचित शीर्षक नदिइएको पनि पाइन्छ । शीर्षकले नै ती रचनाहरुको विधागत पहिचान सङ्कटमा परेको पनि पाइन्छ । **छहरा**का प्रकाशित अङ्कहरुको अध्ययनबाट के बुझिन्छ भने यस भित्रका पद्य रचनाका शीर्षक चयन मिश्रित तर उचित रहेको छ । अभिधात्मक, लक्ष्यार्थक, ध्वन्यार्थक, प्रतीकात्मक, बिम्बात्मक शीर्षक **छहरा** का पद्य रचनामा देख्न सकिन्छ ।

**क) अभिधात्मक :** शीर्षकबाट रचनाको विषयवस्तु सोझो अर्थमा नै बुझ्न सकिन्छ भने अभिधात्मक शीर्षक हुन्छ । **छहरा**भित्रका पद्य रचनाहरु अभिधात्मक शीर्षकका पनि रहेका छन् । सिङ्गो पद्य सिर्जनाको अभिधात्मक अर्थ अभिव्यञ्जित हुने शीर्षकका रचना यो कोटीमा पर्दछन् । अङ्क दुईमा रहेको युवराज पन्तको फिक्री, अङ्क पाँचमा रहेको माधव घिमिरेको स्वाभिमानी मुस्कानहरु, अङ्क नौको कृष्णराज डि.सी.को मेरा दौंतर युवा पिँढीलाई एक सन्देश, अङ्क १० मा रहेको शेषमणि अधिकारीको देश बाँचिरहोस्, अङ्क १७ मा रहेको नित्यानन्द शर्माको मार्गचित्र कोर्नुपर्छ शीर्षकका रचनालाई यसका उदाहरण मान्न सकिन्छ ।

**ख) लक्ष्यार्थक :** लक्ष्यका तहमा अर्थ व्यञ्जित हुन्छ भने लक्ष्यार्थ हुन्छ । घुमाउरो पारामा केही भन्न खोजिनुलाई लक्ष्यार्थक भनिन्छ । यसमा केही कुरालाई घुमाउरो पारामा भनिए पनि लक्ष्य गरेरै भनिएको हुन्छ । यस्ता लक्ष्यार्थक शीर्षक पनि **छहरा**मा पाउन सकिन्छ । अङ्क एकमा रहेको लालमणि शर्माको मायासँग, अङ्क नौमा रहेको सुभास गौतमको त्यो दिन आउनेछ, अङ्क १० मा रहेको, सुधा धितालको आगमन, अङ्क १३ मा रहेको थम्मन बस्नेत निर्दोषीको मेरी प्रिय, अङ्क १४ मा रहेको खड्क के.सी.को सांसदको चरित्र, अङ्क १४ मा जानकी सुनारको मेरो आस्थाको धरोहरलाई यसैको उदाहरणका रुपमा लिन सकिन्छ ।

**ग) ध्वन्यार्थक :** ध्वनिका तहमा अर्थ व्यञ्जित हुन्छ भने ध्वन्यार्थक हुन्छ । ध्वनिका तहमा शीर्षकबाट रचनाको अर्थ व्यञ्जित हुन्छ भने त्यो शीर्षक ध्वन्यार्थक हुन्छ । यसमा घुमाउरो पारामा भनिएको कुरा बुझ्न केही दिमागी कसरतको अपेक्षा गरिन्छ । अङ्क तीनमा रहेको शम्भु

प्रसाद गौतमको मेरो पुरानो घर, ओमप्रकाश न्यौपानेको अङ्क चारमा रहेको म भूत हुँ, अङ्क सातमा रहेको कपिल किशोर घिमिरेको जागिर, अङ्क १५ मा रहेको सन्ध्या रेग्मीको मेरो गाउँ फर्काऊ शीर्षकका रचना यस अन्तर्गत पर्दछन् ।

**घ) बिम्बात्मक :** कुनै रचना अध्ययनका क्रममा पाठकका मानसपटलमा प्रस्तुत हुने बिम्बलाई शीर्षकबाट नै प्रक्षेपित गरिएका रचनाहरु यस कोटीमा पर्दछन् । अङ्क पाँचमा रहेको अमर गिरीको आफ्नै बादलसँग, १५औँ अङ्कमा रहेको याशिका वाँठा मगरको फूल हुँ, छैठौँ अङ्कमा रहेको बच्चु कैलाश श्रेष्ठको कोपिला, १०औँ अङ्कमा रहेको रेग्मी किरण कुमारको युद्धभूमि, १६औँ अङ्कमा रहेको ईश्वर शाहको शहरीया बाघहरु शीर्षकका रचना यसका उदाहरण हुन् ।

**ङ) प्रतीकात्मक :** प्रचलित शाब्दिक अर्थभन्दा भिन्न वा अन्य अर्थलाई जनाउने दृश्य वस्तु वा कार्यव्यापार नै प्रतीक हुन् (लुइँटेल, २०६० : ३०) । कुनै कुरा भन्दा अन्य कुरामा आरोप गरी भनिएपछि प्रतीकात्मक हुन्छ । यस्ता प्रकृतिका रचनाहरु पनि **छहरा**मा देख्न सकिन्छ । के.आर. लम्सालको पाँचौँ अङ्कमा रहेको जुम्रा, नित्यानन्द शर्माको १२औँ अङ्कमा रहेको बन्द छ, १४औँ अङ्कमा रहेको मित्रलाल पार्देको त्यो मेरो गाउँ, छैठौँ अङ्कमा रहेको देव प्रसाद योगीको प्रेम शीर्षकको कविता यसै कोटीमा पर्दछन् ।

## ४.४.२ संरचना

पद्य सिर्जनाका संरचनालाई प्रस्तुत गर्दा दुई संरचनात्मक भेद देखा पर्दछन्, आन्तरिक संरचना र बाह्य संरचना । गण, पाउ, पङ्क्ति, अनुच्छेद आदि बाह्य संरचनामा पर्दछन् भने कथन पद्धतिका विविध रुप आन्तरिक संरचनाअन्तर्गत पर्दछन् (त्रिपाठी र अन्य, २०६५ : १८) । संरचनागत दृष्टिले नियाल्दा **छहरा**भित्रका पद्य रचनाहरुको संरचना पक्ष सबल नै देखा पर्दछ । तीन लाइनका हाइकु चार लाइनका मुक्तकदेखि केही श्लोक वा अनुच्छेदमा संरचित कविता रचनाहरु **छहरा**मा रहेका छन् । सोह्रौं अङ्कमा १०६ लाइनको कवितालाई सर्वाधिक लामो कविता अर्थात् पद्यका रुपमा पाउन सकिन्छ । यसरी **छहरा**भित्रका प्रायः पद्य रचनाहरु लघु तथा मझौला आकारमा संरचित छन् । प्रस्तुत तीन लाइनबाट लघु संरचनाको पद्यात्मक उदाहरणको काम गर्नेछ :

*जनतालाई त्रास*

*विकासको ह्रास*

*देशमा लडाइँ । (के.सी., २०६० : १३२)*

## ४.४.३ लय विधान

लय विधानका दृष्टिले **छहरा**भित्रका पद्य रचनाहरुमा विविध लय माधुर्यको सुसंयोजन भेटिन्छ । वर्णमात्रिक लय एवम् मुक्त लयमा **छहरा**का यस्ता रचनाहरु रहेका छन् । प्रायः मुक्त लयका कविताहरु **छहरा**मा देखिन्छन् । यद्यपि ती कविताभित्रको आन्तरिक लय माधुर्यले **छहरा**भित्रका त्यस्ता कविता सिर्जना पठनीय नै लाग्दछन् । सङ्ख्यात्मक रुपमा थोरै रहेका भए

तापनि वर्णमात्रिक छन्दमा संरचित **छहरा**भित्रका कविताहरु छन्द संरचनामा सशक्त र श्रुतिमधुर रहेका छन् । विशेषतः यस्ता रचनाहरुमा मन्दाक्रान्ता, शिखरिणी, शार्दूलविक्रीडित छन्दको सुसंयोजन भेटिन्छ ।

*हे साथी संगिनी मिलेर जगमा जूटेर छीटो भई ।*

*जाऊ कन्दर पर्वते शिखरमा बूडेर गुड्दै पनि ॥*

*हेरौं के कति औ कहाँ कति र के के चीज नेपालमा ।*

*सारा बस्तु पदार्थ शील्पमणिको भण्डार पारौं यहाँ ॥ (पोखेल, २०३७ : १७)*

'हामी र हाम्रो देश' शीर्षकमा अङ्क ६ मा देवका पोखेलले लेखेका प्रस्तुत कवितांशले वर्णमात्रिक लय अन्तर्गत शार्दूलविक्रीडित छन्दको प्रतिनिधित्त्व गर्दछन् ।

### ४.४.४ भाव विधान

भाव विधान सिर्जनाको मेरुदण्ड मानिन्छ । **छहरा**भित्रका पद्य रचनाहरुमा विविध भाव संयोजन देखिन्छ । जीवन जगतका विविध रुपहरु **छहरा**का पद्य सिर्जनामा भेटिन्छन् । स्वदेशी भाव, परिवर्तनको चाहना, विसङ्गत समाजको चित्रण, विकृतिको भण्डाफोर त्यस्तै प्रणयका बान्की एवम् स्तुति पुकारा आदि भाव **छहरा**का पद्य रचनामा पाउन सकिन्छ । जीवन जगतका बारेमा पनि **छहरा**का केही पद्य सिर्जनाले मुख खोलेका छन् । **छहरा** भित्रका समग्र पद्य रचनाको अध्ययनबाट भाव पक्ष सबल, कसिलो रहेको पाइन्छ । मानवीय अनुभवबाट प्राप्त विविध सन्दर्भहरु **छहरा**मा भावगत शिल्पमा सजिएर प्रस्फुटित भएका पाइन्छन् । विभिन्न भावहरूमध्येबाट स्वदेशी भावको कवितांशलाई उदाहरणका रुपमा प्रस्तुत गर्ने क्रममा अङ्क ४ बाट विष्णु पोखेलको 'नेपाल आमाको सम्झनामा'बाट यी चार लाइन साभार गर्न सकिन्छ ।

*बहाऊँ रगत देशको निम्ति मुहार हसाऊँ ।*

*शान्तिकी मूर्ति जननी हाम्री विश्वमा चिनाऊँ ॥*

*खियाउँ सधैं हातका नङरा चलाऊँ पाखुरा ।*

*शान्तिको क्षेत्र नेपाल पुगाऊँ उन्नति टाकुरा ॥ (पोखेल, २०३५ : २३)*

### ४.४.५ कथन पद्धति

कथन कला नै कथन पद्धति हो । श्रष्टाले अभिव्यक्ति प्रस्तुत गर्दा लिएको स्थानका आधारमा कथन पद्धति निर्क्यौल गर्न सकिन्छ । श्रष्टा आफूले नै प्रथम पुरुष शैलीमा अभिव्यक्ति प्रस्तुत गर्दछ भने त्यो कथन पद्धति कवि प्रौढोक्ति हुन्छ । श्रष्टाले अरु कसैलाई तृतीय पुरुष शैलीमा अभिव्यक्तिको प्रस्तुतिमा उभ्याउँछ भने त्यो कवि निबद्ध बक्तृ प्रौढोक्ति कथन पद्धति हुन्छ । कथन पद्धतिलाई दृष्टिबिन्दु पनि भनिन्छ । (त्रिपाठी र अन्य, २०६५ : १९) कथन पद्धतिका सन्दर्भमा **छहरा**भित्रका यस्ता रचनाहरुमा कवि प्रौढोक्ति कथन पद्धति र कवि निबद्ध बक्तृ प्रौढोक्ति कथन पद्धति प्रयुक्त भएको पाउन सकिन्छ । कमल गौतमको **छहरा** अङ्क ११ मा रहेको 'फूल'

शीर्षकको कवितामा केही अंशले नै फूलको आत्मकथनलाई प्रस्तुत गरेकोले कवि निबद्ध बक्तृ प्रौढोक्तिको उदाहरणको काम गर्नेछन् :

*म किन जन्मिए, किन आज फूल्न पाएँ ।*

*यस धरतीको रङ्गमञ्चमा नौलो आभास ल्याएँ ॥*

*सारा वसन्त विरहीका हृदयमा काम दिप्त जगाउने ।*

*बिछोडका नव विरहीणीका हृदयमा शोक ल्याउने ॥ (गौतम, २०४६:७१)*

## ४.४.६ अलङ्कार र बिम्ब विधान

कुनै कृतिमा कथ्य अर्थको सहचर प्रतिच्छायाका रुपमा आउने अर्को सह प्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो । जीवन जगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्ब विधान हुन सक्छ र अर्थालङ्कारहरु बिम्ब विधानकै उपक्रम हुन् (त्रिपाठी, २०६५:२०/२१) । **छहरा**भित्रका पद्य रचनाहरुको अध्ययनमा अलङ्कार वा बिम्ब विधानको समृद्ध अवस्था देखिन्छ । **छहरा**का पद्य रचनाहरुमा बिम्ब अलङ्कारको आयोजना बलजफ्ती नभई स्वतःस्फूर्त रुपमा भएको पाइन्छ । आदर्श यदु पन्थीको अङ्क ६ मा रहेको 'नेपाली म' शीर्षकको कविताका चार लाइनले यसलाई अझ तथ्यपूर्ण बनाउने छन् । जस्तै :

*म रातो झण्डा हुँ भुवन तलमा शान्त पनि छु ।*

*म आकाशी नीलो जलधिसरि गम्भीर पनि छु ॥*

*हिमाली चुच्चो भै हिम जगतको रक्षक म हुँ ।*

*म नेपाली एउटा सकल रिपुको भक्षक म हुँ ॥ (पन्थी, २०३७:३१)*

## ४.४.७ व्यञ्जना विधान

शब्द र अर्थ दुवैका कारणले कुनै उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथित भन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जन पारदर्शकताका साथ झल्कन्छ, त्यो स्थिति व्यञ्जना हो (त्रिपाठी र अन्य, २०६५:२१) । व्यञ्जना विधानका दृष्टिले पनि **छहरा** भित्रका पद्य रचनाहरु सशक्त नै रहेका छन् । विभिन्न प्रतीकहरुको आयोजना अर्थात् विभिन्न प्रतीकहरुलाई प्रस्तुत गरी व्यञ्जनागम्य अर्थ सम्प्रेषण गर्न **छहरा**का पद्य श्रष्टाहरु सफल नै रहेका छन् ।

*यी बहुला कुकुर र ढाक्रे बाँदरहरुले,*

*कलकले सुगा र निष्ठुर अजिङ्गरहरुले,*

*लट्ठी र पिंजडा देखेका थिए कहिले ? (पौडेल, २०३८:३५)*

दिनेश पौडेलको सातौं अङ्कमा 'अहिले' शीर्षकको कविताको प्रस्तुत अनुच्छेदले माथिका सन्दर्भलाई पुष्टि दिनेछ ।

### ४.४.८ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको ढाँचा हो । यी दुवैलाई काव्यकलाका अत्यावश्यक तत्त्व मानिन्छ । साहित्यिक अभिव्यक्तिमा यी दुवै एकअर्कासँग अन्तर्मिश्रित भएर प्रस्तुत हुन्छन् । सिर्जनाको भाषा सुकोमल, सुबोध, सुललित हुनु पर्दछ भने व्यञ्जनायुक्त, ललित, लयात्मक शैलीको अपेक्षा रहन्छ । **छहरा**भित्रका पद्य रचनाहरुमा प्रायः सुकोमल, सुबोध, सुललित भाषासँगै व्यञ्जनायुक्त, ललित, लयात्मक शैलीको सुसंयोजन भएको छ । दोस्रो अङ्कबाट साभार गरिएको दैवज्ञराज न्यौपानेको 'देशको निम्ति बाँचौं' शीर्षकको कवितांशले **छहरा**को भाषाशैलीलाई बुझाउने उदाहरणको काम गर्नेछ ।

*माटो बोल्ने सफल नमुना राष्ट्रका रुप हामी*

*आसा छर्ने विविध रचना सृष्टि सौन्दर्य हामी*

*पोथ्रा जस्तै अणु अणु मिली आफूमा शक्ति साचौं*

*पोखी यो रबी सरस पसिना देशको निम्ति बाँचौं । (न्यौपाने, २०३२:१८)*

### ४.५ निष्कर्ष

**छहरा**का सत्र अङ्कको अध्ययनमा पद्य सिर्जनाका केही प्रतिनिधि रचना र तिनको विषयगत अर्थात् भावपरक अध्ययनमा पाँच प्रवृत्तिमा तिनलाई राखेर अध्ययन गर्न सकिन्छ । **छहरा**मा रहेका देशप्रेमी तथा प्रकृतिप्रेमी रचना, परिवर्तनको अपेक्षा सहितका रचना, विकृति विसङ्गतिको चित्रण, प्रणयको प्रसङ्ग र स्तुति पुकार यी सबै विषय सन्दर्भले **छहरा**का पद्य रचनालाई पठनीय तुल्याएका छन् । विषयवस्तु तथा प्रवृत्तिका आधारमा उल्लेख्य रचनाका रुपमा अङ्क पाँचको जुम्रा, आफ्नै बादलसँग, केही टुक्रा, मेरो गाउँ फर्काऊ, मेरो देश, ताल्चामा साँचो मिलेन, जीवन आदि रचनालाई लिन सकिन्छ । समग्रमा विषयवस्तुका दृष्टिमा **छहरा**का पद्य रचनाहरु महत्त्वपूर्ण छन् र यिनै रचनाहरुले **छहरा**को साहित्यिक योगदान अझ बढाएका छन् ।

**छहरा**मा प्रकाशित पद्य सामग्रीहरुको अध्ययनबाट के निष्कर्ष निस्कन्छ भने जुन विधागत सचेतता अर्थात् शिल्पगत सचेतता कवितामा देखिन्छ, त्यस इतरका पद्य रचनामा देखिदैन । कतिपय जगल भनेर राखिएका रचनाहरु गजलीय संरचनामा छैनन् । त्यस्तै मुक्तकका रुपमा रहेका अधिकांश रचनाहरु मुक्तकीय संरचनामा रहेका पाइँदैनन् । जसले गर्दा शिल्प संरचनाका आधारमा विश्लेषण गर्दा पनि कविताकै शिल्प संरचना पक्ष प्रबल रह्यो । शिल्प संरचना पक्षमा केही विचलन देखा परेका पद्य रचनाहरुदेखि निकै परि पुऱ्याएर शास्त्रीय छन्द ढाँचामा आबद्ध रहेर लेखिएका रचनाहरु **छहरा**मा देख्न सकिन्छ । आस्थाको धरोहर, नेपाली म, देशको निम्ति बाँचौं, हामी, अन्तर्वार्ता र जीवन, नेपाल आमाको सम्झनामा जस्ता रचनाहरु शिल्प संरचनाका दृष्टिले उल्लेखनीय देखिन्छन् । यसरी समग्र रुपमा नवीन शिल्प र शैलीका पद्य रचनाहरुसँगै शास्त्रीय शिल्पका आधारमा निकै परि पुऱ्याएर लेखिएका सबैखालका पद्य रचनाहरुले **छहरा** पत्रिकाको साहित्यिक योगदानलाई अझ प्रभावकारी र मूल्यवान तुल्याएका छन् ।

## परिच्छेद-पाँच

# 'छहरा'मा प्रकाशित गद्य रचनाको विश्लेषण

## ५.१ विषय प्रवेश

**छहरा** पत्रिकाको समग्र अध्ययनमा गद्यका विविध रचनाहरु रहेका पाइन्छन् । कथा, निबन्ध, पत्र, समीक्षा/समालोचना, संस्मरण, नाटक र अन्य लेखहरु यसभित्र गद्य रुपमा रहेका देखिन्छन् । परिमाणात्मक रुपमा अन्य गद्य रचनाहरु भन्दा कथा नै अधिक रहेको पाइन्छ । केही स्थापित श्रष्टाहरुसँगै नयाँ सिकारु श्रष्टाका गद्य रचनाहरु **छहरा**मा रहेका छन् । केही कमजोर गद्य शिल्पका रचना बाहेक प्रायः **छहरा**भित्रका गद्य रचनाहरु सशक्त प्रभावकारी र पठनीय रहेका छन् ।

**छहरा**भित्रका गद्य रचनाहरुको प्रसङ्ग उठानका क्रममा कथा नै प्रबल भएर आउँछ । **छहरा**का जम्मा १७ अङ्कहरुको अध्ययनमा ११२ वटा कथासँग साक्षात्कार हुन सकिन्छ । कतिपय कथा भनी राखिएका रचनाहरु शैल्पिक दृष्टिले पत्र र निबन्ध हुन् । कथाका लघु तथा मझौला रुपलाई **छहरा**ले आत्मसाथ गरेको पाइन्छ । पछिल्लो समयमा राष्ट्रियस्तरमा नै एकखालको कथा लेखनमा आफ्नो छवि स्थापित गरेका कथाकारका लेखनीका प्रारम्भका कथा रचनाहरु **छहरा**मा देख्न सकिन्छ । यसभित्रका कथाहरुले विविध विषय सन्दर्भ प्रसङ्ग अनि विषयवस्तु अर्थात् प्रवृत्तिको उठान गरेका छन् । विशेषतः युगीन सन्दर्भहरु विशेष महत्त्वका साथ विषय सन्दर्भका रुपमा कथामा आएका छन् ।

कथा बाहेक **छहरा**मा निबन्ध, पत्र, समीक्षा/समालोचना, संस्मरण, नाटक जस्ता गद्य रचना रहेका छन् । युगीन सन्दर्भ र हास्यव्यङ्ग्य **छहरा**का निबन्धमा विषयवस्तुका रुपमा आएका छन् । विकृति र विसङ्गतिलाई व्यङ्ग्य गर्दै हास्य सिर्जना गर्ने निबन्ध **छहरा**मा देख्न सकिन्छ । प्रायः स्थापित श्रष्टाका कुनै कृति तथा कृतिभित्रका कुनै एक रचनाहरुलाई समीक्षा गरिएका समालोचनात्मक धर्म निर्वाह गरेका गद्य रचनाहरु पनि **छहरा**मा पाइन्छन् । त्यस बाहेक स्वयम् **छहरा**कै कुनै एक कोणबाट गरिएको समीक्षात्मक टिप्पणी पनि **छहरा**मा रहेको देखिन्छ । कतिपय निकै नै घतिला संस्मरणहरुले **छहरा**का अङ्कहरुलाई रोचक अनि पठनीय बनाएका छन् । जीवन भोग्दाका विविध आयामहरु **छहरा**भित्र संस्मरणात्मक रुपमा एक साथ प्रस्तुत भएका छन् । विशेषतः **छहरा**भित्र विभिन्न रुप रङ्गका पत्रहरु लेखिएका पाइन्छन् । जम्माजम्मी १४ वटा पत्रहरु **छहरा**का अध्ययनका क्रममा भेटिन्छन् । प्रायःजसो प्रेमाग्रहका अभिव्यक्ति यस्ता पत्रहरुमा अभिव्यक्त भएका पाइन्छन् । चौधौँ अङ्कदेखि सोह्रौँ अङ्कसम्म मात्र आफ्नो उपस्थितिलाई सीमित राखेको नाटक सबैभन्दा कम उपस्थित भएको गद्य विधा हो । यद्यपि यसभित्रका विषय सन्दर्भ निकै सशक्त रहेका छन् ।

## ५.२ विश्लेषणका आधारहरु

पद्य रचनाहरुको तुलनामा परिमाणात्मक दृष्टिले कमै उपस्थित रहेका गद्य रचनाहरु विषयवस्तुको प्रभावकारिता, भाव सम्प्रेषण, युगीन चेत आदिका प्रस्तुतिका सन्दर्भमा सशक्त नै रहेका छन् । कथा, निबन्ध पत्र, समीक्षा/समालोचना, संस्मरण, नाटक जस्ता रचनाहरुले **छहरा**लाई एक सबल साहित्यिक पत्रिका बनाउन महत्त्वपूर्ण भूमिका पूरा गरेका छन् । यहाँ पनि विषयवस्तुको गम्भीरता, कलात्मक अभिव्यञ्जना, स्थापित श्रष्टाका सिर्जनाहरु विषयवस्तुको विविधतालाई प्रतिनिधि छनौट र विश्लेषणको आधारका रुपमा अबलम्बन गरिएको छ । शिल्पगत विश्लेषणका क्रममा विधागत अवयवको रचनाहरुमा के कस्तो संयोजन गरिएको छ सो महत्त्वपूर्ण हुन्छ । **छहरा**मा प्रकाशित गद्य सामग्रीहरुमा विधागत सचेततासँगै विभिन्न तत्त्वहरुको रखाइ के कस्तो छ ? यो कोणबाट पनि अध्ययन गरिनु सान्दर्भिक हुने देखिन्छ । यसै सिलसिलामा **छहरा**मा गद्य रुपमा रहेका विविध खालका रचनाहरु जस्तै : कथा, निबन्ध, पत्र, संस्मरण, नाटक, समीक्षा/समालोचनाहरुको विधागत तत्त्वका कसीमा राखेर अध्ययन तथा विश्लेषणका क्रममा प्रतिनिधि रचना छनौट गरी विश्लेषण गरिएको छ । सिर्जना यात्राका आरम्भतिरका विद्यार्थीहरुका सिकारु कलमले कोरेका रचनाहरुसँग रहेका केही स्थापित श्रष्टाहरुका रचनाहरुको सङ्गम **छहरा**मा शैल्पिक अध्ययनका क्रममा केही रचना बाहेक आधारभूत शिल्पगत मान्यता पूरा गरेका रचनाहरु भेटिन्छन् । यहाँ प्रचलित विधागत मान्यतालाई विश्लेषणको आधारका रुपमा अबलम्बन गरिएको छ । गद्य रुपमा रहने विभिन्न विधाका तथा उपविधाका रचनाका साझा तत्त्वका आधारमा विश्लेषण गरिनु उचित हुने देखिन्छ । वैचारिक तथा राजनीतिक आग्रहसहितका लेखहरुलाई र नेपाली भाषाका अतिरिक्त अन्य भाषाभाषिका रचनाहरुलाई भने यसको अध्ययन क्षेत्रभित्र राखिएको छैन ।

## ५.३ विषयवस्तुगत प्रवृत्तिका आधारमा 'छहरा'मा प्रकाशित कथाको विश्लेषण

**छहरा** पत्रिकाभित्र रहेका कथाहरुमा विभिन्न विषयवस्तुगत प्रवृत्ति पाइन्छ । उल्लेख्य रुपमा प्रस्तुत भएका विषयवस्तुगत प्रवृत्तिलाई छनौट गरी तिनका प्रतिनिधि रचनाहरुको विश्लेषण गर्नु उचित हुने देखिन्छ ।

### ५.३.१ यथार्थको अभिव्यञ्जना

**छहरा** पत्रिकामा प्रकाशित भएका कथाहरुमा विषयवस्तुगत प्रवृत्तिका रुपमा यथार्थको अभिव्यञ्जनालाई लिन सकिन्छ । हामीले भोगेका, देखेका, झेलेका यथार्थहरु **छहरा**का विभिन्न अङ्कका कथाहरुमा अङ्कित गरिएका छन् । कहीं कतै विकृति र विसङ्गति झैं लाग्ने कुराहरु पनि यथार्थ भइदिन्छ । यस्तै विषय सन्दर्भहरु **छहरा**मा छरछर गरिरहेका छन् । सामाजिक यथार्थ, मनोवैज्ञानिक यथार्थ युगीन यथार्थका रुपमा प्रस्तुत भएका छन् । समाजमा रहेका दुई वर्गको यथार्थ चित्र, त्यस्तै स्वदेशभित्रको युद्धले निम्त्याएको कहाली, विकट दिनहरुको पीडालाई **छहरा**का कथा रचनाहरुले समेट्न खोजेको देखिन्छ । देशमा बढ्दै गएको बेरोजगारी, हत्या, हिंसा, लुट त्यस्तै हुनेखानेले तल्लो वर्गकाप्रति गरिने थिचोमिचो, युवावर्ग विदेशिन बाध्य हुनाका कारणहरु

**छहरा**का कथामा निकै नै मर्ममय रुपमा अभिव्यक्त भएका छन् । युद्धको सन्त्रासमा बाँचेको युग, त्यही सन्त्रासमा बाँच्न विवश हुनेहरुका चित्कार, कहाली, क्रन्दनको स्पष्ट स्वर **छहरा**मा सुन्न सकिन्छ । यस किसिमका कथाहरुको उपस्थिति **छहरा**मा निकै बाक्लो रहेको छ । त्यही भित्रबाट केही प्रतिनिधि रचनाका रुपमा अङ्क १४ मा रहेको विपुल पोखेलको **सङ्घर्ष** शीर्षकको कथा, अङ्क १६ मा **स्वयम्बर हाङ** शीर्षकको नवीन विभासको कथा, सुवास आचार्यको अङ्क १६ मा रहेको **बन्द खाम** शीर्षकको कथा र अङ्क १६ मा नै भगवानदास यादवले लेखेको **गाउँ अब गाउँ रहेन** शीर्षकको कथालाई लिन सकिन्छ ।

यथार्थको प्रत्याङ्कन गरी लेखिएका **छहरा**भित्रका विविध कथाहरुले यथार्थका विविध रुपलाई देखाउन खोजेका छन् । विशेषगरी यस्ता रचनाहरुले जनमानसले भोग्नुपरेका विभिन्न यथार्थलाई प्रस्तुत गरेको पाइन्छ । रोजीरोटीको जोहो हुन नसक्दा विदेश जान बाध्य भएका युवाहरुको प्रतिनिधिका रुपमा स्वयम्बरहाङलाई प्रस्तुत गर्दै नवीन विभासले लेखेको अङ्क १६ को **स्वयम्बरहाङ** भित्रका केही अंश साभार गरी हेर्दा यथार्थको यो रुपलाई अझ स्पष्टसँग बुझ्न सकिन्छ । जस्तै : म उडें है ! पुगेर फोन गर्छु । मेरा सबै सपनाहरु उतै छाडेर गएको छु । बचेछन् भने फर्केर पूरा गर्नेछु । भालुबाङकी मेरी छे नि .........., हो उसलाई नि भन्दिनु-उसको भरोसा छैन ।, म फोनमा स्वयम्बरको आवाज सुन्न सक्तिन । फोन राख्छु-शुभयात्रा पनि भन्न भुलेर ( विभास, २०६० : ५०) । यहाँ विदेशिनु पर्दाका पीडासँगै स्वजन विदेशिदाका पीडा अन्तर्मिश्रित भएर आएका छन् । जीवन सपार्ने, स्वजनहरुसँग रमाउने, आफ्नै माटोमा कर्मशील पाखुरी चलाएर घर सजाउने आफ्ना सारा सपना थाँती राखेर विदेश उडेको एक युवाका उल्लिखित भनाइबाट आजका नेपाली युवाका यथार्थ जीवन प्रसङ्ग बुझ्न सकिन्छ । त्यस्तै स्वजनको अभाव खेप्ने आम नेपाली युवाका बास्तविक मनोभावलाई पनि माथिको कथांशले स्पष्ट पारेको देखिन्छ ।

अन्य यथार्थ झैं **छहरा**का कथाहरुमा मानसिक यथार्थ पनि प्रस्तुतिमा विषयवस्तुगत प्रवृत्ति बनेर आएको छ । मानव मनका यथार्थ चित्र पनि **छहरा**का कथामा देख्न सकिन्छ । मानसिक ऊहापोहले पुऱ्याउने मानस शहरको रमझम निकै कलात्मक रुपमा **छहरा**मा प्रस्तुत भएका पाइन्छन् । अन्य रचनाहरु भन्दा यस किसिमका रचनाहरु परिमाणात्मक रुपमा न्यून उपस्थित रहेका पाइन्छन् । यस कोटीका कथा रचनाको उदाहरणका रुपमा १४ अङ्कमा रहेको विपुल पोखेलको **सङ्घर्ष** शीर्षकको कथाका केही अंश साभार गर्दा-“अनायाश एक दिन सपनामा कल्पनाले आफ्नो अफिसको त्यही सुन्दर खरिदारलाई देखिन् । त्यसैसँग डुलिन्, खेलिन् र कुरा पनि गरिन् । अफिस समयभन्दा बाहेक पनि उसलाई भेटिन् तर सपनामा मात्रै । कल्पनामा केही माया जाग्यो उसकाप्रति । उसलाई यी कुरा कसरी र कहाँबाट सुनाउन सुरु गरुँ उनले यही सोच्न थालिन् (पोखेल, २०५६ : ११६) । व्यावहारिक चपेटामा परेर वैवाहिक सम्बन्ध जोड्न नपाएकी कल्पनाका मानस तहमा देखिएका विभिन्न अवस्थालाई यस कथांशले देखाउन खोजेको छ । बहिनीको बिहे भई छोरो जन्मिसकेपछि उसले अविवाहित रहन गरेको निर्णय नै परिवर्तन गरेकी छे । बहिनीको छोराले यसमा उद्दिपकको काम गरेको छ । आफ्नै अफिसको खरिदारसँग मानसिक रुपमा नजिकिएकी कल्पनाका मनभित्रका छटपटीहरु माथिका गद्यांशमा भेटिन्छन् ।

## ५.३.२. आर्थिक, सामाजिक जीवनका विकृति र विसङ्गतिको प्रस्तुति

विकृति र विसङ्गतिलाई पनि **छहरा**का कथाभित्र पाइने विषयवस्तुगत प्रवृत्तिका रुपमा लिनुपर्ने देखिन्छ । विभिन्न क्षेत्रमा बढ्दै गएको विकृति र विसङ्गतिले आक्रान्त आजको युगको स्पष्ट रुप **छहरा**मा देखाउन खोजिएको पाइन्छ । मानव विकासले अग्रगामी पाइला चाल्दै गर्दा विकृतिको र विसङ्गतिको महामारीले आक्रान्त आजको मानव समाज, युग र विश्वको यथार्थ यसखालका कथामा जीवन्त रुपमा अभिव्यञ्जित भएका पाइन्छन् । सुन्दरताको खोजीमा भौँतारिएकाहरुका कुरुप चित्र त्यस्तै बाह्य सुन्दरतासँग आन्तरिक सुन्दरता सौदा गर्नेहरुका हर्कतहरु, धन, पैँसासँग अर्थात् भौतिक सम्पन्नतासँग यौवन र प्रेम लिलाम गर्नेहरुका सक्कली रुप **छहरा**का यस किसिमका कथाले देखाइ दिएका छन् । नातावाद, कृपावाद, घुस्याहा व्यवहार, लुटाहा प्रवृत्ति, सुसंस्कारलाई निषेध गर्ने प्रवृत्ति सबै-सबै प्रसङ्गलाई **छहरा**का कथाहरुमा प्रस्तुत गरिएको छ । **पश्चाताप** शीर्षकमा अङ्क ७ मा अमर खड्काको कथा, अङ्क ७ कै रमेश पुष्पको **रामकहानी** शीर्षकको कथा, महेशराज शर्माको अङ्क ८ मा रहेको कथा **गुनासो**, नित्यानन्द शर्माको अङ्क ८ मा रहेको कथा **नाम निस्किएन**, विमला भट्टराईले १३ अङ्कमा लेखेको कथा **अनगिन्ति आशाहरु**, **भावना** शीर्षकमा निराजन खनालले १४ अङ्कमा लेखेको कथा यस किसिमका कथाहरुमध्येका केही प्रतिनिधि कथा हुन् ।

विकृत मानसिकताले अझ बढी विकृति निम्त्याउँछ । मान्छे मानवीय मूल्य मान्यतालाई नै बेवास्ता गर्दै विसङ्गत हर्कततर्फ उद्यत भएको छ । मान्छे भावनाशून्य, संवेदनाहीन भएको छ भन्ने भावका कथाहरुले **छहरा**को साहित्यिक पाटो अझ समृद्ध बनेको छ । यस्तै उदाहरणका रुपमा अङ्क ७ मा रहेको अमर खड्काको **पश्चाताप** शीर्षकको कथाका केही अंश साभार गर्दा : ............. त्यो हिउँदले शालिमाको त्यो लाहुरे ल्याउँदैन शालिमा रातभर निदाउन सक्दिने, मरिसकेको उसको लोग्ने र छोरी रेणुको अनुहारले रातभरी उसलाई झक्झकाउँछन्, शालिमा तँ कहिल्यै निदाउन सक्दिनेस्, तेरो निद्रा सँधैका लागि हामीले लिदिएका छौं, सँधैका लागि (खड्का, २०३८ : ४६) । पतिको मृत्युपछि उर्लंदो वैंशलाई थेग्न नसकी लाहुरेसँग जाने सपना देखेकी शालिमा छोरीलाई मरुवा खोलामा फालेर बन्धनमुक्त भएको महसुस गर्छे र लाहुरे आउने दिनको प्रतिक्षामा रहन्छे तर लाहुरेले दिएको भाखा नाघ्छ फर्कदैन, अर्को बाटोबाट नै लाहुरे लाहुर हानिन्छ । यता शालिमाको वैंशका मधुरपल लाहुरेसँग बिताउने रहर खरानी हुन्छ, जवानी निरर्थक लाग्न थाल्छ ऊ पश्चातापको आगोमा जलिरहन्छे । ऊभित्रको त्यही जलनलाई माथिको कथांशले स्पष्ट पारेको देखिन्छ ।

घुसखोरी, नातावाद, कृपावाद, फरियावादको नाङ्गो चित्र पनि **छहरा**का कथामा देख्न सकिन्छ । माथिल्लो निकायमा पहुँच नभएका कसरी अयोग्य ठहरिन्छन् । उनीहरुको योग्यताको कसरी उपहास गरिन्छ । कर्मठ र कर्मशीलहरु गलहत्याइने प्रवृत्तिको सबल रुप **छहरा**मा प्रस्तुत भएको पाइन्छ । "यस्तै नाम ननिस्कने क्रम कति दिनसम्म चल्ने हो, उसलाई थाहा छैन । कहिले काहीं यस्तै नाम ननिस्कनेहरुको जमात फेला पार्दा उसलाई शान्ति हुन्छ । अँ म जस्तै धेरै धेरै रहेछन् भनेर" (शर्मा, २०४४ : ५) । कथाकार नित्यानन्द शर्माले दसौं अङ्कका लागि लेखेको **नाम**

**निस्किएन** कथाका केही अंश हुन् माथिका । क्षमता र योग्यताको कुनै परवाह नै नगरी रोजगारीमा आ-आफ्नाको भर्ति गरिने कु-परम्पराको प्रस्तुतिलाई माथि उल्लिखित गद्यांशले जीवन्त तुल्याएका छन् । कतै पनि काम नपाएर निराश भएर भौंतारिइरहेको पात्र आफू जस्तै अन्यलाई भेट्दा चित्त बुझाउने प्रयास गरेको सन्दर्भलाई यस गद्यांशमा देखाउन खोजिएको छ । क्षमतावान् योग्य र सक्षम व्यक्तिहरु काम गर्ने अवसरबाट कसरी वञ्चित गरिन्छन् त्यही विसङ्गत अवस्थाको पर्दाफास माथिका गद्यांशले गरेका छन् ।

सम्पन्नले विपन्नमाथि गर्ने गरेको थिचोमिचो, आर्थिक सम्पन्नतासँग जीवन लिलाम गर्ने प्रवृत्तिको यथार्थ प्रस्तुति पनि **छहरा**मा भेट्न सकिन्छ । आत्मिक प्रेमलाई लत्याएर सम्पन्नताका लागि मरिहत्ते गर्ने विकृत चलनको प्रस्तुति **छहरा**का कथामा एक प्रवृत्तिकै रुपमा आएको छ । यसकै उदाहरणका लागि निराजन खनालको अङ्क १४ मा रहेको **भावना** शीर्षकको कथाका केही अंश साभार गर्दा : म उकुसमुकुस भएँ, छट्पटाएँ । मेरो धन सम्पत्ति अनि शहरको आडम्बरले गर्दा त्यस कोठाभित्र अवस्थित सम्पूर्ण वस्तुले ताली पिटेको भान भयो मलाई । उसको सम्पत्तिदेखि घृणा लाग्यो । प्याच्च थुकिदिएँ त्यो कोठामा । उसले दिएका गरगहनाहरु कपडाहरु सम्पूर्ण त्यहीँ छोडिदिएँ । शिशामा राखेको उसको त्यो फोटोलाई समाति भूइँमा पड्किएँ । उसले दिएको सौभाग्यलाई पनि त्यही फोटोसँग मिलाइदिएँ । जिन्दगीको सबैभन्दा महत्त्वपूर्ण मानिने रात, सुहागरात मेरो जीवनमा सबैभन्दा तुच्छ घृणाको अनि अभागी रात नै भइदियो (खनाल, २०५६ : २४) । सम्पन्नताका खातिर साँचो मायालाई बेवास्ता गरेकी युवतीको विवाहकै रात लोग्ने लागुऔषध व्यापारको अपराधमा पक्राउ परेपछि आफ्नो पूर्व प्रेमीसँग गरिएका कुराकानीका सन्दर्भबाट नै विकृतितर्फ उद्यत मानिस, उसका व्यवहार र त्यसले निम्त्याउने विकट दिनलाई माथिका गद्यांशबाट नै बुझ्न सकिन्छ ।

### ५.३.३ प्रणय भावको प्रस्तुति

प्रणयका रमाइला क्षणहरुको प्रस्तुतिले **छहरा**लाई अझ सुन्दर बनाउने प्रयास गरेका छन् । प्रेमिल मनहरुका प्रेमोद्गारहरु निकै नै सुललित र कलात्मक रुपमा **छहरा**मा अभिव्यक्त भएका छन् । कसैप्रतिको आशक्ति र वियोगका अत्यास **छहरा**का कथामा प्रेमका याम बनेर आएका देखिन्छन् । वैंशालु वयले निम्त्याउने प्रेमका छटपटीहरु एक अर्काका यादमा रहँदाका छटपटीहरु **छहरा**का किनारामा साक्षी बनेका छन् । तिनै साक्षीलाई यहाँ पेश गर्दा **दुपट्टा** शीर्षकमा पूर्णबहादुर बस्नेतले अङ्क १५ मा लेखेको कथा, सोही अङ्कका अन्य दुई कथाहरू कैलाश पोखेलको **पहिलो प्रेम : अनुत्तरित प्रश्न** र विज्ञान शर्माको **आँखाहरु बोल्दारहेछन्** त्यस्तै **पुनर्मिलन** शीर्षकको गोविन्द न्यौपाने अनुरागीको अङ्क ११ को कथालाई लिन सकिन्छ ।

कसैको मायामा एकोहोरो बनेकाहरुका एकान्तका आत्मालाप **छहरा**का कथामा पाउन सकिन्छ । एकान्तमा कसैको यादमा घण्टौं हराउनेहरुका एकालापीय गुनगुनाहट यस किसिमका कथामा सुन्न सकिन्छ । यस्तै प्रकृतिको रचनाका रुपमा १५ अङ्कमा कैलाश पोखेलले लेखेको **पहिलो प्रेम : अनुत्तरित प्रश्न** शीर्षकको कथालाई लिन सकिन्छ भने यसका केही अंशले अझ यस

कुरालाई प्रमाणित गरिदिनेछन् । जस्तै : उनको आकृति निष्कलङ्क र निर्दोष बनेर चलमलाउन थाल्यो, मलाई उनी सजीव भई अगाडि उभिरहेकी छिन् भन्ने लागेर मन एकोहोरो रुपमा बोल्न थाल्यो (पोखेल, २०५९ : ११५) । प्रेम अप्राप्तिका अत्यासहरु पनि **छहरा**मा कथा बनेर कथिएका छन् । कसैलाई आफ्नो बनाउने चाहना पूर्ण नहुँदाका छटपटीलाई पनि कथाका शिल्पमा सजाएर **छहरा**का कथाकारहरुले लिपिबद्ध गरेका छन् । यस किसिमको प्रतिनिधि कथा रचनाका रुपमा **छहरा** अङ्क १५ मा विज्ञान शर्माले लेखेको कथालाई लिन सकिन्छ । उदाहरणका रुपमा यसै कथाका केही अंश साभार गर्दा आँखाहरुले मात्र बुझ्दछन् उसको नियति, त्यही भएर होला रसाएका छन् आज पनि । हरेक गोधुली साँझहरु उसको आँखाको पर्दामा पर्छन् । माधुर्य थोरै र धमिलो धेरै भए झैँ लाग्छन् ती साँझहरु उसलाई उसको आँखाको तलाउबाट चुहिन्छन् । जलका छिटाहरु मानौं कसैको सम्मानमा अर्घ्य अर्पण गर्दैछन् नानीहरु (शर्मा, २०५९ : १५३) । कसैलाई आफ्नो बनाउन नपाउँदाको पीडा आँशु बनेर तप्प चुहिएको वियोगपूर्ण प्रसङ्ग माथिको कथांशबाट बुझ्न सकिन्छ । **छहरा**भित्रका यस्ता थुप्रै रचनाहरुले कुनै न कुनै रुपमा प्रेमका भव्य, सभ्य, सुन्दर नगरी निर्माणको उद्देश्य लिएका छन् भने अर्कोतिर प्रेम वियोगको आँधीले खण्डहर तुल्याएका प्रेम बस्तीहरुतर्फ पनि दृष्टि दिन बाध्य गराउँछन् ।

## ५.४ शिल्प संरचनाका आधारमा 'छहरा'मा प्रकाशित कथाको विश्लेषण

**छहरा** पत्रिकाभित्र विभिन्न ढङ्ग ढाँचाका कथाहरु रहेका छन् । कथाको विधागत स्वरुपमा नरहेका कतिपय गद्य रचनाहरु पनि कथा भनी राखिएका छन् । यस खण्डमा शैल्पिक मान्यताका कसीमा सबल रहेका कथा रचनाहरुबाट प्रतिनिधि छनौट गरी शिल्प संरचनाको खोजी गरिने छ ।

### ५.४.१ कथानक

विषयवस्तुको रखाइ वा घटनाक्रमको विन्यास नै कथामा कथानकका रुपमा रहन्छ । कथामा विन्यास हुने घटनाहरुको योजनावद्ध विकासका साथै कार्यकारण श्रृङ्खलामा आधारित सङ्गठनात्मक स्वरुप नै कथानक हो (पौडेल, २०६५ : १०) । प्रस्तुत भनाईले घटनाक्रमको विन्यासलाई नै कथानकका रुपमा प्रस्तुत गरेको देखिन्छ । कथामा पात्रका क्रियाव्यापारले निम्त्याएका र कथामा घटित भएका घटना श्रृङ्खलाको व्यवस्थापन अर्थात् व्यवस्थितिकरण नै कथानक हो । कथामा कथानकको प्रयोग रैखिक र वृत्ताकारीय ढाँचाको गरिएको हुन्छ । कथामा घटनाहरुको विन्यास श्रङ्खलावद्धरुपमा गरिएको छ भने रैखिक ढाँचाको कथानक हुन्छ । घटनाको विन्यास विश्रृङ्खलित छ भने त्यो कथानकको ढाँचा वृत्ताकारीय हुन्छ । रैखिक किसिमको कथानक ढाँचा प्रयोग गरिएको कथामा घटनाहरुको विन्यास आदि, मध्य र अन्त्यको श्रृङ्खलामा गरिएको् हुन्छ भने वृत्ताकारीय कथानक ढाँचाको प्रयुक्ति भएका कथामा घटनाहरुको विन्यास विश्रृङ्खलित हुन्छ । कथानक विन्यासका दृष्टिले **छहरा**का कथामा विविध रुप देख्न सकिन्छ । **छहरा**मा प्रकाशित भएका कथाहरुमा प्रायः घटनाहरुको विन्यास आदि, मध्य र अन्त्यको श्रङ्खलामा गरिएको पाइन्छ । यसबाट **छहरा**का प्रायजसो कथाहरुमा रैखिक कथानक ढाँचाको प्रयुक्ति देख्न सकिन्छ । त्यसैले **छहरा**का कथाहरु सामान्य पाठकका लागि पनि बोधगम्य देखिन्छन् । रैखिक कथानक ढाँचाको समुचित निर्वाह गरिएको कथाको उदाहरणका रुपमा **छहरा** अङ्क सोह्रमा भगवानदास यादवले

गाउँ अब गाउँ रहेन शीर्षकमा लेखेको कथालाई प्रस्तुत गर्न सकिन्छ : कस्तो मीठो सपना थियो भनेर कल्पनाको मानसिक अन्तर्द्वन्द्वको प्रस्तुतिसँगै छोराको आगमनले कल्पनाको तन्द्रा भङ्ग भएको सन्दर्भ, छोराले आकाशतर्फ उडेको धुवाँ देखाउँदै कसैले ठूलो पूजा गरे हैन आमा ? भन्दासम्मका सन्दर्भ कथाको आदि भाग हो । छोराको कुराले कल्पनामा आविर्भाव भएको विक्षिप्तिको सन्दर्भदेखि रोहन निदाइसकेको रहेछ । कुनै परिकथा सुने झैँ, कुनै काल्पनिक कथा सुने झैँ । सबै यथार्थहरु । यहाँसम्मका सन्दर्भ कथाको मध्य भाग र कल्पना छोरो रोहनले यथार्थ थाहा नपाएकोमा खुशी भएका विषय सन्दर्भहरु कथाको अन्त्य भाग हो । यसबाट **छहरा**मा प्रयुक्त कथानकका बारेमा बुझ्न सजिलो हुने देखिन्छ ।

## ५.४.२ पात्र वा चरित्र

कथामा कथानकलाई अर्थात् कथावस्तुलाई आफ्ना कार्यव्यापारद्वारा गति दिने सहभागी नै पात्र वा चरित्र कहिन्छन् । समालोचकहरुले पात्रहरुको विभिन्न किसिमले वर्णन र वर्गीकरण गरेको पाइन्छ । कथाको सौन्दर्यशास्त्रमा गोपीन्द्र पौडेलले पात्रलाई चरित्रका रुपमा प्रस्तुत गर्दै लेख्छन् : चरित्रहरु कथानकका आधार हुन्, जसले क्रियाव्यापारद्वारा र द्वन्द्वमा महत्त्वपूर्ण भूमिका खेल्दछन् ( पौडेल, २०६५ : १३) । **छहरा**का कथामा विभिन्न खालका पात्रहरुको उपस्थिति देख्न सकिन्छ । जस्तै : सम्पन्न, विपन्न, शिक्षित, अशिक्षित, क्रान्तिकारी, सुधारवादी, यथास्थितिवादी, त्यस्तै विभिन्न उमेर समूहका पात्रहरु छहरका विभिन्न अङ्कका कथामा पाइन्छन् । मुद्राका आधारमा **छहरा**मा अन्तर्मुखी र बहिर्मुखी, चित्रणका आधारमा गतिशील र स्थिर, प्रतिनिधित्त्वका आधारमा प्रारुपीय र व्यक्तिवादी, विशेषताका आधारमा गोला र चेप्टा यस्ता विविध खालका पात्रहरु **छहरा**का कथामा प्रयुक्त छन् । जसले आफ्ना कार्यव्यापारद्वारा कथा रचनाहरुलाई गति दिने काम गरेका छन् । उदाहरणका रुपमा **छहरा** १६ अङ्कमा **स्वयम्बर हाङ** शीर्षकमा कथाकार नवीन विभासले लेखेको कथाको मुख्य पात्र स्वयम्बर हाङ मुद्राका आधारमा अन्तर्मुखी, चित्रणका आधारमा गतिशील, प्रतिनिधित्त्वका आधारमा व्यक्तिवादी, विशेषताका आधारमा गोलो किसिमको पात्र हो । यस्तै १५ अङ्कमा पूर्णबहादुर बस्नेतले **दुपट्टा** शीर्षकमा लेखेको कथाको म पात्र मुद्राका आधारमा बहिर्मुखी, चित्रणका आधारमा स्थिर, प्रतिनिधित्त्वका आधारमा व्यक्तिवादी अनि विशेषताका आधारमा चेप्टो किसिमको पात्र हो । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने पात्र वा चरित्रको प्रस्तुतिका दृष्टिले **छहरा**का कथाहरु विविध खालका देखिन्छन् ।

## ५.४.३ परिवेश

देशकालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । यसमा जीवनका कथा, रीतिरिवाज, रहनसहन, व्यवहार, प्राकृतिक पूर्वाधार र परिवेश जस्ता तत्त्व पर्दछन् (बराल, एटम, २०६६ : ३३) । सामान्य रुपमा बुझ्दा देशले स्थान र कालले समयलाई सम्बोधन गर्दछन् । श्रष्टाले सिर्जनामा प्रस्तुत गरेको समय सन्दर्भ र स्थानिक सन्दर्भ देशकाल हो । कथामा पात्रले कार्यव्यापार सम्पन्न गर्नाका लागि लिएको स्थान र समय नै देशकाल हो । देशकालसँग वातावरण पनि जोडिएर आउने गर्दछ । लेखकले पात्रलाई जुन आधारभूमिमा उभ्याएको हुन्छ त्यही आधारभूमिलाई नै देशकाल भनी बुझ्नुपर्ने देखिन्छ । देशकालका सन्दर्भमा **छहरा**मा प्रकाशित

कथाको चर्चा गर्दा विविध खालको रुप त्यहाँ देखापर्दछ । स्थानका कुरा गर्दा **छहरा**मा ग्रामीण क्षेत्रदेखि शहरीया क्षेत्र स्थानका रुपमा आएको छ । त्यस्तै स्वदेश मात्र नभई विदेश पनि स्थानका रुपमा प्रस्तुत भएको पाइन्छ । कालका दृष्टिले हेर्दा विविध कालिक सन्दर्भ त्यहाँ प्रस्तुत भएको पाइन्छ । कालिक सन्दर्भलाई **छहरा**का कथामा जोडेर हेर्दा विगत र वर्तमानको स्पष्ट चित्र भेट्न सकिन्छ । जस्तै : अङ्क ७ मा रमेश पुष्पले लेखेको **रामकहानी** शीर्षकको कथामा आजभन्दा केही अगाडिको समय कालका रुपमा प्रस्तुत भएको छ । प्रस्तुत कथामा प्रयुक्त जमिन्दारी प्रथा, अधियाँ प्रथा जस्ता सन्दर्भले वर्तमानलाई नभएर विगतको चालचलन, रीतिरिवाजलाई प्रस्तुत गरेको देखिन्छ । अङ्क १६ मा रहेको महेन्द्र कुमार शर्माको **नेपाली मर्‍यो** शीर्षकको कथामा नितान्त ग्रामीण जीवनको प्रस्तुति रहेको छ भने सोही अङ्ककै **बन्द खाम** शीर्षकको सुवास आचार्यले लेखेको कथामा शहरीया जनजीवनको प्रस्तुति रहेको छ । सङ्क्षेपमा **छहरा**का कथाहरुमा विभिन्न खालको पारिस्थिति परिवेश देशकालका रुपमा प्रस्तुत भएको छ ।

### ५.४.४ संवाद/कथोपकथन

पात्रहरुबीचको कुराकानीलाई संवाद वा कथोपकथन भनिन्छ (बराल, एटम, २०६६ : ३२) । संवाद नाटकमा अत्यावश्यकीय तत्त्वका रुपमा रहन्छ भने आख्यानमा यो आधारभूत तत्त्व नहुन सक्छ । यद्यपि कथानकलाई जीवन्त तुल्याउनका लागि यसलाई कथाको आवश्यक तत्त्वका रुपमा लिने गरिन्छ । संवाद वा कथोपकथनका कोणबाट **छहरा**मा प्रकाशित कथाको अध्ययन गर्दा विविध खालको संवादात्मक स्थिति देखा पर्दछ । सामान्य पात्रले बोल्ने सरल, सजिलो छोटो संवादसँगै अर्कोतिर केही बौद्धिक पात्रले बोलेका जटिल र लामा संवाद **छहरा**मा प्रयोग भएको पाइन्छ । कथालाई अझ प्रभावकारी र पठनीय बनाउनका लागि संवादले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । ग्रामीण बोलीचाली, कुराकानीसँगै केही बौद्धिक पात्रले बोलेका केही जटिल प्रकृतिका संवादको प्रयुक्ति **छहरा**मा पाउन सकिन्छ । किन निर्मला तिमी यसरी चिन्तित छ्यौ ? प्रेम दाइ तपाइँलाई आज बुबाले निकै गाली गर्नुभयो नराम्रो भन्नुभयो तपाइँसँग निकै रिसाउनु भयो (शर्मा, २०३३ : ३४) । अङ्क ३ मा रमण कुमार शर्माले **निर्मला** शीर्षकमा लेखेको कथामा प्रयुक्त माथिका संवादले सरल संवादात्मक अवस्थालाई बुझाउँछ भने अङ्क १४ मा निराजन खनालले **भावना** शीर्षकमा लेखेको कथाका यी संवादले केही जटिल संवादको प्रयुक्तिलाई स्पष्ट पार्ने देखिन्छ । जस्तै : मेरो जिन्दगी एउटा झरिसकेको फूल हो । कसैले झारिदियो र कसैले लात्ताले कुल्चेर हिडिदियो र अहिले मेरो जिन्दगी नून नहालेको तरकारी झैँ फिक्का छ । तिमी जे सुन्न चाहन्थ्यौ मैले त्यही सुनाएँ । अब त पुग्यो होला नि (खनाल, २०५६ : २१) । प्रस्तुत संवादका अंशबाट नै **छहरा**मा प्रकाशित कथा र नाटकमा प्रयुक्त संवाद वा कथोपकथनका बारेमा बुझ्न सकिन्छ ।

### ५.४.५ उद्देश्य

कुनै पनि श्रष्टाले सिर्जना मार्फत् संवहन गरेको सन्देश नै उद्देश्य हो । अर्को शब्दमा भन्दा जुनसुकै कृतिको अर्थात् रचनाको पठनबाट पहिल्याइने सारवस्तु नै उद्देश्य हो । कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**मा उद्देश्यलाई सारवस्तुको रुपमा प्रस्तुत गर्दै उपन्यासमा समाविष्ट केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ । यसलाई

नियन्त्रित विचार वा केन्द्रीय अन्तर्दृष्टि पनि भनिन्छ (बराल, एटम, २०६६ : ३८) भनेका छन् । प्रस्तुत भनाइबाट केन्द्रीय कथ्य वा विचार नै उद्देश्य अर्थात् सारवस्तु हो भन्ने बुझिन्छ । **छहरा**का कथाहरुमा विविध खालको उद्देश्य रहेको देखिन्छ । कतिपय कथाका उद्देश्य सामान्य जस्तै लाग्छन् त कतिपय कथाका उद्देश्य विशिष्ट देखिन्छन् । अग्रगामी विचारको प्रवाहमा प्रवाहित हुँदै नवीन मूल्य मान्यताको खोजी गर्ने र युगीन सन्दर्भलाई पछ्याउने परिवर्तन र नवनिर्माणको उद्देश्यसहितका कथाहरुको राम्रो उपस्थिति **छहरा**का विभिन्न अङ्कमा देख्न सकिन्छ । परिवर्तनको अपेक्षा, समाज सुधारको चाहना, प्राप्त उपलब्धिको रक्षा गर्ने उद्देश्य लिएका कथाहरुको उदाहरणका रुपमा **छहरा** वर्ष १२ अङ्क १२ मा डि.एच. शर्माले **क्रान्तिवीर** शीर्षकमा लेखेको कथालाई लिन सकिन्छ । प्रस्तुत कथाकै केही अंशबाट यस कथाको उद्देश्यलाई बुझ्न सजिलो हुने देखिन्छ । जस्तै : समय बित्न कति लाग्दो रहेछ र एक दिन अरु बन्दीहरुका साथमा चूर्णे पनि कालको कोठरीबाट बाहिर निस्क्यो । जेलबाट छुटिसकेपछि बल्ल उसले थाहा पायो उसको प्रजातन्त्र ऊसम्म आइसकेको रहेछ । चूर्णे हर्षले विभोर भयो, ऊ खुशीले गद्गद् भयो । देशको कुनाकाप्चामा विकास छाउने कल्पना, देशको आर्थिक उन्नतिको कल्पना, भ्रष्टाचारको निमिट्यान्न भएको कल्पना, उसको हृदयमा सजीव भएर उठे (शर्मा, २०५३ : १६) । यस्तै यस्तै रचनाहरुका उद्देश्यलाई विशिष्ट भन्न सकिन्छ ।

### ५.४.६ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको ढाँचा हो । यी दुवैलाई साहित्य सिर्जनाका अत्यावश्यक तत्त्व मानिन्छ । साहित्यिक अभिव्यक्तिमा यी दुवै एक अर्कासँग अन्तर्मिश्रित भएर प्रस्तुत हुन्छन् । **छहरा**मा प्रकाशित कथाहरुको भाषाशैलीको अध्ययनमा प्रायःजसो सरल, सुबोध भाषिक प्रयुक्ति देखिन्छ भने सामान्य शैली पाउन सकिन्छ । यद्यपि केही कथामा भने केही मानक एवम् बौद्धिक औपचारिक भाषाको प्रयोग गरी लेखिएका छन् । त्यस्तै शैली पनि केही कथाहरुमा सामान्य नभई विशिष्ट बनाउन खोजेको जस्तो देखिन्छ । ग्रामीण बोलीचाली एवम् कथ्य भाषाको प्रयोग नै **छहरा**मा सुहाएको देखिन्छ । त्यसो त सामान्य शैलीमा लेखिएका कथाहरुले नै सम्प्रेषणीय महत्त्व र मूल्य राख्दछन् । यिनै भाषाशैलीगत विशेषताले गर्दा **छहरा**को साहित्यिक मूल्य केही बढी हुन गएको मान्नु पर्ने देखिन्छ ।

## ५.५ विषयवस्तुगत प्रवृत्तिका आधारमा 'छहरा'मा प्रकाशित नाटकको विश्लेषण

रहेको देखिन्छ । सङ्ख्यात्मक रुपमा पाँच वटा नाटक मात्र **छहरा**मा समाविष्ट रहेको पाइन्छ । न्यूनतम गद्य रुपमा रहेका मञ्चीय र अभिनेय विधा नाटक **छहरा**का जम्मा तीन अङ्कमा मात्र उपस्थित उपस्थितिमा पनि **छहरा**भित्रका नाटकलाई विषयवस्तुगत प्रवृत्तिका दृष्टिमा अत्यन्तै प्रभावकारी र सशक्त मान्नुपर्ने देखिन्छ । चारवटा नाटकले एकै विषयवस्तुगत प्रवृत्तिलाई मूल विषयका रुपमा उठाएका छन् भने एउटा नाटक मात्र फरक विषयवस्तुमा आबद्ध रहेको देखिन्छ ।

मानवताको लिलाम गर्ने आजको मानवका अमानवीय आततायी हरकतहरुले मानवीय अस्तित्व नै सङ्कटमा परेको सन्दर्भलाई **छहरा**भित्रका नाटकले निकै कलात्मक रुपमा उठाएका देखिन्छ । चेतना गुमाएर चेतना शून्य बनेको आजको मान्छेका विकृत क्रियाकलापलाई यस

कोटीका नाटकले अत्यन्तै सशक्त र प्रभावकारी रुपमा प्रस्तुत गरेको पाइन्छ । मानवताबाट विमुख हुँदै जङ्गली व्यवहार  निर्लज्ज अपनाउँदै गरेको कुरा **छहरा**का नाटकमा अभिव्यञ्जित भएको देखिन्छ । यस प्रकृतिका नाट्य रचनाहरु १४औं अङ्कमा बलदेव पोखेलले लेखेको **एक हातमा टुप्पी, एक हातमा चुल्ठी** शीर्षकको नाटक, १६औं अङ्कमा **प्रजातन्त्र र शान्ति** शीर्षकमा वी.एस. टाइम्पासले लेखेको एकाङ्की नाटक, १५औँ अङ्कमा सुरेश आचार्यको **भ्रष्टाचार** शीर्षकको अर्को नाटक र १५औँ अङ्कमा नै अजित लामिछाने र सहदेव श्रेष्ठले लेखेको **भोको सडक** शीर्षकको नाटक रहेको छन् ।

कलात्मक अभिव्यञ्जना, विषयवस्तुगत प्रभावकारिताका दृष्टिले १६औं अङ्कमा रहेको वी.एस. टाइम्पासको **प्रजातन्त्र र शान्ति**  शीर्षकको एकाङ्की नाटक अत्यन्तै सशक्त देखिन्छ । प्रस्तुत नाटकले आणविक होड, युद्धजन्य सन्त्रास, मान्छेमा हावी हुँदै गएको आततायी प्रवृत्तिलाई अत्यन्तै कलात्मक रुपमा प्रस्तुत गरेको छ । विकृत मानसिकताले अझ बढी विकृति निम्त्याउँछ । मान्छे मानवीय मूल्य मान्यतालाई नै बेवास्ता गर्दै विसङ्गत हरकततर्फ उद्यत भएको सन्दर्भ यस नाटकमा प्रस्तुत भएको छ । मान्छे भावना शून्य, संवेदनाहीन भएको छ यही तथ्यको उद्घाटनमा यो नाटक निकै सफल देखिन्छ । उदाहरणका लागि प्रस्तुत नाटकका केही अंश साभार गर्दा हामी बुद्धका मूर्ति उता पठाउँछौं, हतियार देशभित्र भित्र्याउँछौं । एउटा राम्रो मूर्तिबाट २/३ वटा नाइटभिजन र थुप्रै डाइनामाइट भित्र्याउन सकिन्छ । बरु प्रजातन्त्र बेचेर बस्दा हुँदैन ? किताब बोकेर देशको निकास खोज्ने विद्यार्थीलाई शान्ति र प्रजातन्त्र बचाउन डाइनामाइट थमाए पुग्लानी (टाइम्पास, २०६० : १२/१३) । बुद्धको देशका हामी युद्ध गर्न उद्दत छौँ । बुद्धको बुद्धत्त्वको लिलाम गरेर देशमा युद्ध मच्चाएर संसारभर रमिता बनेका छौँ । प्रजातन्त्रका नाममा हतियारतन्त्र तिम्त्याएका छौँ । यस्तै भावको सम्प्रेषण प्रस्तुत नाट्य संवादबाट भएको पाइन्छ । प्रजातन्त्रको पुनर्वहाली पछिको नेपालको राजनीतिक अवस्था र त्यसले निम्त्याएको विप्लवकारी क्षणलाई माथिका नाट्य संवादले छर्लङ्ग्याउने काम गरेका छन् । मूर्ति बेचेर हतियार भित्र्याउने विकृतिको चरम रुप यहाँ देख्न सकिन्छ ।

भ्रष्ट आचरण भएकाहरुको भविष्य कस्तो हुन्छ । सामाजिक रुपमा र पारिवारिक रुपमा उनीहरुको स्थान के रहन्छ । क्षणिक स्वार्थ सिद्धिका लागि समाज र परिवारमा कुरुप बन्नेहरुका कुरुप अनुहार पनि **छहरा**का नाटकमा देख्न सकिन्छ । देशको सम्पत्तिको दुरुपयोग गर्नेहरु, जनताका पसिना निकम्मा पार्नेहरुको भविष्य कस्तो हुन्छ । यस्तै यस्तै विषय सन्दर्भ **छहरा**का नाटकले प्रस्तुत गरेका छन् । यस्तै नाट्य रचनाका रुपमा १५औँ अङ्कका लागि सुरेश आचार्यले लेखेको **भ्रष्टाचार** शीर्षकको नाटकलाई लिन सकिन्छ । प्रस्तुत सन्दर्भलाई पुष्टि दिन यही नाटकमा प्रयुक्त संवादका केही अंश साभार गर्दा उचित हुने देखिन्छ । जस्तै : जेलबाट छुटेपछि पहिला पहिला त घर परिवारले पनि राम्रै माने तर सबै छाकबास बेचेको हुनाले हेला गर्न थाले । बिस्तारै बिस्तारै यसको दिमागले काम गर्न छाड्यो पछि त बहुला नै भयो (आचार्य, २०५९ : ६) । भ्रष्टाचार गरी जेल परेको, घर खेत बेचेर धरौटीमा रिहा भएपछि परिवारबाट नै बहिष्कृत भएको र ग्लानीले मानसिक सन्तुलन गुमाएर बरबराउँदै हिँडेको भ्रष्टाचारीको बारेमा बोलिएका माथिका नाट्य संवादले आज मात्र सोचेर नैतिकता नै बेच्ने भ्रष्ट आचरण गर्नेहरुको भविष्यलाई स्पष्ट

पारेको छ । यस्तै विभिन्न क्षेत्रमा व्याप्त विकृतिलाई विभिन्न सन्दर्भसँग जोडेर **छहरा**का नाटकले प्रस्तुत गरेका छन् ।

## ५.६ शिल्प संरचनाका आधारमा 'छहरा'मा प्रकाशित नाटकको विश्लेषण

**छहरा** पत्रिकाभित्र निकै कम सङ्ख्यामा देखिने नाटकको शिल्प संरचनाको अध्ययन र विश्लेषण यस खण्डमा गरिन्छ । विधा तत्त्वका आधारमा प्रस्तुत पत्रिकामा प्रकाशित नाटकहरुको विश्लेषण गर्दा शैल्पिक सबलतालाई महत्त्व दिइएको छ । नाटकभित्रका दुई भेद नाटक र एकाङ्कीलाई एक (नाटकीय) शिल्प संरचनाका कसीमा राखेर विश्लेषण गरिनु उचित हुने देखिन्छ । यहाँ प्रचलित विधागत मान्यतालाई नै विश्लेषणको आधार बनाइएको छ ।

### ५.६.१ कथावस्तु

घटना वा कार्यहरुको समुदाय कथावस्तु हो । यसलाई कथानक पनि भनिन्छ । नाटककारले इतिहास, पुराण, दन्त्यकथा वा समकालीन समाजबाट आवश्यक सामग्री लिएर नाटकीय कथावस्तु वा कथानकको निर्माण गरेको हुन्छ (उपाध्याय, २०५९ : ७६) । यस दृष्टिबाट हेर्दा **छहरा**का नाटकमा समकालीन समाजबाट आवश्यक सामग्री लिएर नाटकीय कथावस्तु वा कथानकको निर्माण गरिएको देखिन्छ । सामाजिक विकृति, विसङ्गति, समाजमा व्याप्त कुरीति, कुसंस्कार आदिलाई **छहरा**का नाटककारले नाटकीय कथावस्तुका रुपमा प्रस्तुत गरेका छन् । मानिसमा बढ्दै गएको भ्रष्ट मति, भ्रष्ट मतिले गर्दा समाजमा उत्पन्न भएको विकृत अवस्था आणविक होड, हतियार मोह, सामान्य आधारभूत अधिकारको पनि उपभोग गर्न नपाउने अवस्था, प्रेमको सस्तो विज्ञापन यिनै विषय सन्दर्भ **छहरा**का नाटकमा कथानक वा कथावस्तुका रुपमा रहेका देखिन्छन् ।

मान्छे भएर आधारभूत अधिकारको पनि उपभोग गर्न नपाएर भोक भोकै सडकमा मर्नुपर्ने विषयवस्तुलाई कथावस्तुका रुपमा प्रस्तुत गरिएको अङ्क १५ मा रहेको अजित लामिछाने र सहदेव श्रेष्ठको **भोको सडक** शीर्षकको नाटकभित्रबाट केही अंश साभार गरी यहाँ उदाहरणका रुपमा पेश गर्न सकिन्छ । जस्तैः हरे भगवान ! यो कटि ठूलो अन्याय हो हामी माठि ! ............. हामी माठि कटि ठूलो अन्याय हो यो । ............. कसैलाई खानेकुराको फालाफाल छ, टर ............. टर कसैलाई भने यसरी भोकै मर्नु पर्ने किन भगवान ! किन ? (लामिछाने, श्रेष्ठ, २०५९ : १५२) । नाट्य संवादका यिनै अंशहरुबाट **छहरा**मा प्रयुक्त समकालीन समाजबाट आवश्यक सामग्री लिएर नाटकीय कथावस्तु वा कथानकको निर्माण गरिएको तथ्य प्रमाणित हुन्छ ।

### ५.६.२ चरित्र/पात्रविधान

चरित्र वा पात्र नाटकीय कार्यकर्ता हुन् । नाटकीय कार्यव्यापार द्वन्द्व, भाव र विचार यिनैका माध्यमबाट प्रस्तुत गरिन्छ । त्यसैले यी ज्यादै महत्त्वपूर्ण छन् । अतिसाधारण कथानक भएको अथवा कथानकलाई महत्त्व नदिने कथाहीन नाटक वा अनाटक पनि चरित्रका कारणले प्रभावशाली हुन्छन् (उपाध्याय, २०५९ : ७७) । **छहरा**मा प्रकाशित भएका नाटक (एकाङ्की)मा विभिन्न किसिमका पात्रहरु देख्न सकिन्छ । जसले नाटकीय कार्यव्यापार प्रस्तुत गरेका छन् र कथानकलाई गति दिने काम गरेका छन् ।

सम्पन्न, विपन्न, आदर्श, यथार्थ, नारी, पुरुष, युवा, किशोर, बाल पात्र **छहरा**मा प्रयुक्त भएका छन् । त्यसैगरी ग्राह्य, त्याज्य पात्र पनि **छहरा**का नाटकमा उपस्थापन गरिएका पाइन्छन् । **प्रजातन्त्र र शान्ति** शीर्षकमा के.एस. टाइम्पासले १६ अङ्कमा लेखेको नाटक(एकाङ्की)मा प्रयुक्त दुई चरित्र 'ए' र 'बी'लाई आदर्श एवम् ग्राह्य पात्रका रुपमा लिन सकिन्छ । त्यस्तै अङ्क १५ मा अजित लामिछाने र सहदेव श्रेष्ठले **भोको सडक** शीर्षकमा लेखेको नाटकमा श्यामे र रामे विपन्न पात्र हुन् भने बाबा, आमा र छोरी सम्पन्न पात्र हुन् । यसै नाटकको बाबा त्याज्य पात्रका रुपमा रहेको देखिन्छ । **अपुरो प्रेमालाप** शीर्षकमा १४औं अङ्कमा भगवानदास यादवले लेखेको नाटक( एकाङ्की) भित्रका पात्रलाई यथार्थ पात्र हुन् भन्न सकिन्छ । यसरी समग्रमा भन्दा **छहरा**का नाटकमा प्रयुक्त चरित्र वा पात्रहरु विभिन्न किसिमका देखिन्छन् ।

### ५.६.३ संवाद

सामान्यतया नाटकीय चरित्रहरुका बीच हुने बार्तालापलाई संवाद वा कथोपकथन भनिन्छ । संवाद तत्त्वको प्रयोग वर्णनात्मक वा श्रव्य-पाठ्य कृतिमा पनि गरिएको हुन्छ तर त्यहाँ त्यो गौण हुन्छ । नाटक पूर्णतया संवाद शैलीमा नै लेखिने हुनाले यसमा यो अनिवार्य हुन्छ ( उपाध्याय, २०५९ : ७९) । संवादका कोणबाट **छहरा**मा छापिएका नाटकहरुको अध्ययन गर्दा विविध खालको संवादात्मक स्थिति देखिन्छ ।

**छहरा**का नाट्य रचनामा संवादको स्थिति सामान्य एवं विशिष्ठ दुवै खालको पाउन सकिन्छ । सामान्य पाठकले बोलेका सामान्य र सजिलै बुझ्न सकिने खालका संवादसँगै केही बौद्धिक एवम् सजिलै बुझ्न नसकिने आलङ्कारिक लाक्षणिक किसिमका संवाद **छहरा**का नाटकमा प्रयोग भएको पाइन्छ । सुस्पष्ट र प्रभावशाली संवादले नाटकलाई अत्यन्तै प्रभावपूर्ण र जीवन्त तुल्याएका छन् । कतिपय नाट्य रचनामा प्रयुक्त संवादले नै उक्त सिर्जनालाई प्रभावपूर्ण जीवन्त र सशक्त पारेको छ भन्न सकिन्छ । १६औं अङ्कको **प्रजातन्त्र र शान्ति** शीर्षकको नाटकको संवाद छोटो, बौद्धिक एवम् विशिष्ट किसिमको छ भने १५औं अङ्कमा **भ्रष्टाचार** शीर्षकमा लेखिएको नाटकमा लामो संवादात्मक स्थिति देखिन्छ । त्यसैगरी यही अङ्ककै **भोको सडक** शीर्षकको नाटकमा रामे र श्यामेले बोलेका संवाद सामान्य पात्रले बोलेका सामान्य र सरल संवाद हुन भन्न सकिन्छ । यसबाट **छहरा**मा छापिएका नाटकमा रहेका मिश्रित संवादात्मक स्थितिलाई बुझ्न सकिन्छ । पात्रको व्यक्तित्त्व अनुरुपको संवाद प्रस्तुत पत्रिकाका नाट्य रचनामा पाइन्छ । उदाहरणका लागि केही संवाद साभार गर्दा यस पत्रिका भित्रका नाटकको संवादलाई बुझ्न सकिन्छ । जसका लागि **प्रजातन्त्र र शान्ति** शीर्षकमा रहेको १६औं अङ्कको वी.एस. टाइम्पासको नाट्य सिर्जना भित्रबाट केही संवाद पेश गर्दा-देश विकासका निम्ति लम्केका हातमा अवरोधका ताल्चा नलगाउनुहोस् । सिर्जनाका ब्याडमा बारुदको खेती नगर्नुहोस् (टाइम्पास, २०६० : १४) । यी संवादले **छहरा**मा प्रयुक्त बौद्धिक संवादको प्रतिनिधित्त्व गर्दछ ।

### ५.६.४ देशकाल वातावरण

नाटकमा चरित्रले सम्पादित गर्ने कार्य वा नाटकमा घटित हुने घटना कुनै न कुनै देश वा स्थान तथा समय र परिवेशमा सम्पन्न हुन्छन् । देश, काल र वातावरणको उचित विन्यासले

नाटकलाई विश्वसनीयता र प्रमाणिकता प्राप्त हुन्छ (उपाध्याय, २०५९ : ७७) । कार्यव्यापार सम्पन्न हुने स्थान, समय आदि नै देशकाल वातावरण अन्तर्गत पर्दछन् । **छहरा**का नाट्य रचनाहरुमा समसामयिक समय सन्दर्भ र विभिन्न स्थान देशकाल वातावरणका रुपमा आएका छन् ।

मानवीयताको लिलाम र हतियार होडको प्रस्तुतिमा झल्कने ध्वंशात्मक परिवेश, सम्पन्नहरुले विपन्नलाई मान्छेसम्मको व्यवहार नगर्ने प्रवृत्ति, यौन वासनाग्रस्त प्रेम, भ्रष्ट आचरणको कुरुप रुप यी सबैले समसामयिक समयसन्दर्भलाई बुझाउँछन् भने अज्ञात गाउँ एवम् शहर स्थानका रुपमा **छहरा**का नाटकमा प्रयुक्त छन् । त्यस्तै पात्रगत वेशभूषातर्फ यस पत्रिकाभित्रका नाटकहरु मौन देखिन्छन् । **प्रजातन्त्र र शान्ति** शीर्षकको एकाङ्की नाटकमा विध्वंशात्मक वातावरणको चित्रण गरिएको छ भने **अपूरो प्रेमालाप**मा शान्त वातावरणको चित्रण गरिएको छ । यसबाट **छहरा**का नाटकमा पाइने वातावरणीय विविध रुपलाई बुझ्न सकिन्छ ।

### ५.६.५ उद्देश्य

नाटकले दर्शक एवम् पाठकका लागि प्रक्षेपण गरेको केन्द्रीय प्रभाव नै उद्देश्य हो । नाटककारले आफ्नो दृष्टिकोण, जीवन जगतप्रतिको हेराइलाई पात्रमार्फत दर्शक वा पाठकका लागि पस्केको हुन्छ । उद्देश्यलाई विचारका रुपमा प्रस्तुत गर्दै केशवप्रसाद उपाध्यायले **साहित्य प्रकाश**मा भनेका छन् नाटककारले रागात्मक प्रभावका साथै दर्शकका बौद्धिक प्रभाव पनि पार्न खोजेको हुन्छ र यही बौद्धिक प्रभाव उत्पन्न गर्न नाटकीय चरित्रहरुको माध्यमबाट व्यक्त गरिने जीवन सम्बन्धी दर्शन वा दृष्टिकोण नै विचार तत्त्व हो (उपाध्याय, २०५९ : ७९) । यसबाट के बुझिन्छ भने नाटकले संवहन गरेको मूल कथ्यलाई उद्देश्य भनिन्छ । **छहरा**भित्रका नाट्य रचनाका उद्देश्य शान्त, समुन्नत समाजको निर्माण, समतामूलक, सुसंस्कृत समाजको निर्माण गर्ने रहेको देखिन्छ । प्रजातन्त्रका नाममा लादिएको छाडावाद, उद्दण्डताको विरोध, शान्तिको खोजी, एकसरो लाउन नपाएर एक छाक खान नपाएर सडकमा नै मर्नुपर्ने सामाजिक स्थितिप्रतिको असन्तुष्टि समतामूलक समाज निर्माणको अपेक्षा, सस्तो र प्रचारमुखी प्रेमको विरोध अर्थात् वासनायुक्त प्रेमप्रतिको असहमति र प्रेम शुद्धताको अपेक्षा नै **छहरा**भित्रका नाटकको उद्देश्य रहेको स्पष्ट बुझ्न सकिन्छ ।

### ५.६.६ भाषा शैली

प्रकट रुपमा कुनै पनि विचार या भाव अभिव्यक्ति गर्ने एउटा सबल माध्यम भाषा नै हो । साहित्य त्यसै अभिव्यक्तिको एउटा कलापूर्ण उद्देश्यपूर्ण र प्रभावपूर्ण साध्य हो (थापा, २०६६ : ९१) । नाटकभित्रको भाषा, सरल छोटो एवम् मीठो हुन आवश्यक हुन्छ । **छहरा**का नाटकमा प्रयोग गरिएको भाषा अधिकांशतः सरल, सुबोध, छोटो र मीठो नै रहेको छ । बौद्धिक भाषाको प्रयोगले केही जटिलता उत्पन्न गरे तापनि **छहरा**मा यसको उपस्थिति निकै न्यून रहेको पाइन्छ । स्थानीयस्तरको अर्थात् स्थानीय बोलीचालीको भाषा **छहरा**मा प्रभावपूर्ण रुपमा प्रयुक्त छ भन्न सकिन्छ । यस किसिमको भाषिक स्थितिको उदाहरणका रुपमा १५ अङ्कमा **भोको सडक** शीर्षकमा रहेको नाटकमा रामे र श्यामेले बोलेका संवादलाई लिन सकिन्छ । जस्तैः ए................

श्यामे ........................ ओ .... श्यामे ! ......... चाऱ्यो ......... चाऱ्यो, ए बड्डा ! भोटे कुकुरले चाऱ्यो गानी ! (लामिछाने, श्रेष्ठ, २०५९ : १४५) । शैली लेखाइको ढङ्ग हो । **छहरा**का नाटकमा पनि शैलीको फरक फरक रुप देख्न सकिन्छ । प्रस्तुत पत्रिकामा छापिएका नाटकमा मिश्रित प्रकृतिको शैली रहेको देखिन्छ । कुनै रचनामा सरल शैली रहेको पाइन्छ भने कुनै रचनामा अलङ्कार पनि रहेको पाइन्छ ।

## ५.७ विषयवस्तुगत प्रवृत्तिका आधारमा 'छहरा'मा प्रकाशित आख्यानेतर गद्यको विश्लेषण

**छहरा**भित्र कथा र नाटक इतरका गद्य रचनाहरुको उल्लेख्य सहभागिता देखिन्छ । गैह्र आख्यानिक गद्य रुपका रचनाहरु निबन्ध, पत्र, संस्मरणले **छहरा**को साहित्यिक उचाइ अझ बढाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । यिनै रचनाहरुभित्र पहिचानिएका मुख्य विषयवस्तुगत प्रवृत्तिलाई यस खण्डमा चर्चा गरिनु सान्दर्भिक हुने देखिन्छ ।

### ५.७.१ देशभक्तिपूर्ण भावनाको प्रस्तुति

**छहरा**भित्रका गद्य रचनाहरुमा देखिने एक प्रमुख विषयवस्तुगत प्रवृत्ति देश प्रेम तथा प्रकृति प्रेम हो । गद्य रुपका सबै रचनाहरुमा यस प्रकारको विषयवस्तुगत प्रवृत्ति पाउन सकिन्छ । पुर्खाको वीरताको वर्णन, प्राकृतिक सुन्दरताको बखान, आफ्नोपन, भाषाभेष भुल्नेहरुप्रतिको आक्रोश र आग्रह, देश र प्रकृतिको मानवीकरण, नेपाली जाति, नेपाली भाषा, धर्म, संस्कृति, वेशभुषाप्रतिको गर्व यस किसिमका रचनाले अभिव्यञ्जित गरेका छन् । यस खालका केही प्रतिनिधि रचनाहरुका रुपमा अङ्क ३ मा रहेको दामोदर अलमस्तिको **नेपाली टोपी** शीर्षकको निबन्ध, अङ्क ५ मा रहेको नित्यानन्द शर्माको **नेपालको छोरा** शीर्षकको पत्र, अङ्क ८ को गञ्जबहादुर एम.सी.को **राष्ट्र र राष्ट्रियता** शीर्षकको निबन्ध, त्यस्तै ११ अङ्कमा रहेको दीपा के.सी.को **पहिरो** शीर्षकको निबन्धलाई लिन सकिन्छ । यी बाहेक अन्य रचनाकारका रचनाहरु पनि यस्तै विषयवस्तुगत प्रवृत्तिका देख्न सकिन्छ ।

आफ्नो मौलिक पहिचानमा गर्व गर्ने गद्य रचनाहरुले **छहरा**को साहित्यिक मूल्यलाई अझ बढाएका छन् । नेपाली वीरहरुको गौरवपूर्ण इतिहास, रहनसहन, यहाँका प्राकृतिक छटाको उपस्थिति सबै सन्दर्भहरु निकै भावपूर्ण भएर **छहरा**मा प्रस्तुत भएका पाइन्छन् । उदाहरणका रुपमा अङ्क ८ बाट गञ्ज बहादुर एम.सी.को **राष्ट्र र राष्ट्रियता** शीर्षकको निबन्धका केही अंश साभार गर्न सकिन्छ । जस्तै : यस राष्ट्रियतामा बहादुर पुर्खाहरुको सुस्केरा छ, हरेक पाखा पखेराहरुमा फुल्ने रङ्गीचङ्गी फूलहरुको अनुपम महक छ...... (एम.सी., २०३९ : ४०) । प्रस्तुत गद्यांशबाट नै राष्ट्रियता, अपनत्त्व, नेपाली हुनुमा गरिएको गौरवबोध अनि प्रकृतिको अपार सुन्दरताको बारेमा बुझ्न सकिन्छ । आज हामी पुर्खाको गौरव जोगाउन सक्षम छौँ/छैनौँ, सहिदको वलिदानीलाई बुझ्छौँ/बुझ्दैनौँ, कर्मयोद्धाको कर्मलाई सम्मान गर्छौँ/गर्दैनौँ तर यी र यस्ता थुप्रै योगदान नै हामीलाई बचाउने जीवन स्रोत नै बनेका छन् । यस्तै भावको सम्प्रेषण माथिका पङ्क्तिमा भएको पाउन सकिन्छ । प्राकृतिक स्रोत साधन, प्राकृतिक विराट उपस्थिति नै हाम्रा लागि अनुपम छ भन्ने

सन्दर्भ नै माथिका गद्यांशमा सन्दर्भित भएका छन् । यस्तै भावलाई उजागर गर्ने अर्को रचनाका रुपमा नित्यानन्द शर्माको अङ्क ५ मा **नेपालको छोरा** शीर्षकको पत्रलाई पनि लिन सकिन्छ । उक्त पत्रबाट केही अंश उदाहरणको रुपमा पेश गर्दा यहाँ रोग छैन, शोक छैन, भोक छैन, कठिन परिश्रमको मीठो गास छ, यहाँ शान्ति छ, शिवको बास छ, मलाई यही ठाउँ प्यारो छ निरु । यही ठाउँ जहाँ म जन्मिएँ, मेरा पूर्खाहरु जन्मिएका थिए (शर्मा, २०३६ : १२) । यस पंक्तिमा बाह्य प्रभावबाट ग्रस्त भएकाहरुलाई उम्कन र आफूलाई यहीँ रम्न र रमाउन दिन आग्रह गरिएको छ । पूर्वजको गौरवपूर्ण गाथासँगै उनीहरुको वीरताले आर्जेको यस पुण्य भूमिमा बाँच्नुलाई लेखकले भाग्य सम्झेझैं देखिन्छ । रोग, भोक आदिबाट मुक्त मातृभूमिलाई लेखकले प्राकृतिक औषधालयका रुपमा प्रस्तुत गरेको पाइन्छ । श्रम गर्ने श्रमका पूजारीहरुको पूजास्थलका रुपमा पनि आफ्नो देशलाई लेखकले देखाउन खोजेको देखिन्छ । जहाँ रहँदा बताससँगै बहने शान्तिले हर नेपालीलाई बाँच्ने प्रेरणा दिएको सन्दर्भ यहाँ अभिव्यक्त भएको छ । यस्तै विषयवस्तुगत सन्दर्भले **छहरा**भित्र स्वदेशी भावलाई प्रखर रुपमा प्रस्तुत गरेका छन् ।

नेपाली वेशभूषालाई नेपालीको सान नेपालीको मानका रुपमा प्रस्तुत गरिएका गद्य रचनाहरु पनि **छहरा**का विभिन्न अङ्कहरुमा देख्न सकिन्छ । नेपाल र नेपालीको पहिचान जसले नेपालीलाई नेपालीका रुपमा चिनाउँछ त्यस्तो अद्भूत पहिरन नै हाम्रो टोपी हो भन्दै भनिएको छ यो नेपालको सम्मान र गौरवको प्रतीक हो, जसले नेपालीलाई विश्वको सामु टड्कारै चिनाउँछ । हिमालयको सेतो हिउँ सूर्यका किरण पर्दा टल्किएर झल्झलाए जस्तै यो टोपी लाउँदैमा शिर झल्कन थाल्दछ, गर्वका साथ सबैको सामु ठाडो शिर बनाइ राख्दछ (अलमस्ती, २०३३ : २८) । नेपाली हुनुको नाताले नेपाली पोशाकअन्तर्गतको शिरको टोपीलाई प्रस्तुत वाक्यमा महत्त्वका साथ वर्णन गरिएको छ । वादशाहहरुले शिरमा पहिरने ताज भन्दा पनि अझ गौरवको प्रतीकका रुपमा प्रस्तुत गर्दै विश्वसामु नेपालीको पहिचान स्थापित गराउने अभूतपूर्व पोशाक हो भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको छ । नेपालीलाई नेपाली हुनुमा यसै पोशाकले पनि गर्वको महसुस गराउँछ भन्दै हामी र हाम्रो सान र मान बढाएको छ भनिएको छ । हिमाल झैं उच्च शिर बनाइराख्ने टोपीलाई नेपाल र नेपालीको जीवन्त अस्तित्त्वका रुपमा प्रस्तुत गरिएर स्वदेशी भावाभिव्यक्तिको उच्चतम नमूना पेश गरिएको छ ।

## ५.७.२ नैतिक मूल्य संरक्षणको आग्रह

विषयवस्तुगत प्रवृत्तिका रुपमा **छहरा**भित्र नैतिक आग्रह पनि रहेको पाइन्छ । नैतिक रुपमा पतन हुँदै गएको युग, समाज, मानव सबैलाई पतन हुन नदिई सत्मार्गतर्फ अभिमुख गराउने उद्देश्य यस किसिमका रचनाले लिएको देखिन्छ । **छहरा**भित्रका थुप्रै रचनाहरुमा यस किसिमको विषयवस्तुगत प्रवृत्ति रहेको पाइन्छ । नैतिकताको पाठ सिक्दै समृद्ध समुन्नत, सभ्य, भव्य समाज निर्माणको अपेक्षा यस खालका रचनाले गरेका छन् । नैतिक आग्रह गरिएका गद्य रचनाहरुको भीडबाट केही प्रतिनिधि रचनाहरु उल्लेख गर्दा अर्चना पाण्डेको **आमा** निबन्ध अङ्क १३, राजेन्द्र कुमार पाण्डे 'सागर'को अङ्क ११ मा रहेको **आवश्यकता** शीर्षकको निबन्ध, अङ्क २ मा गंगामणि आचार्यको **शिक्षा नै विकासको मूल हो** शीर्षकको निबन्ध, त्यस्तै अङ्क १० मा रहेको ध्रुवराज

अर्यालको **धर्म** शीर्षकको निबन्ध, अङ्क १० कै **आमा नै देशको मेरुदण्ड हो** शीर्षकको निबन्ध, अङ्क ९ मा रहेको नित्यानन्द शर्माको **अन्तर्द्वन्द्व** शीर्षकको निबन्ध, अनि अङ्क १० को मदन कुमार पौडेलको **अनुशासन** शीर्षकको निबन्धलाई लिन सकिन्छ ।

नैतिक रुपमा विपन्न रहेर आजैको आर्थिक सम्पन्नतालाई खिल्ली उडाउने गद्य रचनाहरु **छहरा**का अङ्क-अङ्कमा रहेका छन् । नैतिक रुपमा सम्पन्न हुन सके युगौं युग बाँच्न सकिने कुरा यस्ताखालका रचनाहरुमा अभिव्यञ्जित भएको पाइन्छ । नैतिक साँध सीमालाई कहिल्यै भुल्न नहुने सन्देशको प्रक्षेपण यी रचनाहरुले गरेका छन् । सीमा रहन्छ शिला हर चिजको सीमा ! नाङ्गो आँखाले संसार हेर्न चाहे अवश्य नाङ्गो देखिन्छ तर वास्तवमा संसार नाङ्गो छैन यहाँ सीमा छ पग पगमा । सीमा नाघ्नुमा सभ्यता होइन सीमाभित्र सभ्यता हुन्छ (शर्मा, २०४३ : ८८) । नवौं अङ्कमा नित्यानन्द शर्माले लेखेको **अन्तर्द्वन्द्व** शीर्षकको निबन्धका प्रस्तुत अंशमा नैतिक रुपमा पतित हुनै आँटेकी शिलालाई सभ्यताको वास्तविक पहिचान नैतिक रुपमा सबल र सफल हुनेहरुसँग मात्र हुन्छ भनिएको छ । संसारलाई बुझ्न सांसारिक सभ्यता संस्कृतिलाई जोगाइराख्न नैतिक साँध सीमाभित्र रहनु पर्दछ, स्वच्छन्द भएर हामी नाङ्गिनु हुँदैन । संसारलाई हेर्ने आँखा नै सभ्य, शालीन, सुसंस्कृत हुनु पर्दछ र मात्र संसार समुन्नत देखिन्छ र बनाउन सकिन्छ । उच्छृङ्खल हेराइले कदापि हामी सभ्यता देख्न सक्तैनौं भन्ने भावलाई माथिका गद्यांशमा अभिव्यक्त गरिएको पाइन्छ ।

हाम्रो समाज, सामाजिक मूल्य, मान्यता, हाम्रा काम, कर्तव्य र अधिकारले नै हामीलाई सुसंस्कृत बनाउने ध्येय राखेका हुन्छन् । जब हामी ती सबैप्रति गैह्र जिम्मेवार हुन्छौं अथवा हामीमा जिम्मेवारीबोध हुँदैन तब हामी सामाजिक ठहर्दैनौं । हामी असामाजिक अव्यावहारिक हुन्छौं र समाज नै दुर्घटित हुने अवस्थाको सिर्जना हुन्छ । प्राकृतिक अवयव त आफ्ना दायित्त्वप्रति उत्तरदायी छन् भने हामी किन दायित्त्व निर्वहणमा कञ्जुस बन्ने ? यस किसिमका भावको सशक्त अभिव्यक्ति यस कोटीका रचनाहरुमा गरिएको छ । मदन कुमार पौडेलले १०औं अङ्कका लागि लेखेको **अनुशासन** शीर्षकको निबन्धका केही अंश यहाँ सान्दर्भिक हुने देखिन्छ प्रकृतिले समेत आफ्ना अङ्ग अङ्गलाई नियममा बाँधेको पाउँछौं, जसअनुसार आगोको काम पोल्नु र बल्नु हो, हावाको उड्नु हो, पानीको भिजाउनु र बग्नु हो । मनुष्य पनि प्रकृतिको एक अङ्ग भएकाले उसले आफ्नो जीवन अनुशासन पथमा लगाउन रिस, राग, द्वैष, अहङ्कार, आलस्य र उन्मादलाई तिलाञ्जली दिनु पर्छ । अनि मात्र उसले जीवनको पथमा स्वयम् आफू र अरुलाई समेत केही गर्न सक्छ (पौडेल, २०४४ : ५६) । यहाँ प्रस्तुत गरिएका वाक्यहरुमा मानिस मानिस भई रहनका लागि उसभित्रका कुतत्त्वको त्याग र सुतत्त्वको ग्रहणमा जोड दिइएको छ । जबसम्म मानिस रिस, राग, द्वैष, अहङ्कार, आलस्य र उन्मादबाट मुक्त हुन सक्दैन तबसम्म ऊ असामाजिक नै रहन्छ, अव्यावहारिक नै रहन्छ, असभ्य नै रहन्छ, सुसंस्कृत हुन सक्दैन भन्न खोजिएको छ । स्वयम् आफ्नै लागि र अरुका लागि पनि केही गर्न चाहने मान्छे ती सबै-सबै कुभावनाबाट टाढा रहनु पर्दछ तबमात्र समाज सुसंस्कृत मानव सभ्य हुन सक्छ भन्ने नैतिक आग्रह माथि उल्लिखित गद्यांशमा पाइन्छ । यस किसिमका भावहरु प्रस्तुत गरिएका रचना **छहरा**मा धेरै भेटिन्छन् । यस्तै

उदाहरणका रुपमा अर्को एक गद्य रचनाका अंश साभार गर्नुपर्दा अङ्क ११ मा राजेन्द्र कुमार पाण्डे 'सागर'को **आवश्यकता** शीर्षकको निबन्धका यी अंशलाई लिन सकिन्छ । जस्तै : वास्तवमा मानिस शरीररुपी खोस्टोको मात्र नाम नभएर यो त एउटा नैतिकताले बनेको हृदयदेखि मन मस्तिष्कसम्म भएको राम्रो कुरालाई स्वीकार्ने नराम्रो कुरालाई त्याग्न सक्ने चेतनशील प्राणी हो ( पाण्डे 'सागर', २०४६ : ७५) । प्रस्तुत गद्यांशबाट नै मानिस नैतिक प्राणी हो भनी प्रष्ट्याउन खोजिएको छ । सकारात्मक, नकारात्मक, उचित, अनुचित पहिचान गरी सकारात्मक मार्गतर्फ आफै र अरुलाई लाग्न प्रेरित गर्न सक्नुपर्छ । प्रकृति प्रदत्त चेतनालाई अझ परिस्कृत र परिमार्जित गर्दै मानवीय सुगम पथको निर्माण गर्न सक्ने प्राणी हो मानव भन्ने कुरा माथिका वाक्यहरुमा प्रस्तुत गरिएको छ ।

## ५.७.३ प्रणयाभिव्यक्ति

प्रणयाभिव्यक्तिलाई पनि **छहरा**का गद्यमा प्रस्तुत विषयवस्तुगत प्रवृत्तिका रुपमा लिन सकिन्छ । गद्य रुपमा निबन्ध, संस्मरण, पत्र जस्ता रचनाहरुमा प्रेमका उद्‌गारहरु पाउन सकिन्छ । प्रायः प्रेम वियोगका सन्दर्भ यस किसिमका रचनाहरुमा अभिव्यञ्जित भएको पाइन्छ । प्रेम वियोगमा आहत बनेका घायल हृदयका पीडापूर्ण सुसेलीहरु यस खालका रचनाहरुमा सुन्न सकिन्छ । प्रेमका सुन्दर बस्ती डढाएर जानेहरुप्रतिको गुनासाले **छहरा**का गद्यहरूमा उल्लेख्य उपस्थिति जनाएको देखिन्छ । यही विषयवस्तुगत प्रवृत्तिका प्रतिनिधि केही रचनाका रुपमा अङ्क ६ मा नित्यानन्द शर्माले लेखेको **स्मृतिका पाना** शीर्षकको पत्र, त्यस्तै अङ्क ७ मा नित्यानन्द शर्माले नै लेखेको **धोका** शीर्षकको पत्र, अनि **स्मृति विस्मृति** शीर्षकको अङ्क १५ को नवीन किशोर रत्नको पत्र, सोही अङ्ककै थमन जि.एम.को **चोखो प्रेम** शीर्षकको संस्मरण, १५ अङ्ककै बसन्त योगी 'अभागी'को **त्यो दिन** शीर्षकको संस्मरणलाई लिन सकिन्छ ।

मनका रहरहरुमा खिया लागेपछि प्रितिका सुन्दर बिहानहरु ग्रहणको चपेटामा परेर अँध्यारिएपछिका कहालीहरुलाई **छहरा**का गद्य रचनाले आफ्नो प्रस्तुतिमा समेटेको पाइन्छ । यस्तै प्रेम वियोगका मर्मान्त प्रस्तुतिले **छहरा**का विभिन्न अङ्कहरुलाई सुस्वाद्य बनाएका छन् । प्रेमलाई मुख्य विषयवस्तु बनाएर लेखिएको नवीन किशोर रत्नको १५ अङ्कमा रहेको **स्मृति/विस्मृति** शीर्षकको पत्रका केही अंश उदाहरणका रुपमा पेश गर्न सकिन्छ । जस्तै : झल्कन्छन् आँखाभरि सँगै बसेका खुशीका रमाइला ती दिनहरु र सहन नसकी सम्झनामा चुहाइरहेछु हरेक पल पल प्रितका रसिला थोपाहरु, मायाका उपहारहरु अनि चाहनाका अनमोल प्राप्तिहरु र विगतका अमूल्य यादहरु, आस्थाको पातमा शीत तप्किए झैं तप्प तप्प (रत्न, २०५९ : ८१) । झझल्कोमा आइरहने मन मस्तिष्कमा छाइरहने निष्ठुरीकै यादमा पल प्रतिपल जलिरहने आत्माका तड्पन र जलनहरुलाई माथिका पत्रांशमा अभिव्यक्त गरिएको छ । उसकै याद र उसकै झझल्को आँखाबाट तप्कने आँशु बनेको सन्दर्भ प्रस्तुत पत्रका अंशमा अभिव्यञ्जित गरिएको छ । सुन्दर संसारको सपना देखाएर टाढिनेहरुप्रतिका गुनासो यस कोटीका गद्यमा पाउन सकिन्छ । आश्वासनको खेती गर्नेहरु प्रेमलाई विकृत तुल्याउँछन्, धोका दिएर कसैको जीवनलाई नै बरबाद गरिदिन्छन् । झूठो प्रेमको पासोमा फस्नेहरु प्रेम पीडाका कहाली भोग्दै मरेतुल्य भएर जीउन विवश हुन्छन् भन्ने

भावको सम्प्रेषण यस्ता गद्य रचनामा गरिएको छ । यस्तै भाव सम्प्रेषण गर्ने रचनाको उदाहरणका रुपमा ७औं अङ्कका लागि नित्यानन्द शर्माले लेखेको **धोका** शीर्षकको पत्रभित्रका केही अंशलाई लिन सकिन्छ । जस्तै : मान्छे काट्नु पर्दैन रेणु, काट्नु पर्दैन हत्यारा बन्नका लागि, धोका नै ठूलो हत्या हो मानवको लागि (शर्मा, २०३८ : ५८) । प्रेमको नाटक गरेर चटक्क भूलेर जानु हत्या सरह नै हो । कसैलाई काट्नु मात्र हत्या होइन धोका दिनु नै हत्या गरे झैं हो भन्ने भाव माथिको पत्रांशमा अभिव्यक्त भएको छ । कसैसँग मन मुटु साटिए पछि उसैसँग रमाउने सपना बुनेका प्रेमी मनहरुले वियोग सहँदाका अत्यास र निष्ठुरीको यादले निम्त्याएको आँधीबेहरीको झोक्का **छहरा**का अन्य अङ्कका अन्य रचनाहरुमा महसुस गर्न सकिन्छ ।

## ५.८ शिल्प संरचनाका आधारमा 'छहरा'मा प्रकाशित आख्यानेतर गद्य रचनाको विश्लेषण

गद्यरुपमा रहेका निबन्ध, पत्र, संस्मरण भित्रको शैल्पिक पक्ष के कस्तो छ ? विधागत संरचना यी रचनाहरुमा सबल दुर्बल के कस्तो छ ? यही कुराको खोजी यस खण्डमा गरिनु सान्दर्भिक हुने देखिन्छ । विधागत तत्त्वका आधारमा रचनाहरुको विश्लेषण यहाँ गरिन्छ । विधागत अवयवको परिपालना प्रकाशित रचनाहरुले गरेका छन् या छैनन् सो को खोजी यहाँ आवश्यकीय देखिन्छ । निबन्धको शैल्पिक संरचनाका कसीमा राखेर अन्य गद्य रचनाहरुको अध्ययन गर्दा सुगम हुने हुँदा यहाँ निबन्धको शिल्प पक्ष नै प्रबल देखिन्छ ।

### ५.८.१ विषयवस्तु

विषयवस्तु गद्य (निबन्ध)को अत्यावश्यकीय तत्त्व हो । विषयवस्तुलाई वस्तु तत्त्वका रुपमा प्रस्तुत गर्दै केशव प्रसाद उपाध्यायले साहित्य प्रकाशमा वस्तु तत्त्व निबन्धको प्राण हो भनेका छन् (उपाध्याय, २०५९ : ७१) । प्रस्तुत भनाइले पनि निबन्धका लागि वस्तु तत्त्वको महत्त्वमाथि विशेष जोड दिएको देखिन्छ । विषयवस्तुका सन्दर्भमा **छहरा**मा रहेका गद्य रचनाहरुको चर्चा गर्दा विविध विषयवस्तुको उठान र प्रस्तुति देख्न सकिन्छ । विषयवस्तुको प्रस्तुतिका क्रममा **छहरा**का गद्यहरुमा कतै भाव तत्त्व प्रबल देखिन्छ भने कतै बुद्धि तत्त्व प्रबल देखिन्छ । जे होस् विविध सामाजिक, राजनीतिक, शैक्षिक, धार्मिक, नैतिक तथा स्वदेशप्रेमी विषयवस्तुको प्रस्तुतिले **छहरा**का गद्य रचनाहरु रोचक बनेका छन् । अधिकांशतः **छहरा**मा गद्य रचनाहरुले स्वदेशप्रतिको मोहलाई मूल विषयवस्तुको रुपमा अबलम्बन गरेको देखिन्छ । त्यस अतिरिक्त नैतिक आग्रह गरिएका गद्य रचनाहरु पनि बाक्लै रहेका छन् । त्यसो त जनचासोका कुरा पनि अत्यन्तै भावमय रुपमा **छहरा**का गद्य रचनाका विषयवस्तु बनेको पाइन्छ । समसामयिक विषय सन्दर्भको प्रस्तुतिले **छहरा**का गद्यहरुको मूल्य अझ बढाएको देखिन्छ । विकृति र विसङ्गतिले आक्रान्त पार्दै गएको कुरा पनि विषय सन्दर्भ वा विषयवस्तुका रुपमा **छहरा**का गद्य रचनामा अभिव्यञ्जित भएको पाइन्छ । समसामयिक विषय सन्दर्भलाई विषयवस्तुका रुपमा प्रस्तुत गरी लेखिएका रचनाहरुभित्रबाट उदाहरणका रुपमा १५औं अङ्कमा नवीन विभासले लेखेको **सपनाको याम-सम्झनाको ऐनामा हेर्दा** शीर्षकको निबन्धलाई लिन सकिन्छ । २०५२ देखि २०६२ बीचको युद्ध र त्यसका चरम चपेटामा परेकाहरुका अन्तर्मनका भावहरु प्रस्तुत निबन्धमा अभिव्यञ्जित भएका

छन् । जस्तैः यतिबेला रोइरहेछ कर्फ्यूको रातमा रात पनि । निदाएको स्वाङ पार्दा पार्दै निदाएझैं छ घोराही । तर भित्तामा झुण्ड्याइएको मेरो भित्ते घडीको सुई भने एकतमासले हिडिरहेछ-न रात, न दिन, न झरी, न घाम ! हेर्छु अनि आश्चर्यमा परेर सोच्छु-किन रोकेन कर्फ्यूको रातले किन छेकेन संकटकालले (विभास, २०५९ : १३६) । बिग्रिएको शान्ति सुरक्षा, कर्फ्यूको समय, सङ्कटकालको आतङ्क यी सबैमा पिल्सिएर बाँच्न विवश सर्वसाधारणका अप्ठ्याराहरुलाई माथिका गद्यांशमा प्रस्तुत गरिएको छ । मानवीय रहरहरु, मानव स्वतन्त्रतालाई कैद गर्न खोजिएका विषयसन्दर्भ माथिका गद्यांशमा अभिव्यञ्जित भएको पाइन्छ । युद्धको केन्द्र मानिने राप्ती क्षेत्र र त्यसकै केन्द्र घोराहीमा रहेको म पात्रका अनुभूतिहरुको एक स्पष्ट रुप यहाँ देख्न सकिन्छ ।

## ५.८.२ उद्देश्य

बिना उद्देश्यको निबन्ध निरर्थक प्रलाप मात्र हो । निबन्ध कलाको मूल उद्देश्य अल्प समयमा कुनै पनि विषयको परिचय दिनु हो (उपाध्याय, २०५९ः ७२) । प्रस्तुत भनाइले निबन्धको सार्थकतामा उद्देश्यलाई महत्त्व दिएको पाइन्छ । यसै कोणबाट **छहरा**मा प्रकाशित गद्य रचनाको चर्चा गर्दा प्रायः सबै सबै रचनाहरुले विशिष्ट उद्देश्य लिएको देखिन्छ । जसले यस किसिमका सिर्जनालाई सार्थक तुल्याएका छन् भन्न सकिन्छ । देशप्रेमी भावको सञ्चार, नैतिक मार्गको खोजी, विकृति र विसङ्गतिको अन्त्य, सभ्य, सुसंस्कृत समाजको निर्माणको उद्देश्य **छहरा**का गद्य रचनाले लिएको देखिन्छ । त्यसैगरी प्रेमका सुन्दर संसारको निर्माण पनि **छहरा**का गद्य रचनाको उद्देश्यका रुपमा रहेको पाइन्छ । विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै हास्य सिर्जनाको उद्देश्य सहितको गद्यको उदाहरणका रुपमा १५औं अङ्कमा उदय जिएमले लेखेको **तातो पिडालु** शीर्षकको निबन्धका केही अंश यहाँ साभार गर्दा उचित हुनेछ । जस्तैः "बा को सारा सम्पत्ति यसैमा सकिएका हुनाले यो बा को छाला जस्तो पनि लाग्छ । आमाको सारा दुःख यसैमा हुनाले यो आमाको छाला जस्तो पनि लाग्छ । मेरो आधा उमेर यसैमा लागेको हुनाले त्यो 'प्रमाणपत्र' मेरै छाला हो कि जस्तो पनि लाग्छ । पेटमा हाल्न नहुने, लाज ओत्ने ठाउँ टाल्न पनि नहुने, च्यात्न नहुने, फाल्न नहुने, आगोमा बाल्न नहुने । यसैका पछि लाग्दा केही काम जानिएन । त्यत्रो पैसा खन्याएर पनि 'प्रमाणपत्र'ले यो जिन्दगी धानिएन । यसो भएपछि यो 'प्रमाणपत्र' तातो पिडालु निल्नु न ओकल्नु भएन त हजूर ? कि कसो ? (जि.एम., २०५९ : १४१) । शैक्षिक वेरोजगारीको सन्दर्भ उठाएर बेरोजगार भई भौतारिदाका दुःखलाई प्रस्तुत गद्यांशले स्पष्ट पारेको देखिन्छ । यसबाट पनि **छहरा**मा रहेका गद्य रचनाका उद्देश्यका बारेमा बुझ्न अझ बढी सहयोग मिल्दछ ।

## ५.८.३ भाषा शैली

साहित्यका सबै विधामा भाषा र शैली उत्तिकै महत्त्वपूर्ण तत्त्वका रुपमा रहेका छन् । अभिव्यक्तिका लागि भाषा अनिवार्य मानिन्छ । निबन्धको भाषा सरल, सुबोध, सुस्पष्ट हुनुपर्ने कुरामा विद्वानहरुले जोड दिएका छन् । **स्नातकोत्तर नेपाली निबन्ध**मा राजेन्द्र सुवेदीले भाषाका सन्दर्भमा भनेका छन् : भाषाले उच्च अभिव्यक्ति र सौन्दर्य प्रवहन गर्ने क्षमता आर्जन गर्न सक्नु पर्दछ (सुवेदी, २०६३ः १०) । भाषा शैलीको कोणबाट **छहरा**का गद्य रचनाहरुको चर्चा गर्दा उचित

किसिमको भाषिक प्रयुक्ति त्यहाँ देख्न सकिन्छ । कतिपय रचनामा भाषा शैलीको निकै राम्रो प्रबन्धन गरेको देखिन्छ भने कतिपय रचनाभित्रको भाषा शैलीगत प्रयुक्ति त्यति सबल देखिदैन । यद्यपि काव्यात्मक भाषा विषयवस्तुको भावपूर्ण प्रस्तुति, शैलीगत सुबोधता, सुस्पष्टता र सरलताले गर्दा यस्ता रचनाहरुको साहित्यिक मूल्य र योगदान उच्च रहेको छ । विषयवस्तुको गम्भीर प्रस्तुति, शब्द र वाक्यगत लघुता नितान्त अनौपचारिक प्रस्तुति पनि **छहरा**का गद्य रचनाका भाषा शैलीगत वैशिष्ठ्य हुन् भन्न सकिन्छ । **छहरा**भित्रका गद्य रचनाहरुको भाषा शैलीगत प्रयुक्तिलाई बुझ्न १६औं अङ्कमा पूर्णबहादुर बस्नेतले **ख्याल ख्यालमै रङ्गिएका जीवनका रङ** शीर्षकमा लेखेको संस्मरणका केही अंश यहाँ साभार गर्न सकिन्छ । जस्तैः खै त्यो बेलाको अति मधुरो जस्तो लाग्ने तिख्खर क्षणहरु अहिले पनि मन मस्तिष्कबाट बिलाउन सक्दैनन् । जन्मस्थान मानपुर ४ लहलौरामा खेलेका, लडेका र रोएका क्षणहरु अहिले पनि एउटा मीठो धुनमा गुञ्जिरहन्छन् । ती क्षणहरु सम्झदा धेरैबेर त्यही अमराइको रुख मुन्तिर रहन मन लाग्छ । बिरामी भएर मानपुर बजार बाले ल्याउँदा बाले बोकिरहे हुन्थ्यो जस्तो लाग्छ । 'पहिले सुई लगाउने कि जल्फी (जेरी) खाने कान्छा ?' भनेर सोध्दा जेरी नै भन्न मन लाग्छ (बस्नेत, २०६० : ३८) । प्रस्तुत उदाहरणबाट **छहरा**मा प्रकाशित गद्य रचनाको भाषा शैलीका बारेमा सजिलै बुझ्न सकिन्छ ।

## ५.९ नेपाली साहित्यमा 'छहरा' पत्रिकाको योगदान

नेपाली साहित्यलाई समृद्धिको मार्गतर्फ अग्रसर हुनाका लागि विभिन्न पत्रिकाहरु अत्यन्तै सहयोगी शिद्ध भएको देखिन्छ । भारतीय भूमिबाट नेपाली पत्रिकाको प्रकाशन आरम्भ भएको पाइन्छ । देशभित्रै राजधानीबाट प्रकाशित भएका पत्रिकाहरुसँगै मोफसलका पत्रिकाहरुले पनि नेपाली साहित्यको विकासका लागि महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । **विप्लव, सन्देश, ज्योत्स्ना, मानसप्रभा, पराग, अन्तर्ध्वनि, गोचाली, गङ्गा, हाम्रो चिनो**लगायतका पत्रिकाहरुले कोरेको दाङको पत्रिका प्रकाशनको मार्गमा **छहरा** पनि देखियो । २०३० सालमा दाङको महेन्द्र क्याम्पसको विद्यार्थी परिषद्को प्रकाशनमा प्रकाशित **छहरा** साहित्यिक योगदानका दृष्टिले एक महत्त्वपूर्ण पत्रिकाका रुपमा रहेको पाइन्छ ।

प्रकाशनका झण्डै चार दशकको समयावधि पार गरि सकेको **छहरा** पत्रिकालाई नेपाली साहित्यको उन्नयनमा राप्ती क्षेत्रको एक महत्त्वपूर्ण प्राप्तिका रुपमा लिनुपर्ने देखिन्छ । साहित्यका प्रायजसो विधाका रचनाहरु प्रकाशित भएको **छहरा**लाई विधागत विविधताका दृष्टिले महत्त्वपूर्ण पत्रिका मान्न सकिन्छ । दाङ र त्यसको सेरोफेरोबाट अध्ययनार्थ महेन्द्र क्याम्पसमा आउने विद्यार्थीहरुलाई **छहरा**ले सिर्जना कर्मका लागि अवसर प्रदान गरेको देखिन्छ । राष्ट्रियस्तरका श्रष्टाहरुका रचनाहरु पनि यसमा प्रकाशित भएका पाइन्छन् भने सिर्जनायात्राका आरम्भमा यसमा देखिएका कतिपय श्रष्टाहरुले राष्ट्रियस्तरमा समेत आफूलाई स्थापित गरेको पाइन्छ । यसमा प्रकाशित भएका कतिपय रचनाहरु साहित्यिक महत्त्वका दृष्टिले उच्च कोटीका रहेका देखिन्छन् । यस्ता रचनाहरुलाई समग्र नेपाली साहित्यकै महत्त्वपूर्ण प्राप्तिका रुपमा लिन सकिन्छ । पञ्चायती शासनको वर्वरताका बीचमा प्रकाशन हुनु, त्यस क्षेत्रका कतिपय लुप्त रहेका सर्जकहरुलाई बाहिर ल्याउनुलाई पनि **छहरा**को योगदान मान्न सकिन्छ । खुलारुपमा साहित्यिक गतिविधि गर्न नपाएकाहरुका लागि **छहरा** सिर्जना प्रकाशनको सही माध्यम बनेको देखिन्छ ।

विधागत योगदानका सन्दर्भमा सङ्ख्यात्मक, विषयवस्तु तथा प्रवृत्ति र शील्प संरचनाका आधारमा **छहरा** पत्रिकाले कविता विधामा उल्लेख्य योगदान पुऱ्याएको देखिन्छ । त्यसो त कथा, नाटक, निबन्ध, पत्र, संस्मरण जस्ता रचनाका माध्यमबाट पनि **छहरा**ले पुऱ्याएको योगदानलाई महत्त्वपूर्ण मान्नुपर्ने देखिन्छ । यिनै कारणहरुले गर्दा नेपाली साहित्यमा **छहरा** पत्रिकाको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

## ५.१० निष्कर्ष

गद्य रचनाहरुले संवहन गरेको विषयवस्तुगत प्रवृत्तिका कसीमा राखेर **छहरा**का सम्पूर्ण अङ्कहरुको अध्ययन गर्दा के बुझिन्छ भने विभिन्न विधाका विभिन्न रचनाहरुमा फरक फरक एवम् साझा प्रवृत्ति रहेको पाइन्छ । विधागत सैद्धान्तिक स्वरुपमा सबल देखिने रचनाहरुले **छहरा**को साहित्यिक महत्त्व बढाएका छन् । त्यसो त विषयवस्तु तथा प्रवृत्तिका रुपमा **छहरा**मा कथातर्फ यथार्थको अभिव्यञ्जना, आर्थिक, सामाजिक, राजनीतिक जीवनका विकृति र विसङ्गतिको प्रस्तुति, प्रेमका विविध पक्षको उद्घाटन आदि प्रमुख देखिन्छन् । नाटकभित्र विकृति र विसङ्गति नै प्रवल रुपमा विषयवस्तु तथा प्रवृत्तिका रुपमा आएको पाइन्छ । आख्यानेतर गद्य रचनाहरुले पनि विषयवस्तु तथा प्रवृत्तिका रुपमा प्रेम प्रणय, स्वदेश प्रेम र नैतिक मूल्यलाई उठाएको देखिन्छ । यी र यस्ता प्रबृत्तिका गद्य रचनाहरुले **छहरा**लाई नेपाली साहित्यको उत्थानमा अग्रसर हुन निकै टेवा पुऱ्याएका छन् । विविध विषय सन्दर्भले गर्दा **छहरा**को गद्य फाँट उर्वर एवम् समृद्ध रहेको देखिन्छ । त्यसैगरी विधागत शिल्प संरचनाका दृष्टिले गद्य रचनाहरुको अध्ययन गर्दा प्रचलित विधागत मान्यतामा प्रस्तुत पत्रिकाभित्रका गद्य रचना सबल रहेका पाइन्छन् । विशेषः कथा विधाको व्यापकता देखिने **छहरा**मा त्यस इतरका विधाका रचनाहरु पनि शैल्पिक एवम् विषय वस्तुगत रुपमा उत्तिकै बान्किला देखिन्छन् । कहीँ कतै विधागत विभाजन र पहिचानमा बिचलन देखिए पनि तिनको साहित्यिक मूल्यमा कुनै बिचलन र कमी महसुस हुँदैन । सत्र अङ्कभित्रबाट उल्लेख्य गद्य रचनाका रुपमा कथातर्फ सोह्रौं अङ्कको स्वयम्बर हाड, गाउँ अब गाउँ रहेन, बन्द खाम, सातौं अङ्कको पश्चाताप, बाह्रौं अङ्कको क्रान्तिवीर, चौधौं अङ्कको भावना र सङ्घर्ष जस्ता रचनालाई लिन सकिन्छ । नाटकतर्फ सोह्रौं अङ्कको प्रजातन्त्र र शान्ति शीर्षकको एकाङ्की(नाटक) समग्र **छहरा**कै महत्त्वपूर्ण प्राप्तिका रुपमा रहेको देखिन्छ । आख्यानेतर गद्यमा अङ्क आठको राष्ट्र र राष्ट्रियता, अङ्क तीनको नेपाली टोपी, अङ्क पाँचको नेपालको छोरा, एघारौं अङ्कको आवश्यकता, अङ्क पन्ध्रको स्मृति/विस्मृति, सपनाको याम सम्झनाको ऐनामा हेर्दा, तातो पिडालु आदि उल्लेख्य रचनाका रुपमा रहेका छन् । कथा, निबन्ध, पत्र, संस्मरण, समीक्षा/समालोचना, नाटक यिनै विविध रुप रङ्गमा रहेका गद्य सामग्रीहरुले **छहरा**लाई साहित्यिक रुपमा सुपुष्ट बनाउन निकै नै महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् जसले गर्दा **छहरा**को साहित्यिक योगदान अझ महत्त्वपूर्ण रहेको छ ।

# परिच्छेद-छ
# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

दाङको पत्रिका प्रकाशनले डेढ दशक भन्दा बढी समय पार गरिसकेपछि राप्ती अञ्चलकै बौद्धिक केन्द्र घोराहीको महेन्द्र क्याम्पसबाट पनि **छहरा** नामक पत्रिका प्रकाशित हुन थाल्यो । क्याम्पसको वार्षिक मुखपत्रका रुपमा २०३० सालदेखि प्रकाशन आरम्भ भएको प्रस्तुत पत्रिकाका २०६५ सालसम्म आइपुग्दा जम्मा १७ अङ्क प्रकाशित भइसकेका छन् । त्रिभुवन विश्वविद्यालयबाट आङ्गिक सम्बन्धन प्राप्त राप्ती अञ्चलकै पहिलो र एक मात्र उक्त क्याम्पसबाट प्रकाशित प्रस्तुत पत्रिका दाङको मात्र नभई समग्र राप्ती अञ्चलकै साहित्यिक महत्त्वका दृष्टिले एक उत्कृष्ट पत्रिका मानिन्छ । प्रकाशनका झण्डै चार दशक बिताएको प्रस्तुत पत्रिकाभित्र साहित्यका विभिन्न विधालाई स्थान दिइएको देखिन्छ । विधागत र परिमाणात्मक दृष्टिले कम वेशी भए पनि यसमा प्रकाशित सामग्रीको परिमाणात्मक मूल्य उत्तिकै देखिन्छ । पञ्चायती व्यवस्थामा पत्रिका प्रकाशन र त्यसको निरन्तरता एक चुनौतिपूर्ण काम मानिन्थ्यो । विभिन्न कालखण्डमा प्रकाशित भएका यस्ता थुप्रै पत्रिकाहरु प्रकाशित सामग्रीका कारणले बन्द भएका छन् । शासकीय चपेटाबाट जोगिदै प्रकाशनलाई निरन्तरता दिनु आफैमा कम चुनौतिपूर्ण थिएन । शासकका आँखा छल्दै युगानुकूल सामग्री पाठकका लागि लिएर आउनुलाई पनि महत्त्वपूर्ण उपलब्धि नै मान्न सकिन्छ । यी र यस्ता थुप्रै सन्दर्भले **छहरा**लाई एक साहित्यिक मूल्यको महत्त्वपूर्ण पत्रिका मान्नुपर्ने देखिन्छ ।

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोध परिचय राखिएको छ । यस अध्यायको सुरुमा विषय परिचय प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्यका समस्या के-के हुन् तिनलाई राखिएको छ, जसमा मूलतः तीन समस्या रहेका छन् । शोधकार्यको उद्देश्यमा माथि उल्लेखित समस्या बमोजिमका उद्देश्य राखिएको छ । **छहरा** पत्रिकाका बारेमा दाङको साहित्यिक पत्रकारिता र पत्रिकाका बारेमा विभिन्न व्यक्तिहरुले लेखेका विभिन्न लेख तथा समीक्षात्मक टिप्पणीलाई पूर्वकार्यको समीक्षाका रुपमा प्रस्तुत गरिएको छ । तत् पश्चात् अध्ययनको औचित्य, अध्ययनको सीमा, सामग्री सङ्कलन विधि, सैद्धान्ति ढाँचा र शोधविधि र अन्त्यमा शोधपत्रको रुपरेखा राखिएको छ ।

दोस्रो अध्याय दाङका साहित्यिक पत्रपत्रिकाको सर्वेक्षण शीर्षकको रहेको छ । यस अध्यायभित्र दाङमा साहित्यिक पत्रिका प्रकाशनको परम्परा र चरण विभाजन उपशीर्षक दिएर दाङका साहित्यिक पत्रिकाको ऐतिहासिक सर्वेक्षण गरिएको छ । दाङको पत्रिका प्रकाशनले २०६८ सालसम्म आइपुग्दा विभिन्न घुम्ती र मोड पार गरिसकेको छ । नेपाली भाषाका अतिरिक्त अन्य विभिन्न भाषाका पत्रिकाहरु समेत गरी पाँच दर्जन बढी पत्रिकाले दाङको साहित्यिक विकासमा

योगदान पुऱ्याएको देखिन्छ । दाङमा शैक्षिक संस्थाहरुबाट, साहित्यिक संस्था वा समूहबाट र व्यक्तिगत रुपमै पनि पत्रिका प्रकाशित हुने गरेको देखिन्छ । सस्थागत रुपमा प्रकाशित भएका पत्रिकाहरु नै प्रकाशनको निरन्तरतामा रहेका पाइन्छन् । पत्रिका प्रकाशनले झण्डै छ दशक समयावधि पार गर्दै गर्दा प्रकाशनले सुगम पथ पहिल्याएको पाइन्छ । यद्यपि अझै केही कठिनाइ र चुनौती रहेको तथ्यलाई नकार्न सकिदैन । यिनै सजिला र अप्ठ्याराका बीच प्रकाशित भएका दाङका साहित्यिक पत्रिकाहरुको सङ्क्षिप्त ऐतिहासिक सर्वेक्षणबाट दाङका साहित्यिक पत्रिकाले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानलाई बुझ्न सकिन्छ । पत्रिका प्रकाशनको केही पृष्ठभूमि, पत्रिका प्रकाशनका उद्देश्य, प्रकाशन, सम्पादनका बारेको जानकारीले दाङका साहित्यिक पत्रिकाका बारेमा स्पष्ट हुन सघाउ पुऱ्याउने देखिन्छ । विभिन्न कालखण्डमा विभिन्न उद्देश्यले प्रकाशित भएका विभिन्न पत्रिकाहरुले दाङको साहित्यलाई माथि उठाउन विशेष महत्त्वपूर्ण भूमिका निर्वाह गरेका देखिन्छ । **विप्लव, सन्देश, ज्योत्स्ना, मानसप्रभा, अन्तर्ध्वनि, गोचाली, छहरा, राप्तीदूत, राप्ती सन्देश, खलिहान**लगायतका साहित्यिक पत्रिकाले दाङको साहित्यिक विकासमा खेलेको भूमिका भूल्न सकिदैन ।

**छहरा** पत्रिकाका सत्र अङ्कमा प्रकाशित रचनाहरुको कालक्रमिक सूचीलाई तेस्रो अध्यायमा राखिएको छ । यस अध्यायमा प्रकाशित रचनाहरुलाई क्रमशः कविता, गीत, गजल, मुक्तक, हाइकु, कथा, निबन्ध, पत्र, संस्मरण, नाटक, समीक्षा/समालोचना र अन्य लेखलाई प्रस्तुत गरिएको छ ।

चौथो अध्यायमा **छहरा**मा प्रकाशित भएका पद्य रचनाहरुबाट प्रतिनिधि रचना छनौट गरी विषयवस्तु तथा प्रवृत्तिका आधारमा र शील्प संरचनाका आधारमा विश्लेषण गरिएको छ । सामाजिक कुरीति र अन्धविश्वासलाई फाली विकासको मूल बाटोतर्फ लाग्न आह्वान गर्दै प्रकाशित भएको **छहरा**मा प्रकाशित सामग्रीमा पद्य रचनाको आधिक्य पाइन्छ । कविता, गीत, गजल, मुक्तक, हाइकु जस्ता रचना प्रकाशित सामग्रीको पद्य भेद अन्तर्गत पर्दछन् । पद्य रचनाहरुमा पनि कविता सबैभन्दा धेरै रहेको देखिन्छ । सङ्ख्यात्मक रुपमा धेर थोर रहे पनि विषयवस्तुगत प्रभावकारितामा भने सबै रचना उत्तिकै प्रभावकारी देखिन्छन् । विविध विषयवस्तुगत प्रवृत्तिलाई **छहरा**भित्रका पद्य रचनाले प्रस्तुत गरेका छन् । देशप्रेम, विकृति विसङ्गतिको प्रस्तुति, परिवर्तनको अपेक्षा, प्रेम पुकार आदि विषयवस्तुगत प्रवृत्तिका रुपमा **छहरा**का पद्य रचनामा रहेको पाइन्छ । यस्तै विषयवस्तुगत सन्दर्भलाई अत्यन्तै प्रभावकारी एवम् सशक्त रुपमा प्रस्तुत गरिएका पद्यमय अभिव्यक्तिले **छहरा**को साहित्यिक मूल्य बढाएका छन् । शिल्प संरचनागत प्रवृत्तिका आधारमा **छहरा**का पद्य रचनालाई हेर्दा कवितामा जे जति सचेतता देखिन्छ त्यस इतरका गजल, मुक्तक, हाइकुमा देखिदैन । आंशिक शिल्पगत विचलनले कहीँ कतै विधागत पहिचानमा पनि बिचलन देखिन्छ । परम्परित शास्त्रीय छन्द ढाँचामा लेखिएका कवितासँगै गद्य कविताले पनि कवितात्मक शिल्प संरचनालाई अबलम्बन गरेको पाइन्छ । गजल, मुक्तक, हाइकु जस्ता रचनामा भने शैल्पिक बिचलन देखिन्छ । यद्यपि भाव सम्प्रेषणका दृष्टिले यी

रचनाहरु सशक्त नै देखिन्छन् । विधागत तत्त्वको परिपालनामा प्रायः पद्य रचना सफल नै रहेका पाइन्छन् ।

पाँचौं अध्यायभित्र गद्य रुपमा **छहरा**मा प्रकाशित भएका कथा, नाटक र आख्यानेतर गद्यको विश्लेषण गरिएको छ । विषयवस्तु तथा प्रवृत्तिका आधारमा र शील्प संरचनाका आधारमा नै प्रतिनिधि रचनाहरुको विश्लेषण गरिएको छ । संख्यात्मक रुपमा **छहरा** पत्रिकामा पद्य रचनाभन्दा गद्य रचना आधा भन्दा कम रहे तापनि साहित्यिक मूल्य, अभिव्यक्तिगत प्रभावकारितामा भने उत्तिकै सशक्त रहेको पाइन्छ । गद्य रचनाहरुमा कथाकै बहुलता देखिन्छ । स्पष्ट रुपमा कथाको स्पष्ट पहिचान सहितका ११२ रचना **छहरा**का १७ अङ्कका अध्ययनमा भेटिन्छन् । यथार्थको अभिव्यक्ति, विकृति, विसङ्गतिको चित्रण, प्रेमाभिव्यक्ति आदिलाई मूल विषयवस्तु बनाएर लेखिएका **छहरा**का कथा शिल्प संरचनागत सचेतताले अत्यन्तै प्रभावकारी एवम् पठनीय बनेका छन् । बाह्य जगतका विविध विषयमा लेखिएका कथासँगै मानवीय अन्तर जगतका ऊहापोहलाई पनि **छहरा**का कथा भित्र प्रस्तुत गरिएको पाइन्छ । जसले गर्दा **छहरा** पत्रिकाको साहित्यिक पाटो र बाटो अझ उज्ज्वल र सुगम बनेको छ । नवआगन्तुक श्रष्टाका कथाहरुसँगै स्थापित श्रष्टाका कथाहरुले **छहरा**को आख्यान सिर्जनाको फाँटलाई हराभरा पारेका छन् । युगीन यथार्थ, जनजीवनका भोगाइ, कष्ट, विकृति र विसङ्गतिले खोक्रो पारेको समाजको स्पष्ट चित्र, प्रणयका फरक फरक रुपलाई स्पष्ट्याउने कथाहरुले **छहरा**लाई एक उत्कृष्ट पत्रिकाका रुपमा प्रस्तुत गरेका छन् ।

**छहरा**मा परिमाणात्मक रुपमा सबैभन्दा न्यून रहेको साहित्यिक विधा नाटक हो । **छहरा**का १७ अङ्कमध्ये १४, १५ र १६ अङ्कमा मात्र नाटकको उपस्थिति देखिन्छ । यी तीन अङ्कमा नाटक र एकाङ्की गरी जम्मा पाँच नाट्य रचना प्रकाशित भएका छन् । विषयवस्तुको गहन प्रस्तुति, भाव सम्प्रेषण, शिल्प सचेतताले गर्दा परिमाणात्मक न्यूनतालाई परिपूर्ति गरेको देखिन्छ । वर्तमान युग जीवनमा देखिएका र जनमानसले बेहोर्दै आएका जटिलता, विकृति, विसङ्गति, मानवताको लिलाम, बुद्धत्त्व र शान्तिलाई हिंसासँग सौदा गर्ने परिपाटीको जीवन्त प्रस्तुतिले **छहरा**का नाटक अत्यन्तै प्रभावकारी देखिन्छन् । मानवीय स्वतन्त्रतालाई बन्धकीमा राखेर आणविक हतियारतर्फ उन्मुख भएको आजको युगको चित्र **छहरा**का नाटकमा देख्न सकिन्छ । यिनै युगीन विषयवस्तु सन्दर्भको जीवन्त प्रस्तुतिले **छहरा**को साहित्यिक योगदानलाई अझ उच्च बनाएको पाइन्छ ।

**छहरा**का गद्य रचनाहरुमा कथा पछि सङ्ख्यात्मक अधिक उपस्थिति आख्यानेतर गद्य रचना अन्तर्गत रहेका निबन्ध, पत्र, संस्मरणलाई पनि साहित्यिक मूल्यका दृष्टिले अध्ययन गर्दा कम ठान्न सकिदैन । अभिव्यक्तिगत प्रभावकारिता, विषयवस्तुगत प्रस्तुति, भाव सम्प्रेषणमा सशक्तता, शैल्पिक सचेतता यी विविध कोणबाट हेर्दा आख्यानेतर गद्यले **छहरा**को साहित्यिक मूल्यलाई निकै नै बढाएका देखिन्छन् । नैतिक आग्रह, सामाजिक, राजनीतिक, आर्थिक विकृति र विसङ्गतिको प्रस्तुति, देशप्रेमी भावनाको अभिव्यक्ति यस्ता रचनामा मूल कथ्य एवम् विषयवस्तुगत प्रवृत्तिका रुपमा रहेका छन् । विकृति र विसङ्गतिको नाङ्गो रुपलाई व्यङ्ग्य गर्दै हास्य सिर्जना गर्ने निबन्ध रचनाहरुले **छहरा**को पठनमा अझ रोचकता प्रदान गरेका छन् ।

भोगाइका विविध रुप रङ्गलाई संस्मरणात्मक लेखहरुमा कलात्मक रुपमा प्रस्तुत गरिएको पाइन्छ । आख्यानेतर गद्य अन्तर्गत नै रहेका पत्र रचनाहरुमा प्रणयका बान्कीहरु देख्न सकिन्छ । यस्ता विविध खालका गद्य रचनाहरुले **छहरा**लाई एक सबल साहित्यिक पत्रिका बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

शोधपत्रको अन्तिम अध्यायका रुपमा रहेको छैटौं अध्यायलाई उपसंहार तथा निष्कर्ष शीर्षक दिइएको छ । प्रस्तुत शोधपत्रको अध्यायगत कार्यको समीक्षा र **छहरा** पत्रिकाका प्राप्ति र सीमालाई औंल्याइएको छ ।

**छहरा** पत्रिकाले दाङको पत्रिका प्रकाशनमा परिवर्तनकामी मोड निर्माण गर्न नसके तापनि दङ्गाली पत्रिकाहरुमध्ये साहित्यिक मूल्यका दृष्टिले एक महत्त्वपूर्ण पत्रिका भने अवश्य हो । यस पत्रिकाले कैयौँ त्यस्ता लुप्त रहेका प्रतिभाहरुलाई बाहिर ल्यायो भने कतिपय स्थापित श्रष्टाका उत्कृष्ट रचनाहरुलाई पाठक समक्ष प्रस्तुत गऱ्यो । दाङका साहित्यिक पत्रिकाहरुमध्ये केही थोरै पत्रिकाहरु मात्र प्रकाशनको निरन्तरतामा रहेका पाइन्छन् । प्रायः पत्रिकाहरु १/२ अङ्क प्रकाशित हुँदै बन्द भएका देखिन्छन् । प्रकाशनमा लामो आयु प्राप्त गर्ने पत्रिकाका रुपमा **छहरा** पनि रहेको पाइन्छ । प्रस्तुत पत्रिकाभित्र प्रकाशित सामग्री विधागत विविधता, शिल्पगत सचेतता आदिले एक महत्त्वपूर्ण साहित्यिक पत्रिका बन्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् भन्न सकिन्छ । साहित्यका प्रायः विधाहरुको उपस्थिति, राष्ट्रिय एवम् स्थानीय श्रष्टाका सिर्जनाहरुले **छहरा**लाई सबल साहित्यिक पत्रिका बनाउन खेलेको भूमिका विशेष महत्त्वपूर्ण रहेको छ । प्रकाशित सामग्रीको परिमाणात्मक र परिणामात्मक प्राप्ति उच्च रहेको छ । प्रकाशनको निरन्तरतामा बिचलन देखिए तापनि हालसम्म पनि पत्रिकाको प्रकाशन पूर्ण रुपमा अबरुद्ध भएको छैन । निरन्तर प्रकाशन गर्नु र यसको साहित्यिक मूल्यलाई ह्रास हुनबाट बचाउनु आजको पुस्ताका लागि चुनौति नै रहेको छ ।

## ६.२ निष्कर्ष

झण्डै चार दशकदेखि साहित्यका विभिन्न विधा पाठक समक्ष प्रस्तुत गर्दै आएको **छहरा** पत्रिकाको साहित्यिक योगदान अत्यन्तै उच्च एवम् महत्त्वपूर्ण रहेको छ । **छहरा**को साहित्यिक योगदानसहित प्रस्तुत अध्ययनको समग्र निष्कर्षलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. छ दशक जति लामो दाङको पत्रिका प्रकाशनको कालावधिलाई तीन चरणमा बाँड्न सकिन्छ जस अनुसार पहिलो चरण सन् १९५५ देखि २०२३, दोस्रो चरण २०२४ देखि २०३४ र तेस्रो चरण २०३५- हालसम्म रहेको छ ।

२. पञ्चायती बर्बरताका बीचमा २०३० बाट प्रकाशित **छहरा** पत्रिका दाङको साहित्यिक पत्रिकाको काल विभाजनमा दोस्रो चरणको महत्त्वपूर्ण प्राप्ति हो ।

३. त्रिभुवन विश्वविद्यालयबाट आङ्गिक सम्बन्धन प्राप्त राप्ती अञ्चलकै उच्च शिक्षा आर्जन गर्ने एक मात्र शैक्षिक संस्था महेन्द्र क्याम्पसको वार्षिक मुखपत्र **छहरा**लाई दाङको मात्र नभई समग्र राप्तीकै महत्त्वपूर्ण साहित्यिक पत्रिकाका रूपमा लिन सकिन्छ ।

४. हालसम्म १७ अङ्क प्रकाशित भईसकेको **छहरा**मा साहित्यको पद्य भेद अन्तर्गतका कविता, गीत, गजल, मुक्तक, हाइकुजस्ता रचनाहरू प्रकाशित भएका छन् भने गद्य भेद अन्तर्गतका कथा, निबन्ध, पत्र, संस्मरण, नाटक, समीक्षाजस्ता रचनाहरू प्रकाशित भएका छन् ।

५. सङ्ख्यात्मक रूपमा विधागत प्राप्तिलाई हेर्दा पद्य तर्फ कविता ६७१, गीत २०, गजल ४३, मुक्तक २९, हाइकु ७ रहेका छन् भने गद्य तर्फका कथा ११२, निबन्ध २४, पत्र १४, समीक्षा ८, संस्मरण ७ र नाटक ५ रहेका छन् ।

६. विषयगत गहनता र शिल्पगत सचेतताका दृष्टिले हेर्दा **छहरा**मा प्रकाशित रचना मध्यम स्तरका रहेका छन् । यस कोणबाट कविता सबैभन्दा अगाडि देखिन्छ भने त्यसपछि कथालाई लिनुपर्ने देखिन्छ । सङ्ख्यात्मक रूपमा न्यून रहेर विषयवस्तुको प्रस्तुतिका दृष्टिले नाटक पनि अत्यन्तै सशक्त रहेको देखिन्छ ।

७. विधागत प्राप्तिलाई हेर्दा कविता विधालाई **छहरा**को प्रमुख प्राप्तिका रुपमा लिन सकिन्छ । काव्यात्मक मूल्य, विषयगत गहनता र शील्प सचेतता यी कोणहरुबाट हेर्दा कविता सशक्त रहेको पाइन्छ ।

८. **छहरा**मा प्रकाशित रचनाहरुमध्येबाट उल्लेख्य रचनाका रुपमा कवितातर्फ जुम्रा, केही टुक्रा, आस्थाको धरोहर, नेपाली म, देशको निम्ति बाँचौं, आफ्नै बादलसँग, अन्तर्वार्ता र एक जीवन रहेका छन् भने कथातर्फ पश्चाताप, बन्द खाम, स्वयम्बर हाङ, गाउँ अब गाउँ रहेन, नेपाली मऱ्यो, सङ्घर्षलाई लिन सकिन्छ । त्यसैगरी राष्ट्र र राष्ट्रियता, नेपाली टोपी, स्मृति/विस्मृति, सपनाको याम सम्झनाको ऐनामा हेर्दा, तातो पिडालु आख्यानेतर गद्यतर्फका महत्वपूर्ण प्राप्ति हुन् । प्रजातन्त्र र शान्ति शीर्षकको एकाङ्की (नाटक)लाई **छहरा** पत्रिकाको महत्वपूर्ण प्राप्तिका रुपमा लिनु पर्ने देखिन्छ ।

९. यी र यस्ता राम्रा पक्षहरू हुँदाहुँदै पनि **छहरा**मा नयाँ पुराना सबै खालका स्रष्टालाई समेट्नु पर्ने भएकाले कमजोर शिल्पका रचनाहरू विधा नै नखुट्टिएका रचनाहरूका कारण केही कमीको महसुस हुन्छ ।

१०. साहित्यिक पत्रिका हुँदाहुँदै **छहरा** भित्र साहित्य इतरका राजनैतिक वैचारिक, दार्शनिक सामग्रीहरू पनि प्रकाशित भएका पाइन्छन् । यो पनि प्रस्तुत पत्रिकाको सीमाका रूपमा रहेको देखिन्छ ।

११. वार्षिक मुखपत्र भनिए तापनि प्रस्तुत पत्रिकाका प्रकाशनका ३५ वर्ष बितिसक्दा जम्मा १७ अङ्क मात्र प्रकाशित भएका छन् । प्रकाशनको सिलसिला खण्डित हुनुलाई पनि यसको सीमाका रूपमा लिनुपर्ने देखिन्छ ।

माथि उल्लिखित बुँदाहरूका आधारमा **छहरा** पत्रिकाले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको निचोड निकाल्न सकिन्छ ।

# सन्दर्भसामग्री सूची

## पुस्तक सूची


उपाध्याय, केशव प्रसाद. २०५९. **साहित्य प्रकाश**. छैठौं संस्क., ललितपुर : साझा प्रकाशन ।

थापा, मोहन हिमांशु. २०६६. **साहित्य परिचय**. पाँचौं संस्क., ललितपुर :साझा प्रकाशन ।

पौडेल, गोपीन्द्र. २०६५. **कथाको सौन्दर्यशास्त्र**. काठमाडौं : उर्मिला पौडेल, मैतीदेवी ।

बराल, कृष्णहरि. र नेत्र एटम. २०६६. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास.** तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्र प्रसाद. २०६०. **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, पद्म प्रसाद. २०६०. **राप्ती साहित्य परिषदको इतिहास.** दाङ : राप्ती साहित्य परिषद ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा. २०६४. **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**. नवौं संस्क., ललितपुर : साझा प्रकाशन ।

सुवेदी, केशव. २०५३. रापतीका कविता : पृष्ठभूमि र परम्परा, **मध्यपश्चिमका कविता.**काठमाडौँ : मध्यपश्चिमाञ्चल साहित्य परिषद ।

सुवेदी, राजेन्द्र. २०६३. **स्नातकोत्तर नेपाली निबन्ध**.पाँचौं संस्क., काठमाडौँ : पाठ्य सामग्री ।

त्रिपाठी, वासुदेव. र अन्य. २०६५. **नेपाली कविता भाग ४.** पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन ।


## पत्रपत्रिका सूची


उदासी, टीकाराम. २०५९. 'छहरा भित्रका नारी स्रष्टाहरू'. **छहरा**, (१५ : १५), पृ. १०१–१०४ ।

______________२०६६. 'राप्तीको साहित्यिक पत्रकारिता : स्थिति र चुनौति'. **राप्ती दूत**. दाङ : राप्ती साहित्य परिषद, ( ३२ : ९), पृ.४१ ।

______________२०६७. 'छहरामा मगरहरू खोज्दै जाँदा'. **राप्ती समाचार**, (२५ : २५), पृ.४ ।

जी. एम.,उदय. २०६१. 'दाङ जिल्लामा पत्रकारिताको इतिहास'. **चौथो अङ्ग**. दाङ : नेपाल पत्रकार महासङ्घ दाङ शाखा, ( ४ : ४), पृ. ८–१८ ।

यात्री, अनजान. २०५३. 'इतिहासदेखि वर्तमानसम्म एक अन्वेषण'. **छहरा**, (१२ : १२), पृ. ७१–७२ ।

**छहरा**, वर्ष १ अङ्क १ देखि वर्ष २१ अङ्क १७ सम्मका सम्पूर्ण अङ्कहरू ।

**अन्तर्वार्ता**


कोपिला, छविलाल. २०६८. दाङ ।

डी.सी.,कृष्णराज. २०६९. काठमाडौँ ।

धिताल, तोयानाथ. २०६८. दाङ ।

प्रदीप, रामप्रसाद. २०६८. काठमाडौँ ।

शर्मा, नारायण प्रसाद. २०६८. काठमाडौँ ।

शर्मा, नित्यानन्द. २०६८. दाङ ।